# रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर, चितवनको
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**

**बोधराज पोखरेल**

शैक्षिक सत्र २०६५-२०६७
त्रि.वि. दर्ता नं. २८७११-९२
क्याम्पस रोल नं. ६४/०६५

**नेपाली विभाग**

वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन
वि.सं. २०६९/सन् २०१२

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र बोधराज पोखरेलले **रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६९/०५/१४

**भवनाथ सडौला**
सहप्राध्यापक
त्रिभुवन विश्वविद्यालय
**वीरेन्द्र बहुमुखी क्याम्पस**
**नेपाली विभाग**
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

**रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु सहप्राध्यापक भवनाथ सडौलाज्यूको निर्देशनमा तयार पारेको हुँ । समयको अति व्यस्तता हुँदाहुँदै पनि समय निकालेर शोधपत्र तयार पर्ने क्रममा आवश्यक सामग्री उपलब्ध गराउनुका साथै अत्यन्त शिष्टतापूर्वक आवश्यक सुझाव, सल्लाह र समुचित निर्देशन दिएर मलाई आत्मबल प्रदान गर्दै शोधकार्यमा उत्प्रेरित गर्नुहुने आदरणीय गुरुप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो शोधप्रस्तावलाई विभागीय स्वीकृति प्रदान गरी बेलाबेलामा आवश्यक सल्लाह एवं सुझाव प्रदान गर्नुहुने विभागीय प्रमुख एवं मेरा आदरणीय गुरु प्राध्यापक डा. नारायणप्रसाद खनालज्यूप्रति आभारी छु । यो शोधपत्र तयार पार्ने सन्दर्भमा आवश्यक सुझाव र सल्लाह दिई प्रेरणा प्रदान गर्नुहुने नेपाली विभागका आदरणीय गुरुहरू उपप्राध्यापक विष्णुप्रसाद सापकोटा, उपप्राध्यापक मुरलीधर घिमिरेज्यू लगायत विभागका सम्पूर्ण गुरुहरूप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनकार्यका लागि सामग्री उपलब्ध गराई विभिन्न जानकारी प्रदान गर्नुहुने शोधनायक साहित्यकार रेशम विरही तथा उहाँकी श्रीमती लक्ष्मीदेवी घिमिरेज्यूप्रति पनि आभार प्रकट गर्नु मेरो कर्तव्य ठान्दछु ।

यो शोधपत्र तयारीका क्रममा विभिन्न कोणबाट सहयोग प्रदान गर्ने शहीद स्मृति बहुमुखी क्याम्पस, रत्ननगरका सहप्राध्यापक लक्ष्मणप्रसाद अर्यालज्यू तथा मैयाँदेवी कन्या कलेजमा प्राध्यापन गर्नुहुने बहिनी ज्ञानु अधिकारीलाई पनि मैले सम्झेको छु ।

मेरो जीवनको यस मोडसम्म ल्याइपुऱ्याउनु हुने अनि अध्ययनको समुचित वातावरण तयार पारिदिनुहुने मेरा पूजनीय बुबा गुणकान्त पोखरेल अनि आमा कुलकुमारी पोखरेलका साथै मेरा दाजुभाइ तथा भाउजूबुहारीहरू एवं दिदीबहिनीहरूप्रति म ऋणी छु साथै पारिवारिक व्यस्त समयमा पनि मलाई शोधपत्र तयार पार्न यथेष्ट समय उपलब्ध गराई सहयोग गर्ने श्रीमती शारदा पोखरेल, छोराछोरीहरू सञ्जु, सञ्जीव र सागर पोखरेल एवं समस्त परिवारजनलाई धन्यवाद दिन चाहन्छु ।

प्रस्तुत शोधपत्र समयमै टङ्कन गरी सहयोग गर्ने कालिका कम्प्युटर सर्भिस, नारायणगढका महेश पौडेलप्रति कृतज्ञता ज्ञापन गर्दै धन्यवाद दिन चाहन्छु । अन्त्यमा यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष पेस गर्दछु ।

मिति : २०६९/०५/१४

.................................

**बोधराज पोखरेल**
नेपाली विभाग
वीरेन्द्र बहुमुखी क्याम्पस
भरतपुर, चितवन

# सङ्क्षेपीकृत शब्दहरू

| | |
|---|---|
| आइ.ए. | इन्टरमिडियट एजुकेशन |
| एमाले | एकीकृत मार्क्सवादी लेनिनवादी |
| एस.एल.सी | स्कुल लिभिङ् सर्टिफिकेट |
| अं. | अङ्क |
| के.जी. | किलोग्राम |
| चि.सा.प. | चितवन साहित्य परिषद् |
| जि.क.चि. | जिल्ला कमिटी चितवन |
| टि.भि. | टेलिभिजन |
| दो.सं. | दोस्रो संस्करण |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| नेकपा | नेपाल कम्युनिष्ट पार्टी |
| पृ. | पृष्ठ |
| प्र. | प्रकाशन |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| बि.ए. | ब्याचलर अफ एजुकेशन |
| मा.वि. | माध्यमिक विद्यालय |
| वि.सं. | विक्रम संवत् |
| वि.सं.स. | विद्यालय सञ्चालक समिति |
| सम्पा. | सम्पादन |

# विषय सूची

## परिच्छेद : एक
## शोधपरिचय


| | |
|---|---|
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | १ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ अध्ययनको औचित्य र महत्त्व | ४ |
| १.६ शोधकार्यको क्षेत्र र सीमा | ५ |
| १.७ सामग्री सङ्कलन विधि | ५ |
| १.८ शोधविधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ५ |


## परिच्छेद : दुई
## साहित्यकार रेशम विरहीको जीवनी


| | |
|---|---|
| २.१ जन्म र जन्मस्थान | ७ |
| २.२ वंश परम्परा, बाल्यकाल र उपनयन | ७ |
| २.३ शिक्षादीक्षा | ८ |
| २.४ विवाह तथा पारिवारिक स्थिति | ८ |
| २.५ आर्थिक अवस्था र आजीविका | ९ |
| २.६ कार्यक्षेत्रमा प्रवेश | १० |
| २.७ साहित्य लेखनमा प्रवेश र निरन्तरता | ११ |
| २.८ साहित्यिक मान्यता | १२ |
| २.९ सम्मान र पुरस्कार | १३ |
| २.१० सङ्घ संस्थामा आबद्धता | १३ |
| २.११ रुचि तथा स्वभाव | १४ |
| २.१२ भ्रमण | १४ |
| २.१३ दिनचर्या | १५ |
| २.१४ सुख दुःखका क्षणहरू | १५ |
| २.१५ ईश्वरप्रतिको आस्था | १६ |
| २.१६ निष्कर्ष | १७ |

## परिच्छेद : तिन
## साहित्यकार रेशम विरहीको व्यक्तित्व


३.१ पृष्ठभूमि १९
३.२ बाह्य व्यक्तित्व १९
३.३ आन्तरिक व्यक्तित्व २०
३.३.१ साहित्यिक व्यक्तित्व २०
३.३.१.१ कवि व्यक्तित्व २१
३.३.१.२ बाल साहित्यकार व्यक्तित्व २२
३.३.१.३ निबन्धकार व्यक्तित्व २२
३.३.१.४ गीतकार व्यक्तित्व २२
३.३.१.५ भूमिका लेखक व्यक्तित्व २३
३.३.२ साहित्येतर व्यक्तित्व २३
३.३.२.१ पत्रकार तथा सम्पादक व्यक्तित्व २३
३.३.२.२ राजनीतिक व्यक्तित्व २४
३.३.२.३ प्रशासनिक एवं शैक्षिक व्यक्तित्व २५
३.३.२.५ सामाजिक एवं साङ्गठनिक व्यक्तित्व २६
३.३.२.६ साहित्यकारहरूका दृष्टिमा रेशम विरही २६
३.३.४ निष्कर्ष ३०


## परिच्छेद : चार
## रेशम विरहीको कृतित्वको अध्ययन


४.१ नेपाली साहित्यमा रेशम विरहीको आगमन र लेखन यात्रा ३१
४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव ३१
४.१.२ लेखनको आरम्भ र प्रकाशनको थालनी ३१
४.१.३ रेशम विरहीको साहित्यिक यात्रा ३२
४.१.४ निष्कर्ष ३८
४.२ **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** कविता सङ्ग्रहको अध्ययन ३९
४.२.१ शीर्षक ३९
४.२.२ संरचना ४०
४.२.३ केन्द्रीय कथ्य ४१
४.२.४ विषयवस्तु ४४
४.२.५ भावविधान ४७
४.२.६ लय ४९

४.२.७ भाषाशैली ५०
४.२.८ अलङ्कार ५१
४.२.९ बिम्ब र प्रतीक ५२
४.२.१० निष्कर्ष ५३
४.३ **भित्ताको रङ** कविता सङ्ग्रहको अध्ययन ५४
४.३.१ शीर्षक ५४
४.३.२ संरचना ५४
४.३.३ केन्द्रीय कथ्य ५६
४.३.४ विषयवस्तु ६०
४.३.५ भावविधान ६३
४.३.६ लय ६४
४.३.७ भाषाशैली ६५
४.३.८ अलङ्कार प्रयोग ६६
४.३.९ बिम्ब र प्रतीक ६७
४.३.१० निष्कर्ष ६७
४.४ **मङ्गली गुप्ताको पान** कविता सङ्ग्रहको अध्ययन ६८
४.४.१ शीर्षक ६८
४.४.२ संरचना ६८
४.४.३ केन्द्रीय कथ्य ६९
४.४.४ विषयवस्तु ७२
४.४.५ भावविधान ७६
४.४.६ लय ७७
४.४.७ भाषाशैली ७७
४.४.८ अलङ्कार प्रयोग ७८
४.४.९ बिम्ब र प्रतीक ७८
४.४.१० निष्कर्ष ७९
४.५ **सुन्दरवस्ती** बालकाव्यको अध्ययन ८०
४.५.१ बालकाव्यको सैद्धान्तिक परिचय ८०
४.५.१.१ परिचय ८१
४.५.१.२ संरचना ८२
४.५.१.३ विषयवस्तु ८२
४.५.१.४ भाषाशैली ८५
४.५.१.५ छन्द, अलङ्कार ८५

४.५.१.६ चित्रको संयोजन ८६
४.५.१.७ निष्कर्ष ८६
४.६ **आधारभूत पत्रकारिता शिक्षा**को अध्ययन ८७
४.६.१ परिचय ८७
४.६.२ संरचना ८७
४.६.३ विषयवस्तु ८७
४.६.४ उपशीर्षकहरू र यिनका सामान्य चिनारी ८८
४.६.५ भाषाशैली ९०
४.६.६ निष्कर्ष ९०

## परिच्छेद पाँच
## उपसंहार

५.१ परिचय ९१
५.२ पहिलो परिच्छेदको निष्कर्ष ९१
५.३ दोस्रो परिच्छेदको निष्कर्ष ९१
५.४ तेस्रो परिच्छेदको निष्कर्ष ९२
५.५ चौँथो परिच्छेदको निष्कर्ष ९२
५.६ समग्र निष्कर्ष ९३

**सन्दर्भसामग्रीसूची**

क) प्रमुख सन्दर्भ पुस्तकसूची ९६
ख) सहायक सन्दर्भ पुस्तकसूची ९६
ग) सन्दर्भ पत्रपत्रिकासूची ९७

**परिशिष्ट खण्ड**

परिशिष्ट : एक - रेशम विरहीका फुटकर रचनाहरूको कालक्रमिक विवरण ९८
परिशिष्ट : दुई - शोधनायकको छायाचित्र ९९
परिशिष्ट : तिन - रेशम विरहीले प्राप्त गरेका सम्मानपत्रका प्रतिलिपिहरु १००

# परिच्छेद : एक
# शोधपरिचय

## परिच्छेद : दुई

# साहित्यकार रेशम विरहीको जीवनी

# परिच्छेद : तिन
# साहित्यकार रेशम विरहीको व्यक्तित्व

## परिच्छेद : चार

# रेशम विरहीको कृतित्वको अध्ययन

# परिच्छेद पाँच
# उपसंहार

# सन्दर्भसामग्रीसूची

# परिशिष्ट खण्ड

# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं. २००९ मंसिर १ गते गण्डकी अञ्चल गोरखा जिल्लाको हर्मी डाँडागोब्रे गाउँमा जन्मेका रेशम घिमिरे साहित्यका क्षेत्रमा रेशम विरहीका नामले सुपरिचित छन् । आफ्नो देश र माटोप्रतिको आस्था अनि समाजमा भएका र हुने गरेका बेथिति र विसङ्गतिहरूबाट आहत भएर साहित्य लेखनप्रति लागेका र हाल जीविकोपार्जनका क्रममा पत्रकारिता क्षेत्रमा समर्पित विरही समसामयिक नेपाली कविताका प्रगतिवादी धाराका परिचित हस्ताक्षर हुन् । किशोरावस्थादेखि नै साहित्यप्रति गहिरो अभिरुचि भएका विरहीले २०२८ सालमा वीरगन्ज कलेज अफ एजुकेशनका विद्यार्थीहरूको 'उकालो' साहित्यिक पत्रिकाको सम्पादन गरी साहित्यिक क्षेत्रमा कलम चलाउन थालेका हुन् । उनका विरहीका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका देखिन्छन् । वि.सं. २०३७ सालमा **'मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी'** विसङ्गति सङ्ग्रह नामक कविता सङ्ग्रह प्रकाशन गरी औपचारिक साहित्यिक यात्रा प्रारम्भ गरेका विरहीका हालसम्मका प्रकाशित पुस्तकाकार कृतिहरू **'भित्ताको रङ'** कविता सङ्ग्रह (२०५७) **'मङ्गली गुप्ताको पान'** कविता सङ्ग्रह (२०६०), **आधारभूत पत्रकारिता शिक्षा** पाठयक्रम (२०६०), **सुन्दरवस्ती** बालकाव्य (२०६८) छन् । यी बाहेक उनका अन्य अप्रकाशित कृतिहरू पनि देखिन्छन् । उपर्युक्त कृतिहरू र फुटकर रचनाका आधारमा हेर्दा विरही चितवन जिल्लाका अनुसन्धेय साहित्यकार हुन् । उनका बारेमा सामान्य टीकाटिप्पणी र कृतिगत रूपमा गरिएको छोटो चर्चाबाहेक जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुन सकेको देखिँदैन । त्यसैले यो शोधपत्र कवि रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन तथा विश्लेषणमा केन्द्रित रहेको छ ।

## १.२ समस्या कथन

साहित्यकार रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नै यस शोधकार्यको मुख्य समस्याका रूपमा रहेको छ । यस शोधकार्यका आधारभूत समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ :-

क)	रेशम विरहीको जीवनी के कस्तो रहेको छ ?

ख)	रेशम विरहीका व्यक्तित्वका पाटाहरू के कस्ता छन् ?

ग)	रेशम विरहीको साहित्यिक यात्रा के कसरी अघि बढेको छ ?

घ)	रेशम विरहीका रचनागत साहित्यिक कृतिहरू के कस्ता छन् र के कसरी मूल्याङ्कन गर्न सकिन्छ ?

यिनै आधारभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधकार्यमा रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

उपर्युक्त समस्यामा केन्द्रित रही रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विश्लेषण गर्नु यस शोधकार्यका उद्देश्यहरू रहेका छन् :-

क)	रेशम विरहीको जीवनीको अध्ययन गर्नु ।

ख)	रेशम विरहीका विभिन्न व्यक्तित्वका पाटाहरूको अध्ययन गर्नु ।

ग)	रेशम विरहीका साहित्यिक यात्राको अध्ययन गर्नु ।

घ)	रेशम विरहीका प्रकाशित साहित्यिक कृतिहरूको अध्ययन र मूल्याङ्कन गर्नु ।

यिनै उद्देश्य पूरा गर्नेतर्फ प्रस्तुत शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार रेशम विरहीले साहित्य र साहित्येतर गरी विविध विधामा कलम चलाए तापनि उनको विशेष योगदान नेपाली साहित्यको कविता विधामा रहेको छ । उनी र उनका कृतिका बारेमा विभिन्न विद्वान् तथा समालोचकहरूले विभिन्न पत्रपत्रिका र पुस्तकाकारका रूपमा सामान्य चर्चापरिचर्चा गरे पनि उनको जीवनी व्यक्तित्व र कृतित्वको सर्वपक्षीय अध्ययन हुन बाँकी नै रहेको देखिन्छ । अत : यहाँ उनको जीवनी, व्यक्तित्व र कृतित्व सम्बन्धमा गरिएका पूर्वकार्यहरूको प्राप्त विवरण कालक्रमिक रूपमा यस प्रकार प्रस्तुत गरिएको छ ।

क) रेशम विरहीद्वारा रचित **मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी,** आरन त्रैमासिक (२०३७) पुस्तकको *प्राक्कथन* मा अनिल सिग्देलले जीवन एउटा उँभो र उँधोको खड्केरीहरूको पैताला जस्तै हो, कारण मान्छे कहिले काहीँ पैताला झैँ चिप्लिन सक्छ कहिले दायाँ कहिले बायाँ, अनि सोही अपूर्ण तथा विसङ्गतिले आरोपित रेशमको जीवन पनि एउटा अपहेलित विसङ्गतिपूर्ण आयाम हो भनी उल्लेख गरेका छन् ।

ख) रेशम विरही, **भित्ताको रङ्,** काठमाडौं दिव्य प्रकाशन प्रा.लि. (२०५७) को पृ. क-ख, *नागरिक चिन्ताको कविता* मा श्यामलले रेशमको चिन्ता उनका राम्रा कविताहरूमा अवतरित भएको छ जहाँ हामी आफ्नो चिन्तालाई पनि देख्न सक्छौं भन्दै विर्खबहादुरको टोपी अचानक शिरबाट गायब हुनु एक सचेत संस्कृति प्रतिको चिन्ताको विषय हो, यी यस्ता चिन्ताका कवि हुन् रेशम विरही भनी चर्चा गरेका छन् ।

ग) **जनमत पत्रिका** २०५७ असोज ५ पृ. ३ यसमा *'विरहीद्वारा पोतिएको भित्ताको रङ्मा'* काठमाडौं दिव्य प्रकाशनले चर्चा गरेको छ - भित्ताको रङ् कविताहरू त्यस्तो रङ्गीन भित्ता हो, जुन भित्ता काव्यात्मक इट्टाको चोइटा र टुक्राहरूले बनेको भित्ता हो ।

घ) नारायण शर्मा गैरेले **नेपालगन्ज एक्सप्रेस** २०५८, (वर्ष २, अङ्क २८६) मा *रेशम विरही : व्यक्तित्व र कृतित्व,* समीक्षात्मक लेखमा पत्रकारको रूपमा समेत परिचित उनको विशेष पहिचान साहित्य र त्यसमा पनि कविताले नै गराउन सकेको देखिन्छ भन्दै यिनका कवितामा राष्ट्र र राष्ट्रका जनताप्रतिको माया ममता ज्यादै सशक्त रूपमा व्यक्त भएको पाइन्छ भनी उल्लेख गरेका छन् ।

ङ) प्रतिरोध कार्कीले **दिव्यदर्शन साप्ताहिक** २०६१ (जेष्ठ ९, शनिवार) मा *'मनको पानको बेचाइमा मङ्ली गुप्ताको पान,'* समीक्षात्मक लेखमा समीक्षा गरेका छन् । उनले कवि विरही गुप्ताको पान जस्तै जिन्दगीलाई कवितामा उतारेर उसको जीवनको हरपक्षलाई आफ्नो कविताको माध्यमबाट जीवनको निस्सार पक्षसित जुध्ने आँट गर्नुपर्ने तर्फ औंल्याएका छन् ।

च) वैरागी जेठाले **छलफल साप्ताहिक,** २०६१ (वर्ष २२ अङ्क ३४ जेष्ठ २४) को *मङ्ली गुप्ताको पान चपाउँदाको स्वाद,* सचित्र लेखमा मङ्ली गुप्ताको पान एउटा अबला नारीमाथि गरिएको अपराध, उसले पाएको दुःख र पीडामा रहेर रचिएको कविता हो, त्यही अनुरूप यस कविता सङ्ग्रहका माध्यमबाट अन्याय अत्याचार विरुद्धको उद्घोष हो भनी चिनाएका छन् ।

छ) परशुराम खानीगाउँलेले **रोडम्याप** दैनिक, २०६१ (वर्ष १, अङ्क ४ असार १०) पृ. ३ मा प्रकाशित *मङ्गली गुप्ताको पान चपाउँदाको स्वाद,* लेखमा जीवनभरि श्रम बजार्दै आफ्नो मुक्तिको सपना देख्ने मङ्गली गुप्ताले सम्पूर्ण मजदुरहरूलाई श्रमप्रति बफादार हुने सन्देश दिएकी छिन् भनी समीक्षा गरेका छन् ।

ज) सरोज शार्दूलले **दृष्टि** साप्ताहिक २०६१ (वर्ष २१, अङ्क ३३) मा *मङ्गली गुप्ताको पान,* शीर्षक लेखमा मङ्गली गुप्ता नेपालगन्जकै रैथाने पान पसलवाल्नी हो, करिब ५० वर्ष जतिकी कुरूपबूढी पङ्क्तिकारले त्यस्तै देखेको छ, त्यसैले विरही भन्छन् मङ्गली गुप्ता एउटा जीवन हो उसले कर्ममा मुक्तिको सपना देख्छे भनी लेखेका छन् ।

झ) **पूर्णिमा साहित्यिक** द्वैमासिक पत्रिकाका स्तम्भकारले २०६७ (वर्ष १२ अङ्क १ असार - साउन) पृ.३ मा *'अक्षर खेतीका सफल कृषक लेखमा'* यसरी चिनाएका छन् - “विरही सफल कृषक हुन् भावनाका खेतीका यिनका कवितामा राष्ट्रियता झल्किएको पाइन्छ । समाजमा विद्यमान विकृति, विसङ्गति, असमानता र शोषण, दमनका विरुद्धमा ज्यादै प्रभावकारी शैलीमा राष्ट्रको संरक्षण, समुन्नति र सुव्यवस्थाका निम्ति लगनशील भएर इमान्दारीपूर्वक जुट्नुपर्छ भन्ने विचार, पोख्छन्” ।

यस प्रकार विभिन्न विद्वान्हरूले अनेक कोणबाट टीकाटिप्पणी गरे तापनि रेशम विरहीका बारेमा समग्र अध्ययन हुन सकेको छैन । त्यसैले प्रस्तुत शोधकार्यमा उनको जीवनी, व्यक्तित्व र कृतित्वका वारेमा समग्र अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

आधुनिक नेपाली साहित्यमा विगत तीन दशक पहिलेदेखि अटुटरूपमा साहित्यमा साधनारत कवि रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा सुव्यवस्थित र विस्तृत अध्ययन अनुसन्धान गर्नु उपयुक्त देखिन्छ । उनका जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन अनुसन्धान कार्य पूर्ण हुन सकेमा कवि विरहीको प्रभाव प्रेरणा ग्रहण गरी भावी पुस्ताहरू यसबाट लाभान्वित हुन गई नेपाली साहित्यको समृद्धिमा अझ ठूलो सेवा पुग्ने हुँदा यस शोधकार्यको औचित्य निकै महत्त्वपूर्ण देखिन्छ र सो कार्य पूर्ण हुन सकेमा कवि रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्व विषयक शोधपत्रको औचित्य र महत्त्व पुष्टि हुन आउँछ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

यस शोधपत्रमा कवि रेशम विरहीको जीवनी व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ । उनका २०३७-२०६८ सम्मका प्रकाशित पुस्तकाकार कृतिहरूको मात्र अध्ययन, मूल्याङ्कन र विश्लेषण गर्नु यस शोधपत्रको क्षेत्र रहेको छ । समग्रमा उनका प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन गरिएको भएपनि कुनै एक कृति विशेषको कृतिपरक अध्ययन विश्लेषण नगर्नु, पत्रपत्रिकामा प्रकाशित फुटकर रचनाहरूको सूची मात्र दिइएको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र लेखनका क्रममा मूलतः पुस्तकालयीय अध्ययन विधिलाई अँगालेर सामग्री सङ्कलन गरिन्छ । विविध संस्था, व्यक्ति र पुस्तकालयबाट उपलब्ध पुस्तक, पत्रपत्रिका आदिको अध्ययनद्वारा यस शोधपत्रका लागि सामग्री सङ्कलन गरिएको छ । यसका लागि आवश्यक ठाउँमा विभिन्न व्यक्तिसँग र स्वयं शोधनायकसँग लिखित एवं मौखिक प्रश्नावलीद्वारा अन्तर्वार्ता लिई सामग्री सङ्कलन गरिएको छ ।

## १.८ शोधविधि

साहित्यकार रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्ने क्रममा सामग्री सङ्कलन खण्डमा उल्लेखित पद्धतिहरूबाट प्राप्त सामग्रीलाई आधार बनाई जीवनी र व्यक्तित्व पक्षको जीवनीपरक समालोचना प्रणाली र कृतित्व सम्बन्धी लेखन कार्यमा प्रभावपरक एवं मूल्याङ्कनपरक समालोचना प्रणालीअनुसार अध्ययन विश्लेषण र व्याख्या विवेचना गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सुसङ्गठित एवं सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नानुसार विभिन्न परिच्छेद उपपरिच्छेद शीर्षक, उपशीर्षक परिशिष्ट सन्दर्भ सूची आदिमा विभाजन गरिएको छ :-

**परिच्छेद एक : शोध परिचय**

यसमा रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक, शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा विषय परिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा समेत उल्लेख गरिएको छ ।

**परिच्छेद दुई : रेशम विरहीको जीवनी**

यस परिच्छेदमा रेशम विरहीको जीवनी अन्तर्गत पृष्ठभूमि, जन्म र जन्मस्थान वंशपरंम्परा, बाल्यकाल, शिक्षादीक्षा, वैवाहिक पारिवारिक स्थिति, पेसा र आर्थिक अवस्था, कार्यक्षेत्रमा प्रवेश, प्रेरणाको स्रोत, रुचि तथा स्वभाव, भ्रमण, सुखदुःखका क्षणहरू, साहित्यिक मान्यता र जीवनदर्शन, सम्मान र पुरस्कार, संघसंस्थासँगको आबद्धता र सारांश उल्लेख गरिएको छ ।

**परिच्छेद तीन : रेशम विरहीको व्यत्तित्व**

यस परिच्छेदमा रेशम विरहीको बाह्य र आन्तरिक व्यक्तित्वका विविध पाटाहरूको चर्चा गरिएको छ ।

**परिच्छेद चार : प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन**

यस परिच्छेदमा साहित्यकार विरहीको प्रकाशित पुस्तकाकार कृतिहरूको विधागत संरचनाका आधारमा अध्ययन गरिएको छ ।

**परिच्छेद पाँच : उपसंहार**

यस परिच्छेदमा अघिल्ला परिच्छेदमा चर्चा गरिएका रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनको प्रत्येक परिच्छेदको निष्कर्ष र समग्र निष्कर्ष प्रस्तुत गरिएको छ ।

अन्तमा सन्दर्भग्रन्थसूची र परिशिष्ट दिइएको छ ।

# परिच्छेद-दुई

# साहित्यकार रेशम विरहीको जीवनी

## २.१ जन्म र जन्मस्थान

साहित्यकार रेशम विरहीको जन्म वि.सं. २००९ मङ्सिर १ गते गण्डकी अञ्चल गोरखा जिल्लाको हर्मी गा.वि.स. वडा नं.८, डाँडागोब्रेमा भएको हो । उनको पिताको नाम रेवतीरमण घिमिरे र माताको नाम अम्विकादेवी घिमिरे हो । सामान्य लेखपढ गर्न जान्ने यिनै दम्पतीका पाँचौ सन्तानका रूपमा जन्मिएका साहित्यकार रेशम विरहीको न्वारनको नाम रेशमराज घिमिरे हो भने उनको साहित्यिक उपनाम 'रेशम विरही' हो । पाँच वर्षको हुँदा जन्मस्थान छोडेर मातापिताको साथमा २०१४ सालमा चितवनको गीतानगर गा.वि.स. चम्पानगरमा बसाइँ आएका विरहीले अन्य बालकहरू जस्तै धुर्सिलको पात टिपी गाई भैंसीको रूपाकृति बनाउने, चङ्गा उँडाउने र भलिवल खेलेर सानैमा आफ्नो खेल प्रतिभाको परिचय दिएको सम्झना गरेका छन् । उनका एक दिदी र पाँच दाजुभाइ मध्ये उनी काहिला भाइ हुन् ।[१]

## २.२ वंश परम्परा, बाल्यकाल र उपनयन

रेशम विरहीका पुर्खाहरू पहिले लमजुङ जिल्लामा पर्ने पुस्तुन भन्ने ठाउँबाट गोरखा जिल्लाको हर्मीमा बसाइँ सरी आएका हुन् । बसाइँ सराइका क्रममा उनी भन्दा आठौं पुस्ता अघिका पुर्खा गिरीधारी घिमिरे गोरखा आएका र तिनै गिरीधारीका दुई भाइ छोराहरू कृष्णमित्र घिमिरे र वाचस्पति घिमिरे रहेका थिए । वाचस्पति घिमिरेपट्टिको हाँगो नै रेशम विरहीको पुर्खा पट्टिको हाँगो हो । वाचस्पतिका छोरा देवीदास घिमिरे उनका छोरा चन्द्रकान्त, चन्द्रकान्तका छोरा हेमलाल रेशम विरहीका पिता रेवती रमण घिमिरेका पिता हुन् ।[२] मध्यम वर्गीय आध्यात्मिक परिवारमा जन्मेका रेशम विरहीको चूडाकर्म हिन्दु परम्पराअनुसार नौ वर्षको उमेरमा भएको थियो । यसरी आफ्ना बालसखाहरूसँग रमाइलो गर्नुका साथै माता

---

[१] शोधनायकसँग भएको मौखिक अन्तर्वार्ताअनुसार ।

[२] ऐजन ।

पिताका अगाध स्नेह र सुखपूर्ण वातावरणमा रेशम विरहीको बाल्यकालीन जीवन बितेको देखिन्छ ।

## २.३ शिक्षादीक्षा

रेशम विरहीको प्रारिम्भक शिक्षा हालको अरूणोदय उ.मा.वि. गीतानगरबाट प्रारम्भ भएको हो । त्यसपछि उनले नारायणी विद्या उ.मा.वि. शिवनगरबाट २०३१ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेका हुन् । एस.एल.सी. उत्तीर्ण गर्नासाथ जागिरे जीवनमा लागेका यिनले २०३७ सालमा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट आइ ए. परीक्षा उत्तीर्ण गरी २०४१ सालमा प्राइभेट परीक्षा दिएर त्रिभुवन विश्वविद्यालयबाट स्नातक तहसम्मको परीक्षा उत्तीर्ण गरेका यिनको औपचारिक शिक्षा यत्तिमै सीमित रहेको देखिन्छ । सानैदेखि साहित्यप्रतिको अनुराग र राजनीतिप्रति पनि झुकाव राख्ने विरही राजनैतिक तथा पारिवारिक स्थितिका कारणबाट आफ्नो शैक्षिक क्रियाकलापलाई निरन्तरता दिन नसकेको देखिन्छ ।[३]

## २.४ विवाह तथा पारिवारिक स्थिति

रेशम विरही २०३२ सालमा दाम्पत्य सूत्रमा बाँधिएका हुन् । चितवन विजयनगर निवासी श्री बलभद्र ढकाल र जमुनादेवी ढकालकी सुपुत्री लक्ष्मी देवीसँग २३ वर्षको उमेरमा उनको विवाह भएको हो । सरल, मिजास, शान्त स्वभाव, सहयोगी भावना अल्पभाषीपन र पतिपरायणा धर्म लक्ष्मीदेवी घिमिरेको स्वभावगत विशेषता हुन् । वैवाहिक जीवनको प्रारम्भदेखि अहिलेसम्म रेशम विरही र लक्ष्मी देवीको दाम्पत्य सम्बन्ध सुमधुर एवं प्रगाढ रहेको छ । यिनका एक छोरी र दुई छोरा छन् । छोरा-छोरी सवैको विवाह भैसकेर अहिले तिनका पनि सन्तान भइसकेका छन् । उनका दुई छोरामध्ये जेठो छोरा बुद्धिविनोद घिमिरे काठमाडौंमा जागीर गरी बसेका छन् भने कान्छो छोरा कुलशेखर रोजगारीको क्रममा जोर्डनमा बस्दै आएका छन् । छोरी सङ्गीताको विवाह भइसकेको छ । रेशम बिरहीका माता पिता तथा माइलो दाजुको देहान्त भइसकेको छ भने अहिले उनका अरू दाजुभाइ गीतानगर गा.वि.स.अन्तर्गत चम्पानगरमै बसिरहेका छन् ।[४] यसप्रकार परम्परागत मान्यताअनुसार नै

[३] ऐजन ।

[४] ऐजन ।

वैवाहिक जीवन प्राप्त गरेका रेशम विरहीको जीवन वर्तमान समयमा भने सानो र सुखी परिवारसँग खुसीसाथ बितेको देखिन्छ ।

## २.५ आर्थिक अवस्था र आजीविका

रेशम विरहीको जन्म मध्यमवर्गीय ब्राह्मण परिवारमा भएको हो । गोरखा हर्मीबाट २०१४ सालमा बसाइँ सरी चितवन चम्पानगरमा पाँच बिगाहा जग्गा जोडेका रेवतिरमण घिमिरेले आफ्नो यही जग्गाको आय आर्जनले आफ्नो परिवार सामान्य रूपमा चलाई बसेका थिए । २०३२ सालमा लक्ष्मीदेवीसँग विवाह गर्दासम्म आर्थिक रूपमा उनको जिन्दगी एक प्रकारको राम्रै थियो । तर उनमा देशको मुहार फेर्ने राजनीतिको नसा थियो । त्यसपछि विस्तारै आर्थिक रूपमा उनको जीवन कष्टकर बन्दै गएको देखिन्छ ।[५] २०३२ सालमा साझा प्रकाशन इलाम शाखा प्रमुखका रूपमा जागिरे जीवन सुरु गरेका विरही प्रतिबन्धित कम्युनिष्ट पार्टीमा लागेका कारण तत्कालीन पञ्चायती सरकारले राजकाज मुद्दा लगाएर उनलाई जेल हालेको थियो । पटक पटक गरी डेढ वर्ष जति जेल जीवन बिताएका विरहीको एउटा कविता सङ्ग्रहको पाण्डुलिपि पनि पुलिसले जलाइदिएको थियो । त्यसपछि एकातिर उनले खराब पुलिस रिपोर्टका कारण जागिर खान नसक्ने अवस्था र अर्कातिर परिवारमा बढ्दै गएको आर्थिक सङ्कटको सामना गर्नुपर्‍यो । यसपछि उनको आर्थिक अवस्था झन कमजोर हुँदै गएको देखिन्छ । उनका समकालीन कवि श्यामलले उनका अवस्थालाई यसरी चिनाएका छन्- "थातथलोका यायावर जीवन गुजार्दै आएका विरहीको चम्पानगरमा भएको जग्गा जमिन गुम्यो । राजनीति गर्थ्यो, कविता लेख्थ्यो धेरैलाई बाहियात लाग्ने भाषा प्रयोग गर्थ्यो । उसले गर्ने कामबाट आर्जनको कुनै सम्भावना थिएन । किनभने ऊ राजनीतिको आवरणमा लुकेको माफिया थिएन । अतः आम्दानी थिएन । खर्च त छँदै थियो । पाँच जनाका खाने मुख र लगाउने आङ थिए । तिनलाई चारो हाल्न धौ भयो । एक रात पत्नी र छोरा छोरीलाई लिएर २०५१ सालमा लागे बाँके बर्दिया तिर । बाँकेको मैना पोखरीमा जग्गा किने । त्यहाँ पनि एउटा परिचित बद्मास निस्कियो । त्यहाँ पनि ऊ डुवानमै पर्‍यो । त्यसपछि कोहलपुरको आधा किलोमिटर पूर्व हाइवेको छेउमा चपरगढीको खेत जस्तो जग्गा घडेरी भनेर किन्यो र एक छाप्रो उठायो तर त्यो पनि दुई-तिन वर्षमै उसले छोरीको बिहे

---

[५] श्यामल, *एउटा साथी पिङजस्तो हल्लिरहेको जिन्दगी,* **नागरिक अक्षर,** शनिवार ५ भदौ, २०६१ ।

खर्च जुटाउन बेचिदियो । अनि ऊ कहिले धम्बोझी कहिले गणेशपुर कहिले फुल्टेक्रा अनि कहिले काठमाडौ आएर बनस्थलीमा बस्यो ।[६] सापकोटा बन्धुका अनुसार - रेशम विरहीको जीवन यायवरीमै बितिरहेछ । रेशम विरहीको आधा शताब्दी समय विभिन्न स्थानहरूलई बाँड्दा बाँड्दै सकिएको छ । आखिर जहाँ बस्यो त्यहीँ घर, नियतिले जता डोऱ्यायो त्यतै हिड्दै गरे । बर्दियामा पुर्खाले जोडेको अलिकति जग्गा थियो त्यसैमा पौरख रोप्न गएका उनलाई नियतिले त्यहाँ पनि बस्न दिएन ।[७] २०३३ सालमा जागिरे जीवनमा प्रवेश गरेका यिनलाई राजकाज मुद्धा लागी जागिर खोसुवामा परे । २०३४ देखि ३९ सम्म विभिन्न विद्यालयमा शिक्षण पेशामा लागे पनि त्यसबाट पनि यिनले पुलिस रिपोर्टको कारण, जागिरबाट हात धुनु पऱ्यो । २०३० सालदेखि नै आंशिक रूपमा पत्रकारिता क्षेत्रमा संलग्न यिनी २०४१ देखि पूर्ण रूपमा व्यावसायिक पत्रकारका रूपमा रहेका छन् ।[८] यसप्रकार यिनको जीवन आर्थिक अभावसँग जुध्दै दैवी नियतिसँग ठगिँदै अनि राजनैतिक विसमतासँग जुध्दै बितिरहेको देखिन्छ । यसरी पैतृक सम्पत्ति प्रशस्त भएपनि विद्यार्थी जीवनकालदेखि नै विपत्तिग्रस्त जीवन झेल्दै आएका यिनको आर्थिक स्थिति कमजोर हुँदै गएको भएपनि पनि हाल छोराको आर्जनबाट लिएको मङ्गलपुर गा.वि.स.को रामपुरमा ३ कट्ठा जमिन र त्यसैमा सानो टिनको छानो भएको एउटा साधारण खालको घर बनाई बसेका छन् ।[९]

## २.६ कार्यक्षेत्रमा प्रवेश

रेशम विरहीले प्रवेशिका परीक्षा उत्तीर्ण गरे लगत्तै जस्तो २०३३ सालमा साझा प्रकाशनको जागिरका क्रममा इलाम शाखा प्रमुख भएका थिए । सोही सालमा कम्युनिष्ट पार्टीमा लागेको अभियोगमा जागिर खोसुवामा परी तत्कालीन पञ्चायती सरकारले उनलाई पटक पटक गरी डेढ वर्ष जति बन्दी जीवन जिउन विवश तुल्याइ दिए । त्यसपछि कारावास जीवनको रिहाइ पछि २०३४ सालदेखि २०३९ सालसम्म चितवनका विभिन्न विद्यालयमा शिक्षण कार्यमा पनि लागेको देखिन्छ । शिक्षणसँगै २०३० देखि नै आंशिक रूपमा व्यावसायिक पत्रकारिताका क्षेत्रमा पनि लागेका थिए । यसरी उनले शिक्षण कार्यमा लाग्दा

---

[६] ऐजन ।

[७] सापकोटा बन्धु, *जहाँ बस्यो त्यहीँ घर,* **जनधारणा,** वर्ष १३, अङ्क ८, २१ जेष्ठ २०६१, बिहिबार ।

[८] ऐजन ।

[९] शोधनायकबाट प्राप्त मौखिक जानकारी अनुसार ।

पनि पञ्चायती शासकहरूले उनको जागिर पुलिस रिपोर्टको कारण देखाई खोसी दिए । त्यसपछि भने यिनले २०४१ देखि पूर्ण रूपमा व्यावसायिक पत्रकारिता क्षेत्रमा लागेका हुन् ।[१०] यसप्रकार साझा प्रकाशनबाट जागिरे जीवनमा प्रवेश गरेका विरही कहिले शिक्षण त कहिले आँशिक पत्रकारिताको क्षेत्रमा जस्तै 'भुङ्ग्रो हस्तलिखित पत्रिका २०२५, खँड्कुलो हस्तलिखित पत्रिका २०२७, उकालो साहित्यिक पत्रिका २०२८, आरन साहित्यिक पत्रिका २०३४-२०४१, हिमाली हुलाक २०३७-२०३९, मुलुकी आवाज २०४०-२०४३, कामना पत्रिका २०४८-२०५०, समानान्तर दैनिक पत्रिका २०५१-२०६७, कालपुष्प पत्रिका २०५६-२०५७'मा कार्यरत हुँदै हाल व्यवसायिक पत्रकारका रूपमा रहेर आफ्नो प्रशासनिक तथा व्यवसायिक दायित्व निर्वाह गर्दै आइरहेका छन् ।

## २.७ साहित्य लेखनमा प्रवेश र निरन्तरता

विशेषतः सानै उमेरदेखि निबन्ध र कविता लेख्न सुरु गरेका साहित्यकार विरहीका जीवनमा श्रमिक, मजदुर, समाजका निमुखा तथा पिछडिएका वर्गप्रतिको सहानुभूति र समाजमा भएका बेथिति, विकृति र विसङ्गति नै प्रेरणा र प्रभावको स्रोत बनेको देखिन्छ । रेशम विरहीलाई कविता लेख, रचना आदि लेखेर ठूलो मान्छे भइन्छ र समाजको आदर्श पात्र बन्न सकिन्छ भनेर सर्वप्रथम साहित्यप्रति रुचि जगाइ दिने काम अरूणोदय मा.वि. गीतानगरका अध्यापक श्री केदारनाथ रेग्मीबाट भएको हो । गुरूबाट प्रेरणा पाएर कक्षा ५ मा पढ्दा देखि नै कविता लेख्न सुरु गरेका यिनले २०२२ सालमा जिल्लास्तरीय कविता गोष्ठीमा सहभागी भएर प्रथम भई पुरस्कार पनि प्राप्त गरेका थिए । यसपछि २०२५ सालमा उनका समकालीन साहित्यकार शशिकिरण रेग्मीसँग मिलेर यिनले 'भुङ्ग्रो' हस्तलिखित साहित्यिक पत्रिकाको सम्पादन प्रकाशन गरेका थिए । यसपछि २०२८ सालमा 'वीरगञ्ज कलेज अफ एजुकेशन' का विद्यार्थीहरूको **उकालो** साहित्यिक पत्रिकाका सर्वप्रथम सम्पादन र प्रकाशन गरी उनले त्यसै पत्रिकामा 'उकालो-किन तिमी गीत गाउँदैनौ ?' कविता छपाए पछि झनै अन्तर्हृदय देखि नै कविता लेख्ने प्रेरणा मिलेको उनले बताएका छन् । यही नै यिनको प्रकाशित पहिलो कविता हो । भोका, नाङ्गा, निमुखा र पिछडिएका वर्गप्रतिको सहानुभूति, समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यकारहरूका कृतिहरूको

[१०] ऐजन ।

अध्ययनबाट प्राप्त ज्ञान अनुभव र सामाजिक जीवनको पर्यावलोकन नै रेशम विरहीको साहित्यिक यात्राको प्रेरणा र प्रभावको स्रोत भएको अवगत हुन्छ ।[११] यसरी साहित्यप्रति गम्भीर रुचि राख्ने विरही नेपाली साहित्यकारहरू पारिजात, भूपि शेरचन, गोपालप्रसाद रिमाल र समकालीन साहित्यकारहरू अनिल सिग्देल, श्यामल, धर्मराज अर्याल जस्ता दर्जनौ साहित्यकारहरूबाट आफूलाई साहित्य लेखनप्रति लागिरहन प्रेरणा मिलेको बताउँछन् भने जीवनजगत्का उहापोहका क्रममा भोगिने विभिन्न भोगाइहरू र मन छुने खालका घटनाक्रमहरू, समाजमा व्याप्त हिंसा, राजनीतिक खिचातानीले उत्पन्न अन्योल हुने खाने र हुँदा खानेबीचको द्वन्द्व जस्ता बेथितिहरूबाट आहत भएर आफू साहित्य लेखनतर्फ लागेको विरहीले बताएका छन् ।[१२] विरहीका हालसम्म चारवटा साहित्यिक तथा एउटा पत्रकारिता विषयक गरी जम्मा पाँचवटा पुस्तकाकार कृति प्रकाशित छन् भने करिव २ दर्जन जति रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् ।

## २.८ साहित्यिक मान्यता

साहित्यकार रेशम विरहीका अनुसार साहित्य भनेको समाजको मुक्तिका लागि उर्जा प्राप्त गर्ने साधन हो । साथसाथै साहित्य समाजका दर्पण अनि मार्गदर्शक वस्तु हो । कहिलेकाहीँ एउटा स्रष्टा अन्तर्हृदयदेखि तृप्त हुन्छ त्यसैले उसले लेख्छ तर साहित्य भनेको केवल सुखको लागि मात्र होइन यो समाजोपयोगी हुनुपर्छ भन्ने मान्यता रेशम विरहीको रहेको छ । उनका विचारमा साहित्यमा समाज खरो रूपमा उभिएको हुनु पर्छ । व्यक्ति पिच्छे भाषा र प्रस्तुतीकरणमा भिन्नता भएपनि साहित्य पढ्दा सजीवताको अनुभूति हुने खालको हुनुपर्छ भन्ने मान्यता उनको रहेको छ । समाजको बेथिति र विसङ्गतिप्रति तीखो व्यङ्ग प्रहार गर्ने विरही परहित, सामाजिक भलाइ र उदात्त मानवीय गुणका साथै राष्ट्रवादी विचारका धनी देखिन्छन् । निमुखा वर्गको उत्थानका निम्ति सबै सदैव प्रयत्नशील रहनुपर्छ भन्ने विचार रेशम विरहीको रहेको छ । यसरी साहित्य समाजको पथ प्रदर्शक भएको हुनाले सर्वसाधारण मानिसले पनि बुझ्न र त्यसको भाव ग्रहण गर्न सक्ने सहज र सरल हुनुपर्छ र मानव जीवन मानवकै हितका लागि हुनुपर्छ भन्ने धारणा उनको रहेको छ ।[१३]

---

[११] ऐजन ।

[१२] ऐजन ।

[१३] ऐजन ।

## २.९ सम्मान र पुरस्कार

तेह्र/चौध वर्षको उमेरदेखि नै सिर्जनशील प्रतिभाको परिचय दिन थालेका रेशम विरहीको साहित्यिक साधनाले २०२२ सालदेखि नै निरन्तरता पाइरहेको छ । साधनाका क्रममा कविताको माध्यमबाट साहित्यमा प्रवेश गरेका रेशम विरहीले २०२२ सालमा कक्षा ५ मा पढ्दा जिल्लास्तरीय कविता गोष्ठीमा सहभागी भएर कवितामा प्रथम भई जिल्लास्तरीय प्रथम पुरस्कार प्राप्त गरेका थिए ।[१४] त्यसपछि निरन्तर साहित्य साधनामा लागेका विरहीले तीर्थमान 'प' स्मृति पुरस्कार २०५८, ने.क.पा.एमाले भेरी साहित्यिक प्रतिभाका रूपमा अभिनन्दन पत्र २०५८, मध्य पश्चिम क्षेत्रीय स्तरको राष्ट्रिय प्रतिभा पुरस्कार २०६३ नेपाल सरकारबाट, नेपाल पत्रकार महासङ्घ बाँकेद्वारा अभिनन्दन पत्र २०६३, प्रगतिशील लेखक सङ्घ बाँकेद्वारा २०६४ सालमा सम्मान अनि उनको तेस्रो कविता सङ्ग्रह 'मङ्गली गुप्ताको पान' प्रकाशन भएपछि भेरी साहित्य समाजले २०६४ सालमा सम्मान र उनको साहित्यिक योगदानको उच्च मूल्याङ्कन गरी कदर पत्र तथा नेपाल पत्रकार महासङ्घ बाँके र अनेरास्ववियू बाँकेद्वारा पनि कदर पत्र प्रदान गरिएको छ ।[१५]

## २.१० सङ्घ संस्थामा आबद्धता

साहित्यकार रेशम विरही विभिन्न सङ्घ संस्थामा पनि आवद्ध रहेका छन् । उनले २०२६ सालमा अनेरास्ववियू चितवनका संस्थापक सदस्य भई वि.सं. २०२६ देखि २०३७ सम्म काम गरेका थिए । स्वतन्त्र पत्रकारिता र राजनीतिमा समेत सचेत र क्रियाशील रहेका रेशम विरही पत्रकारहरूको सङ्गठन प्रेस चौतारीमा २०४८ सालदेखि हालसम्म आवद्ध रहेका छन् र ने.क.पा. एमाले पार्टीलाई समर्थन गर्दै आएका उनी २०४५ मा चितवन साहित्य परिषद्को संस्थापक सदस्य तथा २०५८ मा भेरी साहित्य समाजका संस्थापक सदस्य पनि भएका थिए । त्यसैगरी २०३८-२०३९ मा हिमालयन मा.वि. चम्पानगरको संस्थापक सदस्य तथा हाल २०६७ सालदेखि साहित्य सङ्गम चितवनको आजीवन सदस्य एवं कार्यसमिति सदस्यका रूपमा रहेका छन् । यसैगरी २०६७ सालदेखि उनी ने.क.पा. एमाले चितवनको प्रचार विभाग सदस्यका रूपमा रहेका छन् ।[१६]

---

[१४] नारायणप्रसाद शर्मा गैरे, *रेशम विरही : व्यक्तित्व र कृतित्व,* **नेपालगञ्ज एक्सप्रेस,** वर्ष २, अङ्क २८६, १३ साउन २०५८ ।

[१५] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[१६] ऐजन ।

## २.११ रुचि तथा स्वभाव

सानैदेखि लेखन कार्यमा विशेष रुचि भएका साहित्यकार रेशम विरही नयाँ-नयाँ पुस्तक खोजी पढ्न र सङ्कलन गर्न मन पराउने गर्दछन् । उनी नवीनतम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यिक पुस्तक एवं पत्रपत्रिकाहरूको पङ्क्ति पङ्क्ति केलाएर अध्ययन गर्न औधि रुचि राख्छन् । नयाँ नयाँ स्थानहरूको भ्रमण र अवलोकनमा पनि यिनको अभिरुचि देखिन्छ । बालककालमा साथीहरूका बीचमा असामान्य स्वभाव देखाउने विरही भलिबल खेलका सौखिन देखिन्छन् । फुर्सतका समयमा गीत र सङ्गीतमा विशेष रुचि राख्ने विरही साहित्य सिर्जनाका दृष्टिले प्रगतिशील विचारका धनी मानिन्छन् । दृढ निश्चयी र स्वाभिमानी स्वभावका विरही तडकभडक र भड्किलो स्वभावप्रति वितृष्णा राख्छन् । रेशम विरही अरूलाई हेप्न चेप्न नचाहने र अरूले आफूलाई हेपेको थाहा भएमा त्यो पनि नसहने र त्यसमा सम्झौता नगर्ने केही जिद्दी स्वभावका पनि रहेका छन् ।[१७] रीतिरिवाज, धर्म, संस्कृति मान्नु त पर्छ तर समय अनुरूप परिमार्जित हुदै जानु पर्छ, अन्धविश्वासलाई मान्नु हुदैन भन्ने मान्यता रेशम विरहीको रहेको छ । राजनीतिक नेताहरूमा उनी पुष्पलाल, मदन भण्डारी, मनमोहन अधिकारी, विश्वेश्वरप्रसाद कोइरालालाई मन पराउँछन् भने साहित्यकारहरूमा पुराना पुस्तामा गोपालप्रसाद रिमाल, पारिजात, भूपि शेरचन र समकालीन साहित्यकारमा विमल निभा, श्यामल आदि मन पर्ने साहित्यकार हुन् भन्छन् ।[१८]

## २.१२ भ्रमण

गोरखाको हर्मीमा जन्मेका रेशम विरही पाँच वर्षकै उमेरमा जन्मथलो छोडी मातापिताको साथमा चितवन आएका थिए । एस.एल.सी उत्तीर्ण गरेलगत्तै २०३३ सालमा साझा प्रकाशनको जागिर खाने क्रममा इलाम शाखा प्रमुख भई इलाम तथा पूर्वाञ्चल क्षेत्र विकास अन्तर्गतका प्रायः सबै जिल्लाहरूमा पुगेको उनी बताउँछन् । यसै गरी जीविको पार्जनको प्रमुख माध्यम पत्रकारिता क्षेत्रलाई बनाएका विरही वि.सं. २०३८ देखि २०६८ सम्म नेपालको करिव ६० जिल्ला घुमेको कुरा बताएका छन् । नेपालको मध्य पहाडको मनाङ, मुस्ताङ, रसुवा जस्ता केही जिल्लाको भ्रमण गर्न बाँकी रहेको र समय र अवसर

---

[१७] नारायणप्रसाद शर्मा गैरे, *रेशम विरही : व्यक्तित्व र कृतित्व,* **नेपालगञ्ज एक्सप्रेस,** पूर्ववत् ।

[१८] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

मिले सबै जिल्ला र ठाउँ घुम्ने इच्छा प्रकट गरेका छन् । विरही २०२९ सालमा राजनीतिक यात्राका क्रममा पुष्पलाललाई भेट्न भारतको बनारस गएको र २०४१ सालपछि विभिन्न समयमा पत्रकारिताको प्रशिक्षण लिने उद्देश्यले भारतको महाराष्ट्र, बैङ्लोर, जस्ता सहर पुगेका र अन्य आफ्नो निजी भ्रमणको सोखले दिल्ली, बम्बई, पटना, कलकत्ता, गोआ र भारतको अधिकांश प्रान्तहरू पनि घुमेको बताउँछन् । यसरी साहित्यिक, राजनीतिक, पत्रकारिता तथा निजी स्वैच्छिक उद्देश्यले स्वदेश तथा छिमेकी मुलुक भारतका विभिन्न भूभाग घुमेका छन् ।[१९]

## २.१३ दिनचर्या

हरेक मानिसका आफ्नो आफ्नो दिनचर्या हुन्छन् । रेशम विरहीको पनि आफ्नै किसिमको दिनचर्या छ । उनी हरेक दिन बिहान पाँच बजे उठ्छन् र एक गिलास चिसो पानी पिएर आफ्नो नित्यकर्म सिध्याउँछन् । त्यसपछि नजिकैको पसलबाट पत्रिका ल्याएर पढ्ने र टि.भि. बाट प्रसारण हुने समाचार सुन्ने र हेर्ने गर्छन् । ताजा समाचारका बारेमा जानकारी प्राप्त गरिसकेपछि राष्ट्रिय र स्थानीय पत्रिकाका लागि आफ्ना विचार समेटेर लेख लेख्छन् । साहित्य साधानालाई आफ्नो अभिष्ट ठान्ने विरही राष्ट्रिय अन्तर्राष्ट्रिय साहित्यिक लेख रचनाहरू अध्ययन मनन र चिन्तन गर्दछन् । त्यसपछि केही कविता निबन्ध लेख्छन् पनि । खाना खाइसके पछि पत्रिकाको अफिसतिर जान्छन् र बेलुका छ बजेतिर घर फर्कन्छन् । अनि खाना खाएपछि एकान्तमा बसेर साहित्यिक कृतिहरूको अध्ययन गर्छन् र फुऱ्यो भने बेलुकीकै समयमा कविता कोर्छन् र १० बजेतिर विश्राम गर्छन् ।[२०]

## २.१४ सुख दुःखका क्षणहरू

सुख र दुःख मानवीय भाव संवेदना हुन् । मानिस आफ्नो इच्छा चाहना अनुसार सुखै सुख होस् भन्छ तर जीवनमा कहिलेकाँही प्राकृतिक प्रकोप दैवी विपत्ति एवं सामाजिक तथा मानसिक हुरी, तनाव वा अशान्तिले मानिसको सुन्दर जीवनमा एउटा आँधीबेहरी उत्पन्न गरिदिन्छ । यस्तै आँधीबेहरी रेशम विरहीको जीवनमा पनि घटेका देखिन्छन् । २०५६ सालमा

---

१९ पूर्ववत् ।

२० ऐजन ।

आफ्नो ममतामयी माता अम्बिकादेवी घिमिरे, माइलो दाजु पुष्पराज घिमिरे तथा २०६२ सालमा १०३ वर्ष आयु प्राप्त गरेका पिता रेवतीरमण घिमिरेको मृत्युलाई उनले कठोर दुःखको क्षणका रूपमा मानेका छन् । त्यसै गरी साझा प्रकाशनको जागिर खाँदा तत्कालीन पञ्चायती सरकारले दिएको जेलयातना, राजनीतिक नेताहरूको क्रूरताले लखेटिएको क्षण तथा ने.क.पा.का संस्थापक नेता पुष्पलाको मृत्यु पनि विरहीका लागि दुःखका कठोर क्षणहरू हुन् । त्यसै गरी स्मरणीय सुखका क्षणमा उनको विचार यस्तो देखिन्छ - कक्षा ५ मा पढ्दा जिल्लास्तरीय कविता गोष्ठीमा सुनाइएको कवितामा प्रथम भएर पुरस्कार पाएको क्षण र सरकारद्वारा क्षेत्रीय स्तरको राष्ट्रिय प्रतिभा पुरस्कार २०६५ पाएको दिनलाई खुसीका क्षणका रूपमा लिएका छन् ।[२१] जीवनका यिनै तिता मिठा अनुभवहरूलाई स्मृति बिम्बका रूपमा सँगाल्दै साहित्यकार रेशम विरहीको जीवन यात्रा अगाडि बढिरहेको देखिन्छ ।

## २.१५ ईश्वरप्रतिको आस्था

सनातन हिन्दु परम्पराबाट प्रभावित परिवारमा रेशम विरहीको जन्म भएको हो । बालककालमा यिनी पिता माता र दाजु दिदीहरूको ईश्वर भक्तिबाट प्रभावित भई नित्य सन्ध्याबन्दनादि कार्य गरेर अनि पितासँग चण्डी पाठ गरेर मात्र खाना खाने गरेका थिए । विद्यालय अध्ययनका क्रममा जव उनी आठ नौ कक्षामा पढ्न थाले त्यसपछि यिनमा पञ्चायती व्यवस्था प्रतिको घृणा आक्रोश र विद्रोहजन्य भावनाहरू जुर्गुराउन थालेको देखिन्छ । २०२६ सालमा उनी र उनका साथीहरू मिलेर **खड्कुलो** पत्रिका निकाली पञ्चायत घरमा टाँसेको उनी बताउँछन् । त्यसपछि २०२७ सालमा गीतानगर हाइ स्कुलको अनेरास्ववियूको अध्यक्ष र २०२८/०२९ सालतिर कमरेड रोहित र रूपलाल विश्वकर्मा पनि संगै रहेको तत्कालीन नेकपामा क्रियाशील भएर लागेपछि भने भगवानप्रति अनास्था बढ्दै गई भगवान मान्छेले बनाएको मन्दिर तथा मूर्ति भित्र होइन मान्छे भित्रै छन् र स्वर्ग नर्क भन्ने कुरा यही धर्तीभित्रै छन् भन्ने उनलाई महसूस भएको थियो । श्रम गर्ने व्यक्तिहरूलाई नै भगवानको रूप मान्ने उनी अहिले पनि मन्दिर जान्छन् तर भगवानप्रति आस्था राखेर पूजा गर्न वा भगवान भेटिन्छ भनेर होइन कि घुम्ने र हेर्ने इच्छा पूरा गर्नका लागि मात्र । भोका, नाङ्गा, दीन दुःखीहरू तथा श्रम गर्ने श्रमिकहरू ने भगवान हुन् र उनीहरूको सेवा नै पूजा हो भन्ने मान्यता उनी राख्दछन् । बाल्यकालमा भगवानप्रति आस्था राख्ने देखिए

[२१] ऐजन ।

पनि उमेरसँगसँगै चेतनाको विकासले मानव निर्मित मठ मन्दिरका ढुङ्गामा ईश्वरको अलौकिक शक्तिप्रति विश्वास नगरी ईश्वरलाई आध्यात्मिक दर्शनका रूपमा स्वीकार्दै अध्यात्मले मानिसको जीवन सभ्य सुसंस्कृत एवं नैतिकवान् र अनुशासित तुल्याउन मद्दत पुऱ्याउँछ भन्ने दृढ विचार राख्ने विरही दीन दुःखी श्रमिक मजदुर र किसानहरूको सेवा नै धर्म हो भन्ने ठान्दछन् ।[२२]

## २.१६ निष्कर्ष

२००९ साल मङ्सिर १ गते पिता रेवतीरमण घिमिरे र माता अम्बिकादेवी घिमिरेको कोखबाट गोरखाको हर्मीमा जन्मेका रेशम विरहीको पहिलेको पुर्ख्यौली थलो लमजुङ भए पनि उनको आठ पुस्ता अघिका बाजे पुर्खा त्यहाँबाट बसाइ सराइका क्रममा गोरखा आएका हुन् । रेशम विरही गोरखाबाट २०१४ सालमा पाँच वर्षको उमेरमा मातापितासँग बसाइँ सरी चितवन आएका हुन् । चितवनको चम्पानगरमा आफ्ना बालसखाहरूसँगै विभिन्न बालक्रीडामा रमाउँदै विरहीको बाल्यकाल सुखपूर्ण रूपमा बितेको थियो । सामान्य लेखपढ गर्न जान्ने आफ्ना पितासँग साँवा अक्षर चिनेका विरहीको अरूणोदय मा.वि. गीतानगरबाट प्रारम्भिक शिक्षा सुरु भयो । २०३० सालमा नारायणी मा.वि. बाट एस.एल.सी. उत्तीर्ण गरेका विरहीले आइ.ए. वीरेन्द्र क्याम्पस भरतपुरबाट र स्नातक (बि.ए.) पाइभेट परीक्षा दिएर त्रिभुवन विश्वविद्यालयबाट पूरा गरेका छन् । २०३२ सालमा चितवन विजयनगर निवासी पिता बलभद्र ढकाल र माता जमुनादेवी ढकालको छोरी लक्ष्मी ढकालसँग वैवाहिक बन्धनमा बाँधिएका रेशम विरहीका दुई छोरा र एक छोरी गरी तीन सन्तान छन् । २०३३ सालमा साझा प्रकाशनको जागिरमा प्रवेश गरेका विरही कम्युनिष्ट पार्टीमा लागेका कारण राजकाज मुद्धा लगाई जागिर खोसुवामा परी पञ्चायती सरकारले उनलाई जेल यातना दियो । जेलबाट रिहाइ भएपछि ०३४ देखि ०३९ सम्म विभिन्न विद्यालयमा शिक्षण पेशामा आवद्ध विरही २०४१ देखि भने स्वतन्त्र व्यवसायिक पत्रकारिताको क्षेत्रमा संलग्न छन् । आर्थिक समस्यासँग सङ्घर्ष गर्दै कहिले चितवन कहिले बाँके बर्दिया त कहिले काठमाडौ हुँदै यायावरीय जीवन भोगाइका क्रममा हाल चितवन मङ्गलपुर गा.वि.स. रामपुरमा स्थायी बसोवास गरेका छन् । राजनीतिमा प्रगतिशील विचारका साहित्यकार विरही समाजमा भएका बेथिति, विकृति, असमानता र अस्तव्यस्ततादेखि आहत भई समाजको भोका, नाङ्गा,

[२२] ऐजन ।

निमुखा, शोषित पंडित र पिछडिएका वर्गका दुःखलाई नजिकबाट नियाल्दै तिनैको उत्थानका लागि निरन्तर आफ्नो कलम चलाई रहन्छन् । साहित्यले समाजलाई परिवर्तनको बाटो देखाउनुपर्छ, साहित्य सम्पूर्ण मानव जातिका लागि हुनुपर्छ भन्ने विरही ईश्वरलाई आध्यात्मिक दर्शनका रूपमा स्वीकार गर्छन् र धर्तीका श्रमिकहरूलाई मानवको सेवा गर्ने देवता मान्दछन् । समाजमा भएका विकृति र विसङ्गति विरूद्ध विद्रोहको स्वर प्रकट गर्ने विरही समाजमा व्याप्त अन्याय अत्याचार र असमानताको निर्भय र निडरताका साथ आफ्नो मत प्रकट गर्ने निर्भीक र एक सिद्धहस्त साहित्य साधक हुन् ।

# परिच्छेद : तिन
# साहित्यकार रेशम विरहीको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

खास व्यक्तिमा हुने विशिष्टता, व्यक्तिको निजी विशेषता वा त्यसबाट अरूलाई प्रभावित पार्ने क्षमता वा व्यक्तिको प्रभावलाई नै व्यक्तित्व भनिन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ । सामान्यतः व्यक्तित्व दुई प्रकारका हुन्छन्- बाह्य र आन्तरिक । बाह्य व्यक्तित्व शारीरिक बनोट रूप रङग आदिसँग सम्बन्धित हुन्छ ।[१] यस शीर्षकअर्न्तगत रेशम विरहीको बाह्य रआन्तरिक दुवै व्यक्तित्वलाई विभिन्न कोणबाट अध्ययन गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक गठन हो, जुन बाहिरबाट हेर्दा छर्लङ्ग देखिन्छ । रेशम विरहीको आन्तरिक व्यक्तित्वको सँगै बाह्य व्यक्तित्व पनि सुहाउँदो देखिन्छ । ५ फिट उचाई ५५ के.जी. तौल, गोरो वर्ण, बाटुलो अनुहार, ठूलो निधार, उज्यालो मुखमण्डल, केही चिन्तन गरिरहे जस्तो मुखाकृति शारीरिक रूपमा हृष्टपुष्ट देखिने उन्नसाठी वसन्तमा प्रवेश गरेका रेशम विरहीको अनुहार सधैँ हँसिलो देखिन्छ । कोही कसैसगँ अन्याय अत्याचारका निम्ति सम्झौता नगर्ने निर्भीक स्वभावका विरही उच्च मनोबल भएका र देखेको कुरा नढाँटी र लोलोपोतो गर्न नचाहने स्पष्टवक्ता पनि हुन् । विरही आफ्नो स्वाभिमानमा कसैले धक्का दिएको सहन सक्दैनन् । सबैसँग मिलनसार प्रवृत्ति भएका विरही कविता मार्फत् नेपाल धरतीमा शोषणरहित, उत्पीडनरहित सार्वभौम, स्वतन्त्र समानतायुक्त समृद्धिको चाहना गर्छन् ।[२] यिनै कुराहरूले गर्दा उनको बाह्य व्यक्तित्वलाई पनि आकर्षक बनाएको देखिन्छ ।

---

[१] हेमाङ्गराज अधिकारी र बद्रिविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (दो.सं.), काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३, पृ ९२९ ।

[२] नारायण शर्मा गैरे, *काव्यात्मक रूपमा जीवनदर्शन भएर आएको जीवनवादी आदर्श कविताका लागि आवश्यक छ*, **शब्द सयोजन**, वर्ष ७, अङ्क १२, पूर्णाङ्क ८३, २०६७ चैत्र, पृ. ११ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तित्वभित्र अन्तर्निहित गुण, प्रतिभा वा व्यक्तिमा निहित विशिष्टतालाई त्यस व्यक्तिको आन्तरिक व्यक्तित्व भनिन्छ । कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको उचार-चढाव, क्रियाप्रतिक्रिया र जीवन भोगाइमा निर्भर गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवं राजनैतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । रेशम विरहीको समस्त व्यक्तित्वको अध्ययन गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी देखिन्छ । रेशम विरहीले नेपाली साहित्यको श्रीवृद्धि समाजसेवा र राष्ट्रोन्नतिमा के कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनका जीवनका विभिन्न पाटाहरूको अध्ययन गर्नुपर्ने हुन्छ । उनको आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

रेशम विरही नेपाली साहित्यको साधनामा किशोरावस्था देखि नै गहिरो अभिरुचि भएका व्यक्तित्व हुन् । उनले सानै उमेरदेखि कविता लेख्न थालेका विरही २०२२ सालमा विद्यालयमा पढ्दा जिल्लास्तरीय कविता गोष्ठीमा सहभागी भएर कवितामा प्रथम भएका थिए । उनले २०२८ सालमा 'वीरगन्ज कलेज अफ एजुकेसनका' विधार्थीहरूको **उकालो** साहित्यिक पत्रिकाको सर्वप्रथम सम्पादन गरेका थिए र त्यसैमा उनको प्रकाशनका दृष्टिले पहिलो कविता *उकालो किन तिमी गीत गाउँदैनौ ?* कविता छापिएको थियो । २०३३ सालदेखि उनले मधुपर्क जस्ता राष्ट्रिय पत्रिकामा पनि फाट्टफुट्ट कविताहरू पठाउन र छपाउन थालेको देखिन्छ । त्यसैगरी २०३४ सालदेखि २०४१ सालसम्म उनले चितवनबाट प्रकाशित हुने आरन साहित्यक पत्रिकाको सम्पादन गरेका थिए । चितवनमा हुँदा २०४५ मा चितवन साहित्य परिषद्को संस्थापक सदस्य भएर तथा नेपालगञ्ज आएपछि २०५८ मा 'तीर्थमान श्रेष्ठ' पं. स्मृति साहित्य पुरस्कार समितिको सदस्य भएर पनि साहित्यकारहरूलाई उत्प्रेरित गर्ने कार्यमा उल्लेख्य भूमिका खेलेका छन् ।[३]

---

[३] नारायण शर्मा गैरे, *कवि रेशम विरही व्यक्तित्व कृतित्व*, **नेपालगञ्ज एक्सप्रेस**, १३ साउन २०५८ ।

यसरी प्रकाशनका दृष्टिले २०२८ सालदेखि नै निरन्तर साहित्य साधानामा लागेका विरहीको साहित्य यात्रा क्रमशः गतिशील बन्दै अघि बढेको देखिन्छ । उनको साहित्यिक रचनाहरू फुटकर रूपमा **मधुपर्क**, **आरन, उकालो, गरिमा, रूपरेखा, आस्था, दौँतारी, नेपालगन्ज एक्सप्रेस, बागेश्वरी टाइम्स, सनानान्तर** आदि पत्रिकाहरूमा छिरलिएर रहेका छन् । पुस्तकाकार कृतिका रूपमा आएका उनका कविता सङ्ग्रहहरू **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** (२०३७), **भित्ताको रङग** (२०५७), **मङ्गली गुप्ताको पान** (२०६१) प्रकाशित छन् । बालसाहित्यका क्षेत्रमा पनि कलम चलाएका कविका बालसाहित्य **सुन्दरवस्ती** बालकाब्य (२०६८) पनि प्रकाशित भएको छ । मझौला आकारका ४ वटा कृतिका स्रष्टा विरही अविराम साधना गर्ने विशिष्ट राष्ट्रिय साहित्यिक प्रतिभाका रूपमा देखापरेका छन् ।

### ३.३.१.१ कवि व्यक्तित्व

रेशम विरहीले २०२२ सालदेखि नै कविता लेखन सुरु गरेका भएपनि २०२८ सालमा वीरगञ्ज कलेज अफ एजुकेशनका विद्यार्थीहरूले प्रकाशित गरेको **उकालो** साहित्यिक पत्रिकामा *उकालो किन तिमी गीत गाउँदैनौ ?* कविता छापिएपछि उनको औपचारिक साहित्ययात्रासँगै कवितायात्रा पनि आरम्भ भएको हो । उनको कवि व्यक्तित्वलाई चिनाउने कविताकृतिमध्ये हालसम्म पुस्तकाकार कृतिहरू **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** (२०३७), **भित्ताको रङग** (२०५७), **मङ्गली गुप्ताको पान** (२०६१) र **सुन्दरवस्ती** बालकाव्य (२०६८) प्रकाशित भएका छन् । यी बाहेक उनका फुटकर कविताहरू विभिन्न समयमा फुटकर रूपमा **मधुपर्क**, **आरन, उकालो, गरिमा, रूपरेखा, आस्था, दैँतारी, नेपालगन्ज एक्सप्रेस, बागेश्वरी टाइम्स, सनानान्तर, शब्दसंयोजन, गोरखापत्र, बुधबार साप्ताहिक, चितवन पोष्ट,** विशेषाङ्क र स्मारिकाहरूमा पनि प्रकाशित हुँदै आइरहेका छन् ।[४] उनका कविताको अध्ययन गर्दा उनी स्वच्छन्दतावादी र प्रयोगवादी भावधारामा आधारित भएर विद्रोह, निराशा र विसङ्गतवादी जीवनदृष्टिकोण प्रयोग गर्ने मूलतः गद्य कवि हुन् भन्न सकिन्छ । उनका कवितामा भाषिक सरलताभित्रै बिम्ब, प्रतीकको कलात्मकता रहेको पाइन्छ । उनका कविताहरू लघु र मध्यम आकारका रचनाका रूपमा लिन सकिन्छ ।

[४] ऐजन ।

### ३.३.१.२ बाल साहित्यकार व्यक्तित्व

नेपाली साहित्यका कविता फाँटबाट उदाएका रेशम विरही बालसाहित्यकार व्यक्तित्वका रूपमा पनि रहेका छन् । २०६८ सालमा **सुन्दरवस्ती** बालकाव्य लेखेर बालसाहित्यमा देखा परेका हुन् । विभिन्न अग्रज साहित्यकार तथा कविहरूबाट प्रभावित यिनका बालसाहित्यिक कृति **सुन्दरवस्ती** बालकाव्यमा बालकको मनलाई आकर्षित गर्न सक्ने क्षमता रहेको पाइन्छ । बालकहरूका हृदयलाई छुने सरल भाषा र सीमित शब्द भण्डारलाई ध्यानमा राखेर सरल र रोचक पदावली प्रयोग गर्दै मनोरञ्जनात्मक शैलीमा बालसाहित्य लेख्नु उनको प्रवृत्तिगत विशेषता देखिन्छ । बालकलाई मनोरञ्जन प्रदान गर्दै नैतिक बाटोमा हिँडाउने उनको उद्देश्य रहेको पाइन्छ ।

### ३.३.१.३ निबन्धकार व्यक्तित्व

रेशम विरहीले निबन्ध विधामा पुस्तकाकार कृति प्रकाशित नगरे पनि उनका विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर निबन्धात्मक रचनाले उनको निबन्धकार व्यक्तित्वलाई चिनाएको छ । यस्ता निबन्धहरूमा *माटो र किताब, मेरो देश तिमीलाई कोटीकोटी नमस्कार, साधनाको महानाटकीय यन्त्रशाला, सगरमाथाको टुप्पोमा मृत्युको प्वाल, मालती स्वीपर, घाउहरूको आत्मकथा, तिलस्मी संस्कृतिको स्कुलीन, अध्ययनको संस्कृति, नादिर कुमुद संवाद, आनन्ददेव र चितवन* जस्ता उच्चकोटीका निबन्धहरू **शब्दसंयोजन, युगवाणी नेपालगञ्ज, चरैवेति**, **दौंतरी, मधुपर्क, जनादेश, चितवन पोष्ट, नेपाली एक्सप्रेस, हाम्रो सिर्जना** जस्ता पत्रिकाहरूमा प्रकाशित भएका छन् ।[५]

### ३.३.१.४ गीतकार व्यक्तित्व

साहित्यिक क्षेत्रमा विविध विधामा कलम चलाएका रेशम विरहीका अन्य विधाका कृतिहरू भने प्रकाशित भएको पाइँदैन । उनको शीर्षक चयन भइसकेको **गीति महाकाव्य** रजनी गन्धा  पाण्डुलिपिकै रूपमा रहेको पाइन्छ । उनका चारओटा राष्ट्रिय सचेतनमूलक गीतहरू रेकर्डिङ् भई प्रसारण भइरहेको पाइन्छ ।  त्यस्तै उनको रचना 'शान्ति गीत' गायक

[५] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

विरु राना र शीला पन्तले गाएको कुरा पनि रेशम विरहीले बताएका छन् ।[६] यी बाहेक उनका गीति कविता 'मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरीमा' कविता सङ्ग्रहमा र **भित्ताको रङ** कविता सङ्ग्रहमा क्रमशः *वनकी परी* शीर्षक गीति कविता र *मन* गीतिकविता देखिएको छ । यिनै तथ्याङ्कका आधारमा कवि रेशम विरही एक गीतकार व्यक्तित्व हुन् भन्न सकिन्छ ।

### ३.३.१.५ भूमिका लेखक व्यक्तित्व

भूमिकाले कृतिमा लेखिएको कुराको सामान्य जानकारी प्रदान गर्दछ । रेशम विरहीले पनि केही कृतिहरूको भूमिका लेखेको पाइन्छ । विरहीले प्रभात विक्रम शाहद्वारा लिखित तथा प्रकाशित कविता सङ्ग्रह मैले देखेको **बस्ती** (२०६०) नामक कृतिमा 'मैले देखेको बस्तीभित्र चहार्दा' शीर्षक समालोचनात्मक भूमिका लेखेका छन् । यसपछि उनले हरिहर सविताद्वारा लिखित 'प्रचण्डलाई पत्र' (२०६४) नामक काव्यमा 'सविता श्लाघा' नामक भूमिका लेखेको देखिन्छ । विरहीले यी कृतिहरूमा भूमिका लेखी कवि लेखकहरूको रचनाको समालोचनात्मक टिप्पणी गरेका छन् ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

साहित्यिक गतिविधिका अतिरिक्त समाज वा राष्ट्रका लागि व्यक्तिबाट गरिएको विविध क्रियाकलापहरू समेत त्यस व्यक्तिको व्यक्तित्वका परिचायक हुन् । रेशम विरहीका साहित्येतर व्यक्तित्व सम्बन्धी विविध पाटाहरूलाई यसरी चर्चा गर्न सकिन्छ ।

### ३.३.२.१ पत्रकार तथा सम्पादक व्यक्तित्व

राज्यको चौथो अङ्ग मानिने पत्रकारिताले पाठक वर्गलाई सूचनामूलक सुरुचिपूर्ण सामग्रीको आस्वादन गराउँछ । युगानुकूल सिर्जना गरिएका साहित्यिका विविध सामग्री प्रदान गर्न पत्रिकाको सम्पादकमा सचेतता अनिवार्य हुन्छ । यस्तै विभिन्न पत्रपत्रिकाहरूमा काम गर्दै आइरहेका विरहीको पत्रकार व्यक्तित्व पनि उच्च देखिन्छ । वि.सं. २०२७/२८ देखि नै

[६] ऐजन ।

पत्रकारिताको क्षेत्रमा आंशिक रूपमा काम गर्दै आएरहेका विरहीले वि.सं. २०४१ देखि व्यवसायिक पत्रकारिताको क्षेत्रमा नै लागेर आफ्नो व्यवसायिक जीवन निर्वाह गर्दै आइरहेको देखिन्छ । वि.सं. २०६० मा पत्रकारिता विषयक पुस्तक **आधारभूत पत्रकारिता शिक्षा** नामक पाठ्यपुस्तक पनि उनले प्रकाशित गरेका छन् । उनको पत्रकार व्यक्तित्वको बारेमा सरोज शार्दूलको विचार यस्तो छ- पत्रिका भनेको के हो ? भन्ने थाहा नहुदै एक नवीन आचार्य नाम गरेका साथीसँग मिलेर वि.सं. २०२७ तिर खड्कुलो नामको हस्तलिखित पत्रिका निकालेर पञ्चायत घरमा टाँसेको पाइन्छ । उनले खड्कुलो अर्थात् ठूलो ताउलो पछि मातृभूमि, कामना समूह, संरक्षक, प्रतिद्वन्दी, हिमाली हुलाक, मुलुकी आवाज, आरन, आदि विभिन्न पत्रिकामा विभिन्न कालखण्डमा काम गरेको पाइन्छ । उनले २०५१ सालतिर नेपालगञ्जबाट आफैले समानान्तर साप्ताहिक पत्रिका पनि निकालेका छन् । छोटो समयको मास्टरी छोडेर पत्रकारिता नै उनको पेशा बन्दै आएको छ ।[७] यसरी २०२७/२८ सालदेखि नै पत्रिकारिताप्रति अभिरुचि राख्ने विरहीले **भुङ्ग्रो** (२०२५), **उकालो** (२०२८), **समानान्तर** (२०३४-४१), **हिमाली हुलाक** (२०३७-३९), **मुलुकी आवाज** साप्ताहिक समाचार पत्र (२०४०-०४३), **कामना** मासिक पत्रिका (२०४८ सह-सम्पादन), **समानान्तर** दैनिक पत्रिका (२०५१-०६७), **कालपुष्प** (२०५६-०५७), **दौँतरी** (२०६०), **पहिचान लोपोन्मुख जनजाति अध्ययन पुस्तिका** (२०६३), **समभाव** चितवन सेवा समाज नेपालगञ्ज स्मारिका (२०६३) जस्ता पत्रिकाको सम्पादन गरेको पाइन्छ ।[८] यसरी हेर्दा पेशागत रूपमा पत्रकारिता क्षेत्रलाई अँगालेका विरहीको समाचार मूलक र साहित्यिक पत्रिकाको सम्पादन कामबाट यिनको पत्रकार तथा सम्पादक व्यक्तित्व उच्च रहेको देखिन्छ ।

### ३.३.२.२ राजनीतिक व्यक्तित्व

विद्यार्थी जीवनबाटै राजनीतितर्फ झुकाव राख्दै आएका रेशम विरही २०२५ सालदेखि नै वामपन्थी राजनीतिमा लागेको पाइन्छ । २०२७ सालमा अरूणोदय मा.वि. गीतानगरका अनेरास्ववियूका अध्यक्ष र विद्यार्थी सङ्गठनको जिल्ला कमिटि संस्थापक सदस्य भएर २०२७ देखि २०४१ सम्म काम गरेका रेशम विरही २०२८ सालमा कमरेड रोहित र

[७] सरोज शार्दूल, *मङ्गली गुप्ताको पान,* **दृष्टि**, वर्ष २१, अङ्क ३३, १५-२१ असार, २०६१ ।
[८] शोधनायकसँगको मौखिक अन्तवार्ताअनुसार ।

पुष्पलाल पनि सँगै रहेको तत्कालीन नेकपा (माले)मा क्रियाशील रहेका थिए । यसरी विद्यार्थी जीवनबाटै विद्यार्थी हक, हित तथा देशमा विद्यमान पञ्चायती शासन व्यवस्थाका विरुद्धमा लागेको अभियोगमा तत्कालीन प्रहरी प्रशासनले वि.सं. २०३३/०३४ तिर करिब एक वर्षजति जेलयातना दिनुका साथै प्रहरी प्रशासनको खेदाइबाट भारत प्रवास जान बाध्य भएको पनि पाइन्छ ।[९] श्यामलका अनुसार उनी पुष्पलालको अनुयायी थिए तर त्यतिबेलाका चर्का वामपन्थीहरू उनलाई काँग्रेसको आरोप लगाउँथे । जनमत सङ्ग्रहमा उनले पुष्पलालको लाइन पछ्याएर बहुदलको पक्षमा भाषण गर्दै हिंडे तर वामपन्थी भनाउँदाहरूले उनलाई लगातार लखेटे । यसरी राजनीतिमा पनि उनको पिङ हल्लाइ उस्तै हो ।[१०] यसप्रकार विभिन्न समयमा विभिन्न खाले राजनीतिक आरोह-अवरोह भोग्दै आएका विरही हाल नेकपा (एमाले) बाँके जिल्ला कमिटी सदस्यबाट २०६७ मा सरुवा भई चितवन जिल्ला कमिटी नेकपा (एमाले) प्रचार विभाग सदस्यका रूपमा क्रियाशील रहेको देखिन्छ ।[११] श्यामलका अनुसार रेशम प्रचण्डभन्दा आधा वर्ष जेठा कम्युनिष्ट हुन् । अहिले प्रचण्डको क्रेज बेग्लै छ रेशमको केही छैन ।[१२] उपर्युक्त तथ्याङ्कहरूको आधारमा हेर्दा रेशम विरहीको राजनीतिक व्यक्तित्व नेपालको राष्ट्रिय राजनेताहरूकै हाराहारीमा रहेको देखिन्छ ।

## ३.३.२.३ प्रशासनिक एवं शैक्षिक व्यक्तित्व

रेशम विरहीको प्रशासनिक एवं शैक्षिक व्यक्तित्व पनि महत्त्वपूर्ण देखिन्छ । उनले २०३३ सालमा साझा प्रकाशनको इलाम शाखा प्रमुखका रूपमा जागिरे जीवन सुरु गरेको पाइन्छ । जागिरका क्रममा इलाम शाखामा रहेर काम गर्दागर्दै वामपन्थी राजनीतिमा लागेको अभियोगमा सोही सालमा राजकाज मुद्दा लागी जागिर खोसुवा भएको थियो । यसपछि वि.सं. २०३३-२०३४ सम्म लक्ष्मी मा.वि. विजयनगर, २०३५ मा अमरज्योति मा.वि. पटिहानी, २०३७ मा उज्ज्वल नि.मा.वि. उज्ज्वलनगर र २०३९ मा बालकुमारी मा.वि. नारायणगढमा गरी विभिन्न विद्यालयमा शिक्षण कार्य गरेको पाइन्छ ।[१३] यसप्रकार

[९] ऐजन ।
[१०] श्यामल, *एउटा साथी पिङ जस्तो हल्लिएको जिन्दगी,* **नागरिक अक्षर,** शनिवार ५ भदौ २०६७ ।
[११] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[१२] श्यामल, *एउटा साथी पिङ जस्तो हल्लिरहेको जिन्दगी,* पूर्ववत् ।
[१३] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

२०३३ सालदेखि २०३९ सालसम्म विभिन्न सङ्घसंस्थामा रहेर काम गर्ने रेशम विरहीको प्रशासनिक र शैक्षिक व्यक्तित्व रहेको छ ।

### ३.३.२.५ सामाजिक एवं साङ्गठनिक व्यक्तित्व

साहित्यकार रेशम विरहीको सामाजिक एवं साङ्गठनिक व्यक्तित्व पनि रहेको छ । जीवनको किशोरावस्थादेखि नै शोषित पीडित र श्रमजीवी नेपाली जनताका हक, हित र मूल्य मान्यताका लागि जेलनेल र यातना भोगेका विरही विभिन्न सामाजिक सङ्घसंस्थामा आबद्ध भएर काम गरेको देखिन्छ । २०२७ सालमा अरूणोदय मा.वि.का अनेरास्ववियूको तर्फबाट अध्यक्ष भएका यिनी २०२७ सालदेखि २०४१ सम्म जि.क.चि. संस्थापक सदस्य भई साङ्गठनिक कार्य गरेको देखिन्छ । उनी २०३८-२०३९ सालमा हिमालय मा.वि. चम्पानगरका वि.स.स. सदस्य पनि भएका थिए । यसै गरी २०४५ सालमा चि.सा.प.को संस्थापक सदस्य र २०४८ सालदेखि २०६७ सम्म पत्रकार सङ्गठन प्रेस चौतारीमा आबद्ध भई हाल साहित्य सङ्गम चितवनको आजीवन सदस्य र २०६७ देखि कार्यसमिति सदस्यका रूपमा सङ्गठित भएका देखिन्छन् ।[१४]

### ३.३.२.६ साहित्यकारहरूका दृष्टिमा रेशम विरही

साहित्यकार रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा प्राप्त भएका पुस्तक, पत्रपत्रिका तथा लिखित एवं मौखिक अन्तर्वार्ताका क्रममा विभिन्न विद्वान्हरूबाट अभिव्यक्त भएका लिखित तथा मौखिक दृष्टिकोणहरू यसप्रकार रहेका छन्-

जीवन एउटा उँधो र उँभोको खड्केरीहरूको पैतालाजस्तै हो, कारण मान्छे कहिलेकाहीँ पैतालाझैँ चिप्लिन सक्छ । कहिले दायाँ र कहिले बायाँ सोही अपूर्ण तथा विसङ्गतिले आरोपित रेशमको जीवन पनि एउटा अपहेलित विसङ्गतिपूर्ण आयाम हो भनी अनिल सिग्देल लेख्छन् ।[१५]

---

[१४] पूर्ववत् ।

[१५] अनिल सिग्देल, *प्राक्कथन,* **मुलाको बोक्रा र आलीमुकिो भ्याउँकिरी,** चितवन : आरन त्रैमासिक पत्रिका, २०३७, पृ. क ।

समाजका विद्यमान परम्परागत रुढीवादी, विकृति विसङ्गति, असमानता, शोषण, दमन र उत्पीडनका विरुद्धमा ज्यादै प्रभावकारी शैलीमा कलम चलाउने सशक्त स्रष्टा हुन् भनी नारायण शर्मा गैरेले उनको व्यक्तित्वलाई चिनाएका छन् ।[१६]

दीपक खनालका अनुसार विरही जीवनजगत्लाई स्वच्छ आँखाले हेर्छन् । राष्ट्रियता र जनताको पिरमर्कामा एकाकार हुन खोज्नु उनको विशेषता हो ।[१७]

परशुराम खानीगाउँलेका अनुसार लेखक, कवि साहित्यकारहरू आफ्ना रचनाले समाजलाई कत्तिको गुन लगाएको छु भन्ने विचार गर्नुभन्दा कसरी कथित चर्चा कमाउने भन्ने कुरामा बढी लालायित भई होडबाजी गरिरहेका बेला त्यसलाई औंलो ठड्याउँदै मङ्गली गुप्ताको पान चपाउँदै साहित्यिक फाँटमा उभिएका छन् ।[१८]

प्रतिरोध कार्कीका अनुसार कवि विरही मङ्गली गुप्ताको पान जस्तै जिन्दगीलाई कवितामा उतारेर उसको जीवनको हर पक्षलाई सर्वाङ्ग सडकमा पोखिदिएका छन् ।[१९]

मधुसुदन गिरीका अनुसार घिमिरेका कवितामा युगीन यथार्थको प्रतिबिम्बनले प्रमुखता पाएको छ ।[२०]

सरोज शार्दुलका अनुसार युद्धको उन्माद, प्रजातन्त्रको उच्छृङ्खलता र तानाशाहको जञ्जिरमा बाँचेको समाजको चित्रण छ, विरही रेशमको मङ्गली गुप्ताको पानमा ।[२१]

सापकोटा बन्धुका अनुसार विरहीले नेपालगञ्जको छोटै बसाइमा आफ्नो जीवनलाई सार्थक बनाउन पाएका छन् ।[२२]

वैरागी जेठाका अनुसार २०२५ सालदेखि लेख्न सुरु गरेका रेशम विरहीका कविताहरू मार्क्सवादी दृष्टिकोणमा एक कुशल काव्यकारका रूपमा लिन सकिन्छ ।[२३]

---

[१६] नारायण शर्मा गैरे, *रेशम विरही : व्यक्तितव र कृतित्त्व,* **नेपालगञ्ज एक्सप्रेस,** २०५८ साउन १३ शनिवार ।
[१७] दीपक खनाल, *भित्ताको रङभित्र लुकेको सत्य र स्वाभिमान,* **नवशृङ्खला** राष्टि, वर्ष ?, अङ्क ?, २०५७, पृ.?।
[१८] परशुराम खानीगाउँले, *मङ्गली गुप्ताको पान चपाउँदाको स्वाद,* **रोडम्याप,** वर्ष १, अङ्क ४, २०६१, पृ. ३ ।
[१९] प्रतिरोध कार्की, *मनको पान बेचाइमा मङ्गली गुप्ताको पान,* **दिव्यदर्शन** साप्ताहिक, २०६१ जेष्ठ ९ ।
[२०] मधुसुदन गिरी, *युगीन यथार्थको प्रतिबिम्ब मङ्गली गुप्ताको पान,* **बुधबार** साप्ताहिक, २०६१ जेठ १३ ।
[२१] सरोज शार्दूल, *बोधगम्य कविताहरू,* **अन्नपूर्ण पोष्ट,** २०६१ जेठ १७ ।
[२२] सापकोटा बन्धु, *जहाँ बस्यो त्यहीँ घर,* **जनधारणा,** वर्ष १३, अङ्क ८, २०६१ जेठ २१ ।
[२३] बैरागी जेठा, *मङ्गली गुप्ताको पान चपाउँदाको स्वाद,* **छलफल,** वर्ष २२, अङ्क ३४, २०६१ जेठ २४, पृ. ६ ।

नारायण शर्मा गैरेका अनुसार कोही कसैसँग अन्याय-अत्याचारका निम्ति सम्झौता नगर्ने निर्भीक स्वभावका विरही देखेको कुरा नढाँटी भन्ने र लालोपोतो गर्न नचाहने स्पष्टवक्ता पनि हुन् ।[२४]

श्यामलका अनुसार विरही विद्यार्थी जीवनबाटै विद्यार्थी हक, हित तथा देशमा विद्यमान पञ्चायती शासन व्यवस्थाका विरुद्धमा लागेको अभियोगमा तत्कालीन प्रहरी प्रशासनले एक वर्षजति जेल यातना दिनुका साथै प्रहरी प्रशासनको खेदाइबाट भारत प्रवास गएको पनि पाइन्छ ।[२५]

गोविन्दराज विनोदीका अनुसार रेशम विरहीको साहित्यिक व्यक्तित्व अत्यन्त उर्वर छ । उनका कविता निकै राम्रा छन् । उनको साहित्य समाज, राष्ट्र र जनताप्रति समर्पित छ । खास गरी गद्य कवितामा प्रयोगवादी र समसामयिक कविताधाराकै एक सशक्त कविका रूपमा उनको व्यक्तित्व सुपरिचित छ ।[२६]

डी.आर. पोखरेलका अनुसार रेशम विरही साहित्यको आलोचनात्मक यथार्थवादी धारामा रही साहित्य सिर्जना गर्ने साहित्यकार हुन् ।[२७]

तारानाथ सुवेदीका अनुसार रेशम विरही एक आत्माभिमानी अर्थात् महत्त्वाकाङ्क्षी व्यक्तित्वका रूपमा साहित्य सिर्जना गर्ने साधक हुन् । चाहे जोसुकै किन नहोस् कसैसँग कुनै पनि अवस्थामा उनी झुक्न चाहन्नन् । यो नै उनमा रहेको आफ्नोभन्दा फरक खालको विशेषता हो । साहित्यिक व्यक्तित्वबारे चर्चा गर्नुपर्दा कुनै किसिमको उच्छृङ्खलता र उरेन्ठेउलो पाराको लेखहरू लेख्न नचाहने, घोचिलो, पेचिलो र जनताका दुश्मनको मन थर्कने किसिमका साहित्यिक कृतिहरू लेखेर उनले आफ्नो साहित्यिक व्यक्तित्वलाई उच्च तुल्याएका छन् ।[२८]

प्रकाश चापागाईका विचारमा रेशम विरहीका कृतिहरूमा मूलतः जीवनबोध, अस्तित्त्वबोध, सांस्कृतिक विसङ्गतिप्रति कटाक्ष एवं व्यङ्ग्य प्रहार गरेको पाइन्छ । त्यस्तै

---

[२४] नारायण शर्मा गैरे, *काव्यात्मक रूपमा जीवनदर्शन भएर आएको जीवनवादी आदर्श कविताका लागि आवश्यक छ,* **शब्दसंयोजन,** वर्ष ७, अङ्क १२, पूर्णाङ्क ८३, २०६७, पृ. ११ ।

[२५] श्यामल, *एउटा साथी पिङजस्तो हल्लिरहेको जिन्दगी,* **नागरिक अक्षर,** शनिवार ५ भदौ २०६७ ।

[२६] गोविन्दराज विनोदीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[२७] डी.आर. पोखरेलसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[२८] तारानाथ सुवेदीसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

उनका कविता एवं निबन्धमा क्रान्तिकारी मूल्य र मान्यताका साथ समाज परिवर्तनको दिशामा विद्रोहका स्वरहरू कलात्मक रूपमा प्रस्फुटित भएको पाइन्छ ।[२९]

विष्णुहरि देवकोटाका अनुसार रेशम विरही विद्यार्थी जीवनकालदेखि नै एक निर्भीक व्यक्तित्वका रूपमा आफूलाई समाजमा स्थापित गर्न सफल व्यक्तित्व हुन् । उनले आफ्नो उचाइलाई साहित्य र पत्रकारिताको क्षेत्रमा लगेर उच्च बनाएका छन् ।[३०]

मोदनाथ मरहट्ठाका अनुसार रेशम विरही पत्रकारिताबाटै उठेको व्यक्ति हो । पत्रकारिताले नै साहित्यतिर डोऱ्याएको हुँदा पत्रकारितालाई साथमा राखेर साहित्य अघि बढेको देखिन्छ ।[३१]

रामबाबु घिमिरेका अनुसार समाजका गरिब, निमुखा वर्ग र अशिक्षाको अँध्यारोमा पिल्सिएका मानिसहरूका पक्षमा उनको कलम सशक्त रूपमा प्रस्तुत भएको पाइन्छ । उहाँ समसामयिक राजनीतिक, सामाजिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य कस्न पनि उत्तिकै सिपालु हुनुहुन्छ ।[३२]

रह शर्माका अनुसार रेशम विरही प्रगतिशील धाराका अधीनमा रही लेख्ने साहित्यकार हुन् । उनका सबै रचनामा यथार्थ परिवेशको छनक पाइन्छ भनी प्रतिक्रिया दिएका छन् ।[३३]

विरहीका व्यक्तित्वबारे हरिहर सविता भन्छन्- सामाजिक, राजनीतिक व्यक्तित्वभन्दा विरहीका साहित्यिक व्यक्तित्व उच्च छ । राजनीतिमा खुबी रुचि राख्ने व्यक्ति सामाजिक क्रियाकलापमा सक्रिय रहने एउटा चलायमान मान्छे सिर्जनधर्मी हुनुका कारण यी दुवै व्यक्तित्वभन्दा साहित्यिक व्यक्तित्व उच्च ठान्छु ।[३४]

उपर्युक्त विद्वान्हरूको दृष्टिकोणबाट हेर्दा रेशम विरहीको व्यक्तित्व, साहित्य, समाज, राजनीति, पत्रकार आदि सबै क्षेत्रमा अब्बल देखिन्छ । यसरी बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति रेशम विरहीको योगदान राष्ट्र र समाजका लागि अनुकरणीय रहेको छ ।

---

[२९] प्रकाश चापागाईंसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३०] विष्णुहरि देवकोटासँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३१] मोदनाथ मरहट्ठासँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३२] रामबाबु घिमिरेसँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३३] रह शर्मासँगको मौखिक अन्तर्वार्ताअनुसार ।
[३४] हरिहर सवितासँगको मौखिक अन्तर्वार्ताअनुसार ।

### ३.३.४ निष्कर्ष

रेशम विरहीको जीवनका विविध पाटाहरूलाई केलाउँदा उनको जीवनको उनन्साठी वसन्तहरूको प्राप्ति वा उपलब्धिहरू सङ्घर्षपूर्ण एवं महत्त्वपूर्ण देखिन्छ । उनको बाह्य व्यक्तित्व, शारीरिक गठन, उज्यालो चेहरा, ठूलो निधार र चञ्चल नेत्र तथा राष्ट्रिय चिन्तन भाव भङ्गिमाले जति आकर्षक देखिन्छ, त्यस्तै उनको आन्तरिक व्यक्तित्वका रूपमा पनि त्यत्तिकै बहुमुखी प्रतिभा सम्पन्न छन् । उनको साहित्यिक व्यक्तित्वका रूपमा कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, गीतकार व्यक्तित्व, बालसाहित्यकार व्यक्तित्व आदिमध्ये उनको कवि व्यक्तित्व नै उच्च रहेको पाइन्छ । यस्तै गरी उनको साहित्येतर व्यक्तित्वमा पत्रकार व्यक्तित्व, राजनीतिक व्यक्तित्व, प्रशासनिक एवं साङ्गठनिक व्यक्तित्वहरू भए तापनि पत्रकार व्यक्तित्व नै उनको प्रमुख परिचायक व्यक्तित्वका रूपमा देखापरेको छ । समग्रमा उनी कवि, निबन्धकार, बालसाहित्यकार, पत्रकार, राजनीतिक, प्रशासनिक, शैक्षिक आदि बहुआयामिक व्यक्तित्वका धनी भएपनि मूलतः उनी कवि हुन् । यसप्रकार रेशम विरहीले आफ्ना साहित्यिक कृतिहरू मार्फत् नेपाली साहित्यिक फाँटलाई उज्यालो चहक दिँदै अघि बढेको देखिन्छ ।

## परिच्छेद : चार

# रेशम विरहीको कृतित्वको अध्ययन

## ४.१ नेपाली साहित्यमा रेशम विरहीको आगमन र लेखन यात्रा

### ४.१.१ लेखनका लागि प्रेरणा र प्रभाव

साहित्यकार रेशम विरही आधुनिक नेपाली साहित्यका समकालीन प्रगतिवादी धाराका राष्ट्रिय स्तरका सशक्त प्रतिभा हुन् । विद्यार्थी जीवनकालदेखि नै साहित्यप्रति गहिरो अभिरुचि भएका साहित्यकार विरहीले पाँच कक्षामा पढ्दा २०२२ सालमा जिल्लास्तरीय कविता गोष्ठीमा प्रथम भई पुरस्कृत भएको र यसबाट नै आफूमा कविताप्रतिको अनुराग बढेको बताएका छन् । त्यस्तै गरी विरहीलाई कविता निबन्ध आदि साहित्यिक रचनाहरू लेखेमा ठूलो मान्छे भइन्छ र समाजमा परिचित बन्न सकिन्छ भनी अरूणोदय मा.वि. गीतानगरका अध्यापक श्री केदारनाथ रेग्मीबाट प्राप्त प्रेरणा तथा विद्यालय स्तरीय कविता पठन-पाठन कार्यकलापबाट प्रभावित भई नेपाली साहित्यमा प्रवेश गरेका हुन् ।[1]

### ४.१.२ लेखनको आरम्भ र प्रकाशनको थालनी

रेशम विरहीले पाँच कक्षामा पढ्दा जिल्लास्तरीय कविता प्रतियोगितामा प्रथम भई पुरस्कृत भए पनि प्रकाशनका दृष्टिले उनको पहिलो कविता २०२८ सालमा वीरगञ्ज कलेज अफ एजुकेशनका विद्यार्थीहरूको साहित्यिक पत्रिका **उकालो**मा *उकालो किन तिमी गीत गाउँदैनौ ?* कवितालाई यिनको लेखनयात्राको पहिलो प्रामाणिक रचना मानिन्छ । त्यसपछि लेखनक्षेत्रको निरन्तर अभ्यास र अनुभवले परिपक्व बन्दै वि.सं. २०३३/०३४ सालदेखि चितवनबाट निस्कने पत्रिकाहरू **रारा, आरन, समानान्तर** जस्ता पत्रिकाहरूमा नेपाली साहित्यका कविता, निबन्धहरू छपाउन थालेको पाइन्छ ।[2] समग्रमा हेर्दा विभिन्न पत्रपत्रिकामा छरिएर रहेका फुटकर रचनाहरूका अतिरिक्त उनका कविता सङ्ग्रह र

---

[1] शोधनायकसँगको मौखिक अन्तर्वार्ताअनुसार ।

[2] नारायण शर्मा गैरे, *रेशम विरही : व्यक्तित्व र कृतित्व,* **नेपालगञ्ज एक्सप्रेस,** २०५७ साउन १३, पृ. २ ।

बालसाहित्यिक कृति बालकाव्य जस्ता कविता विधाका चार पुस्तकाकार कृतिहरू र एक साहित्येतर कृति गरी पाँच पुस्तकाकार कृति प्रकाशित भइसकेका छन्, जसमा **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** (कविता सङ्ग्रह-२०३७), **भित्ताको रङ्ग** (कविता सङ्ग्रह-२०५७), **आधारभूत पत्रकारिता शिक्षा** (२०६०), **मङ्गली गुप्ताको पान** (कविता सङ्ग्रह-२०६१) र **सुन्दरवस्ती बालकाव्य** (कविता-२०६८) रहेका छन् ।

## ४.१.३ रेशम विरहीको साहित्यिक यात्रा

पाँच कक्षामा पढ्दादेखि नै कविता लेख्दै र पुरस्कृत हुँदै आएका विरही २०२८ सालमा वीरगञ्ज कलेज अफ एजुकेशनका विद्यार्थीहरूको साहित्यिक पत्रिका **उकालो**मा प्रकाशित *उकालो किन तिमी गीत गाउँदैनौ ?* कविता छापेर औपचारिक लेखनयात्रा प्रारम्भ गरी निरन्तर यस क्षेत्रमा लागिरहेका छन् । आफ्नो चार दशक लामो लेखन यात्रामा उनले चार साहित्यिक पुस्तकाकार कृति, एक गैर साहित्यिक (पत्रकारिता) कृति र थुप्रै अन्य फुटकर कविता, निबन्ध, समीक्षा आदिमा निरन्तर कलम चलाई नेपाली साहित्यको श्रीवृद्धि गर्ने क्रममा योगदान दिइरहेका छन् ।

विशेषगरी नेपाली साहित्यको गद्य कविता एवं फुटकर निबन्धका क्षेत्रमा कलम चलाएका विरहीका प्रकाशित पाँच पुस्तकमध्ये तीनवटा कविता सङ्ग्रह र एउटा बालसाहित्य र एक साहित्येतर कृति रहेका छन् । यसरी हेर्दा रेशम विरहीको साहित्यिक यात्रा चार दशक लामो भइसकेको छ । विरहीको यस चार दशक लामो साहित्यिक यात्रामा विभिन्न उतारचढावहरू प्रवृत्तिगत अन्तर्विकास, विषयवस्तुगत तथा शैल्पिक परिष्कार र परिमार्जन आदिका आधारमा उनको साहित्यिक यात्रालाई तीन चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

क) पहिलो चरण (२०२८-२०३७) आभ्यासिक काल

ख) दोस्रो चरण (२०३८-२०६७) विकास काल

ग) तेस्रो चरण (२०६८-वर्तमान) प्रौढ काल

### क) प्रथम चरण (२०२८-२०३७)

वि.सं. २०२८ सालमा वीरगञ्ज कलेज अफ एजुकेशनका विद्यार्थीहरूको **उकालो** साहित्यिक पत्रिकामा *उकालो किन तिमी गीत गाउँदैनौ ?* कविता प्रकाशन भएपछि

नेपाली साहित्यमा देखा परेका रेशम विरहीको वि.सं. २०३६ सम्म कुनै पनि पुस्तकाकार कृति प्रकाशित भएको देखिँदैन । यसैले वि.सं. २०२८ देखि २०३७ सम्मको उनको यस समयलाई आभ्यासिक काल पनि मान्न सकिन्छ । वि.सं. २०३७ मा उनको २०३३/०३४ देखि चितवनबाट निस्कने विभिन्न पत्रिकाहरूमा प्रकाशित फुटकर रचनाहरूलाई एकत्रित गरी १५ वटा कविताहरू सङ्गृहीत **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** कविता सङ्ग्रह पुस्तकाकार कृतिका रूपमा प्रकाशित भएको पाइन्छ । यसरी हेर्दा वि.सं. २०२८ को **उकालो** साहित्यिक पत्रिकाको *उकालो किन तिमी गीत गाउँदैनौ ?* लाई उनको साहित्य यात्राको प्रस्थानविन्दु मानिन्छ भने वि.सं. २०३७ मा प्रकाशित **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** पुस्तकाकार कृतिलाई उनको प्रथम चरणको विशिष्ट उपलब्धि मान्न सकिन्छ ।

कवि रेशम विरहीका यस समयावधिका कविताहरूका बारेमा विभिन्न विद्वान्हरूले गरेको समीक्षालाई यसप्रकार देखाउन सकिन्छ -

**मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** पुस्तकका भूमिका लेखक अनिल सिग्देलले **मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी** प्रतीकात्मक कविताको रूपमा देखा पर्छ, किनभने वर्तमान परिप्रेक्ष्यमा मान्छे पराधीन छ । प्राकृतिक रूपमा उपलब्ध मान्छेको स्वअस्तित्त्व छैन, अर्कातिर रित्तो र निरस प्रतीत हुने जीवनको एक मूल मर्मभेद छ भनी समीक्षा गरेका छन् ।[३] त्यसै गरी अर्का समालोचक धर्मराज अर्यालले प्रस्तुत विसङ्गतिसङ्ग्रह **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** युवाकवि श्री रेशम विरहीको असन्तुष्टिपूर्ण जिन्दगीको प्रतिबिम्ब हो भनी प्रतिक्रिया दिएका छन् ।[४]

उपर्युक्त समीक्षात्मक टिप्पणी र उनका यस चरणको प्रवृत्तिगत अध्ययन गर्दा उनमा तत्कालीन व्यवस्थाप्रतिको असन्तुष्टिका स्वरहरू र विद्रोहात्मक भावनाका अभिव्यक्ति अत्यन्त आक्रामक रूपमा देखा पर्दछन् । यसका साथै उनका यस चरणका कृतिले मानव समाजमा जरो गाडेर बसेका बेथिति, विकृति र विसङ्गतिप्रति खोइरो काढेको पाइन्छ । उनका कृतिमा निम्नवर्गीय शोषित, पीडित र काम गरी खाने वर्गप्रति सहानुभूतिको भाव झल्कन्छ । समाजमा विद्यमान बेथिति, सङ्गतिहीनता, अस्तव्यस्तता, मानवीय मूल्यको ह्रास,

---

[३] अनिल सिग्देल, **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी,** चितवन : पैरवी प्रकाशन, २०३७, पृ. घ-च ।
[४] धर्मराज अर्याल, पूर्ववत्, पृ. ६ ।

अमानवीय प्रवृत्ति, हुँदा खाने र हुने खाने बीचको सङ्घर्ष जस्ता विषयहरूको यथार्थ चित्रणगर्नु उनका यस चरण अन्तर्गतका काव्यिक प्रवृत्ति हुन् । यसरी रेशम विरहीको साहित्ययात्राको प्रथम चरणका कविताहरू कला पक्षभन्दा भावपक्ष प्रबल भएको र अभ्यासकाल भएकोले भाषागत त्रुटिहरू भने केही आलोच्य नै रहेको देखिन्छ ।

**ख) दोस्रो चरण (२०३८-२०६७)**

यो अवधि रेशम विरहीको लेखन र प्रकाशनका दृष्टिले उर्वर काल हो । यस चरणमा वि.सं. २०३८ देखि २०५६ सम्म कुनै पनि पुस्तकाकार कृतिहरू प्रकाशित भएका पाइँदैनन् । वि.सं. २०५७ मा उनको दोस्रो कृति **भित्ताको रङ** र तेस्रो कृति वि.सं. २०६० मा साहित्येतर कृति **आधारभूत पत्रकारिता शिक्षा** र चौँथो कृति वि.सं. २०६१ मा **मङ्गली गुप्ताको पान** प्रकाशित भएका छन् । यसै चरणमा प्रकाशित कृतिलाई आधार बनाएर उनको यस चरणको साहित्ययात्रालाई दुई उपचरणमा अध्ययन गर्न सकिन्छ ।

अ) २०३८-२०५७ **भित्ताको रङ**सम्म

आ) २०५८-२०६१ **मङ्गली गुप्ताको पान**सम्म

**अ) २०३८-२०५७ भित्ताको रङसम्म :** वि.सं. २०३८ देखि २०५७ सम्मका विभिन्न समयमा रचिएका कविता **भित्ताको रङ** कविता सङ्ग्रहमा समावेश छन् । प्रस्तुत सङ्ग्रहमा सङ्कलित कवितामा प्रजातन्त्र आउनुभन्दा पहिलाका र प्रजातन्त्रपछिका विद्रोही स्वर र व्यङ्ग्यचेतना पाइन्छ । भाव, भाषा र शिल्प सौन्दर्यका दृष्टिले यस चरणका कविताहरू परिष्कृत, परिमार्जित र मार्क्सवादी सौन्दर्यको अभिव्यक्ति पाइन्छ । उनका यस चरण अन्तर्गतका कविताहरूको कवितागत प्रवृत्तिबारे विभिन्न समालोचक व्यक्तित्वहरूले गरेको समीक्षात्मक टिप्पणी पनि यहाँ उल्लेख गर्न आवश्यक देखिन्छ । **भित्ताको रङ** सङ्ग्रहभित्र रेशम विरहीलाई **मुलाको बोक्रा** कवितासङ्ग्रहको रेशभन्दा धेरै फरक र धेरै व्यङ्ग्यधर्मी पाउँछु म । नेपाली राष्ट्रियताको संवेदनशीलतालाई आफ्ना पाठकहरूसम्म लैजाने प्रयास उनले गरेका छन् । रेशमको चिन्ता उनका राम्रा कविताहरूमा अवतरित भएको छ, जहाँ हामी आफ्नो चिन्तालाई पनि देख्न सक्छौं भनी श्यामलले आफ्नो धारणा प्रस्तुत गरेका

छन् ।[५] अर्का समालोचक प्रमोद प्रधानले "समकालीन कविहरूका भीडमा राजनीतिक सचेतता र सामाजिक जागरुकताका साथ एक जिम्मेवार नागरिकका हैसियतले उहाँले कविताको माध्यमबाट धेरै कुरा भन्नुभएको छ" भनी स्वधारणा व्यक्त गरेका छन् ।[६] यस्तै आफू बाँचेको युगप्रति अत्यन्त संवेदनशील कवि रेशम विरहीका कविताहरूले उनको लेखनको मूल स्वरलाई इङ्गित त गर्छ नै साथै क्षय हुँदै गइरहेको आस्थाका धुरीहरूमाथि पनि जोडदार प्रहार गर्दछन् भनी समालोचक नयनराज पाण्डेले पनि विरहीको **भित्ताको रङ** भित्रका कविताहरूका बारेमा टिप्पणी गरेका छन् ।[७] यी विभिन्न विद्वान्हरुको समीक्षात्मक अध्ययन र यस कविता सङ्ग्रहको कविताहरुलाई अध्ययन गर्दा विरहीको कविता यात्राको दोस्रो चरणअन्तर्गत उपचरण एकका कविताहरूका कवितागत संरचना, भाषाशैली र अभिव्यक्तिगत विशेषताहरूले सफल छन् । समग्रमा **भित्ताको रङ** कविता सङ्ग्रहमा सङ्कलित कविताका प्रवृत्तिगत विशेषताहरूमा राष्ट्रिय चेतना, राजनैतिक विसङ्गतिको चित्रण, तत्कालीन व्यवस्थाप्रतिको विद्रोह, उन्मुक्तिका स्वरहरूको विकास, सामाजिक व्यङ्ग्यचेतना, सांस्कृतिक चेतना, मानवतावादी स्वर आदि विशेषताहरू पाइन्छ ।

**आ) २०५८-२०६१ मङ्गली गुप्ताको पानसम्म :** रेशम विरहीको दोस्रो चरण अन्तर्गतको उपचरण दुईको **मङ्गली गुप्ताको पान**मा वि.सं. २०५८ देखि २०६१ सम्म प्रकाशित विभिन्न पत्रिकामा छापिएका फुटकर १५ वटा कविताहरु सङ्कलित छन् । यस सङ्ग्रहका कविताहरूमा वि.सं. २०४६ पछि आएको प्रजातन्त्रको पुनर्स्थापनापछि मुलुकमा आशातीत प्रगति हुन नसकेको कारण माओवादी द्वन्द्व सिर्जिएको, महङ्गी, अभाव र भ्रष्टाचार बढेको, ठूलाबडा भनाउँदाहरूले भ्रष्टाचार गरेको र मानव जीवन झन् कष्टकर बन्दै गएको र यस्ता सामाजिक, राजनैतिक विकृतिलाई समसामयिक प्रतीकात्मक अभिव्यक्तिका माध्यमबाट चित्रण गरिएको छ । उनका यस चरणका कविताहरूमा निम्न वर्गका व्यक्तिहरूको दारुण कथा-व्यथा, भोगाइ, तिनका अनेक सङ्कट र क्षतिग्रस्त जीवनका मर्मलाई उतार्दछन् । विरहीका यस चरणका

[५] श्यामल, **भित्ताको रङ,** काठमाडौं : दिव्य प्रकाशन प्रा.लि., २०५७, पृ. ख ।
[६] प्रमोद प्रधान, **भित्ताको रङ,** पूर्ववत्, पश्चआवरण ।
[७] नयनराज पाण्डे, पूर्ववत् ।

कविताका सम्बन्धमा विभिन्न समालोचक तथा विद्वान्हरूले आ-आफ्नै किसिमले मूल्याङ्कन र समीक्षा गरेका छन् । विरहीका यस कृतिका कविताको समीक्षा गर्दै *प्रकाशकीय*मा नारायण शर्मा गैरेले २०२५ सालदेखि हालसम्मका उनका कविताहरूले उनलाई व्यङ्ग्य विनोदी, स्वाभिमानी, विद्रोही, युगबोधी, सचेत, जागरुक, कर्तव्यनिष्ठ, राष्ट्रवादी, मानवतावादी, स्वच्छन्दतावादी प्रगतिवादी कविका रूपमा चिनाएका छन् भनी उल्लेख गरेका छन् ।[८] त्यस्तै *समयको साक्षी* शीर्षक लेखमा श्यामलले- प्रस्तुत सङ्ग्रहका कवितामा जनयुद्धका छापहरू प्रशस्त देखिन्छन् । जनयुद्धका नाममा खेलिएको हिंसा प्रतिहिंसाको चपेटामा परेको मानवताको निरीह तस्वीर कवि रेशमले कवितामा यसरी राखेका छन् कि पाठकले आफ्नो समयको सबभन्दा कुरूप वर्तमानको साक्षात्कार गर्न पाउँछ भनी आफ्नो समालोचनामा भनेका छन् ।[९] त्यस्तै अर्का समीक्षक प्रमोद प्रधानले कविले समाज र देशप्रतिको चिन्ता अत्यन्त महीन ढङ्गले काव्यात्मक आकारमा प्रस्तुत गरेका छन् । यो सङ्ग्रहको उल्लेखनीय प्राप्ति पनि यही हो भनी समीक्षा गरेका छन् ।[१०] यसै गरी असहमतिको चरमोत्कर्ष **मङ्गली गुप्ताको पान** शीर्षक लेखमा विरही लेख्छन्- "खण्डित एवं तरल बन्दै गएको मानव चेतना तथा प्रगतिशील सामन्तवादको बहुल नायकत्व विकसित भएको सन्दर्भमा जीवनको सार्थकता खोज्नु पर्ने भएको छ ।"[११] त्यस्तै मधुसुदन गिरी लेख्छन्- "रातो फूल, रातो सूर्य आदि कतिपय क्रान्तिबिम्ब र थुप्रै प्रतीकहरूले युक्त यी कविताहरू सरल सम्प्रेषणीय र प्रभावकारी छन् ।"[१२] बैरागी जेठाले- "उहाँका कविताहरू व्यङ्ग्य, स्वाभिमानी, विद्रोही, मानवीयता र प्रगतिवादी प्रकृतिका अङ्ग चुम्न सफल देखिन्छन्" भनी समीक्षा गरेका छन् ।[१३] परशुराम खानीगाउँले भन्छन्- "यो कविता सङ्ग्रहले समग्र

---

[८] नारायण शर्मा गैरे, *प्रकाशकीय,* **मङ्गली गुप्ताको पान,** नेपालगञ्ज : भेरी साहित्य समाज, २०६१, भित्री आवरण पृष्ठ ।

[९] श्यामल, *मङ्गली गुप्ताको पान,* **समयको साक्षी**, पूर्ववत् ।

[१०] प्रमोद प्रधान, *मङ्गली गुप्ताको पानका सन्दर्भमा,* **मङ्गली गुप्ताको पान**, पूर्ववत् ।

[११] रेशम विरही, *असहमतिको चरमोत्कर्ष : मङ्गली गुप्ताको पान,* पूर्ववत् ।

[१२] मधुसुदन गिरी, *युगीन यथार्थको प्रतिबिम्ब : मङ्गली गुप्ताको पान,* **बुधबार साप्ताहिक** पत्रिका, २०६१ जेठ १३ ।

[१३] वैरागी जेठा, *मङ्गली गुप्ताको पान,* **छलफल,** वर्ष २२, अङ्क ३४, २०६१ जेष्ठ २४, पृ. ६ ।

राष्ट्र र पीडित जनताको वास्तविकतालाई बेजोडसँग प्रस्तुत गरेको छ ।"[१४] त्यस्तै अर्का समालोचक सरोज शार्दूलले- "युद्धको उन्माद, प्रजातन्त्रको उच्छृङ्खलता र तानाशाहीको जञ्जिरमा बाँचेको समाजको चित्रण छ **मङ्गली पुप्ताको पान**मा" भनी प्रतिक्रिया दिएका छन् ।[१५] त्यस्तै किशोर खनालले- "मुक्तिको सपना देख्ने कवि रेशमले जनयुद्धको नाममा लेखिएका उनका कविताहरू एक दशकका नेपालका राष्ट्रिय पीडाका साक्षी हुन्" भनी समीक्षा गरेका छन् ।[१६] उपर्युक्त समीक्षात्मक टिप्पणी र उनको कवितागत स्वरलाई निक्यौंल गर्दा उनका यस चरणका कविताका प्रवृत्ति र विशेषताहरूमा उन्मुक्तिका स्वरहरूको विकास, राजनैतिक विसङ्गतिको चित्रण, समाजिक व्यङ्ग्य चेतना, मानवतावादी स्वर, राजनैतिक नेतृत्वप्रति व्यङ्ग्य, राष्ट्रिय चेतना आदि प्रमुख मानिन्छन् । निरन्तर अभ्यास र परिपक्वताले खारिँदै गएका उनका यस कविता सङ्ग्रहको रचनासम्म आइपुग्दा भाव, भाषा र कलामा सफल देखिन्छन् ।

### ग) तेस्रो चरण (२०६८-वर्तमान)

कवि रेशम विरहीको यस चरण अन्तर्गत विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौंबाट **सुन्दरवस्ती** (बालकाव्य-२०६८) एकमात्र पुस्तकाकार कृति प्रकाशित भएको छ । बालकलाई पढ्नका लागि आकर्षित गराउने खालको प्रस्तुत बालकाव्य अति उपयुक्त छ । बालकहरूले बुझ्ने सरल भाषामा चित्रसहित लेखिएको प्रस्तुत बालसाहित्य (बालकाव्य) बालबालिकाहरूको मनोरञ्जन र उनीहरूको नैतिक चरित्रको मार्गदर्शक वस्तुका रूपमा आएको छ । यस कृतिले बालसाहित्यका क्षेत्रमा एउटा इट्टा थप्ने काम गरेको छ । आफ्नो साहित्ययात्राको करिब चारदशक लामो साहित्य साधनामा क्रान्तीधर्मी, व्यङ्ग्यविनोदी, विद्रोही स्वभाव र प्रवृत्ति देखाउने यस चरणका कृतिगत रचनामा भने यिनले पूर्व व्यङ्ग्य र विद्रोही भावनालाई चटक्क छाडिदिएका छन् ।

---

[१४] परशुराम खानी गाउँले, *मङ्गली गुप्ताको पान,* **रोडम्याप,** वर्ष १, अङ्क ४, २०६१ असार १०, पृ. ३ ।
[१५] सरोज शार्दूल, *मङ्गली गुप्ताको पान,* **दृष्टि,** वर्ष २१, अङ्क ३३, २०६१ असार १५-२१ ।
[१६] किशोर खनाल, *देशको दुरावस्था विरुद्धको कविता,* **चितवन पोष्ट,** वर्ष ११, अङ्क ३७२, २०६५ असार २० ।

"विशेषतः वर्तमान समयमा बालबालिका र युवाहरू समेत विभिन्न लागू पदार्थ र दुर्व्यसनबाट बिग्रन लागेकाले मलाई औधि चिन्ता लागेर यो बालकाव्य लेखेको हुँ" भनी विरही स्वयंले आफ्नो यस काव्यलेखनप्रतिको भनाइमा उल्लेख गरेका छन् ।[१७] यसै गरी समकालीन साहित्यकार श्यामलले प्रस्तुत बालकाव्यको भूमिका लेखनमा "दाजु रेशमले बालबालिकाका निम्ति नैतिक सन्देश दिन लेखेको यस पुस्तकले बालबालिकाहरूलाई के गर्नहुन्छ, के गर्न हुँदैन भन्ने शिक्षा दिन्छ" भनी आफ्नो धारणा व्यक्त गरेका छन् ।[१८] उनका यस चरणका बालसाहित्यिक कृति **सुन्दरवस्ती** बालकाव्यका प्रवृत्तिगत विशेषताहरूमा विषयवस्तुमा अति सरलता, प्रकृति चित्रण, शैक्षिक प्रेरणा जगाउने खालका रचनाहरू समाविष्ट, अग्रज कविहरूप्रति श्रद्धा, मङ्गलाचरण, सामाजिक परिवेशको चित्रण, राष्ट्रिय चेतना र राष्ट्रप्रतिको मोहभाव, मानवतावादी स्वर, शिल्प विधान, परिष्कारवादी चेतना, वर्णविन्यासको अभिव्यञ्जनामा सफल आरोहण, भाव पक्ष र शैली पक्षमा पूर्ण सबलता यस चरण अन्तर्गतका प्रवृत्तिगत सुस्पष्टताहरू हुन् ।

समग्रमा कवि रेशम विरहीको साहित्य यात्राको तेस्रो चरणका अद्यावधिक अघि बढिरहेका कविताहरूमा अघिल्ला चरणहरूका कविताहरूका तुलनामा शैलीशिल्पगत रूपमा परिष्कृत र परिमार्जन हुँदै आएको छ । उनको यस बालसाहित्यका माध्यमबाट वर्तमान असङ्गत र जटिल बन्दै गएको अवस्थामा आएको यस कृतिले नैतिक शिक्षा प्रदान गरेको छ र स्वच्छ, सुन्दर र समृद्ध नेपालको कामना अभिव्यक्त गरेको छ ।

## ४.१.४ निष्कर्ष

वि.सं. २०२८ देखि साहित्य लेखनमा लागेका कवि रेशम विरहीको करिब चार दशक लामो साहित्य यात्रा दिनप्रतिदिन प्रौढ र परिपक्व बन्दै अघि बढिरहेको छ । आफ्नो साहित्य यात्राको चारदशक अवधिमा विभिन्न साहित्यिक फुटकर पत्रपत्रिका र चारवटा साहित्यिक पुस्तकाकार कृति र एउटा गैर साहित्यिक पत्रिका (आधारभूत पत्रकारिता शिक्षा) प्रकाशित गरेर साहित्य लेखनलाई विकसित र परिमार्जन गर्दै लगेका छन् । उनका रचनागत प्रवृत्तिको अध्ययन गर्दा उनको अघिल्ला रचनाहरूमा राजनीतिक, सामाजिक, सांस्कृतिक,

---

[१७] रेशम विरही, **सुन्दरवस्ती** बालकाव्य, काठमाडाडौं : सिर्जनशील प्रा.लि., २०६८, आवरण पृष्ठ ।
[१८] श्यामल, *भूमिका,* **सुन्दरवस्ती** बालकाव्य, पूर्ववत्, आवरण पृष्ठ ।

शैक्षिक, आर्थिक आदि विविध विकृति र विसङ्गति एवं नेताहरूमा देखिएको सत्ता र सुविधाभोगी प्रवृत्तिको विरोध र गरिब निमुखा जातिप्रतिको सहानुभूति एवं तत्कालीन सामाजिक परिवेशको यथार्थताको चित्रण पाइन्छ । युगबोधी, जीवनबोधी, विश्वबोधी भावना अभिव्यक्त यस कालका रचनाका भाव, भाषा र कलापक्ष परिष्कृत र परिमार्जित गर्दै विभिन्न सामाजिक बिम्ब र प्रतीकको प्रयोगद्वारा निकै ओजपूर्ण र स्तरीय रूप दिंदै अघि बढेको पाइन्छ । यसका साथै उनका पछिल्ला चरणका प्रकाशित बालसाहित्यले बालबालिकाहरूमा नैतिक आचरणको विकास गराउन खोजेको देखिन्छ । बालोपयोगी चित्र संयोजनसहितको प्रस्तुत कृति निकै महत्त्वपूर्ण मानिन्छ । समग्रमा वि.सं. २०२८ देखि साहित्यिक साधनारत विरहीका साहित्यिक योगदान अत्युच्च रहेको पाइन्छ ।

## ४.२ मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी कविता सङ्ग्रहको अध्ययन

मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी रेशम विरहीको प्रथम प्रकाशित पुस्तककार कृति हो । यस कविता सङ्ग्रहको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ-

### ४.२.१ शीर्षक

कुनै लेख-रचना ग्रन्थ आदिको नामलाई शीर्षक भनिन्छ ।[१९] कविताभित्र अनेक संरचना हुन्छन् कविले ती संरचनाहरूको प्रतिनिधित्व हुने गरी एउटा युक्तियुक्त सारपूर्ण र औचित्य भएको प्रतिनिधिमूलक कलात्मक शीर्षकको छनौट गर्दछ । जुन शीर्षकभित्र समग्र विषय वस्तु अटाएका हुन्छन् ।[२०] शरीरका निम्ति टाउकाको जुन स्थान छ रचनाका निम्ति शीर्षकको त्यही स्थान छ ।[२१] शीर्षकले कृतिभित्र समाविष्ट विषयवस्तुहरूको मूलभाव वा सङ्केत गराउने सन्दर्भमा **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** कविता सङ्ग्रहभित्रका कविताहरूलाई हेर्दा वर्तमान विसङ्गतिपूर्ण कुण्ठा, निराश र वितृष्णाग्रस्त एवम् अस्तित्त्व र

---

[१९] ह्मेमाङ्गराज अधिकारी र बद्रिविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** (दो.सं.) काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३ पृ.९४२ ।

[२०] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र पुटकर कविता**, कीर्तिपुर : न्यू हिराबुक्स् इन्टरप्राइजेज, २०५९, पृ.३३४ ।

[२१] नारायणप्रसाद खनाल, **समीक्षा प्रहर प्रहरका**, नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६८, पृ.१७७ ।

मूल्यहीन जीवन बाँच्ने आजको मान्छेको वास्तविक यथार्थलाई निरस र टर्रो प्रतीत हुने मूलाको बोक्रा र मूल्य र महत्त्वहीन मानिएको किरा विशेष भ्याउँकिरीसँग समरूपता देखाई प्रतीकात्मक रूपमा कृतिको नामाकरण गरिएको शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

## ४.२.२ संरचना

विभिन्न अवयव घटकहरूको पारस्परिक सम्बन्धद्धारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ठ अस्तित्त्वलाई संरचना भनिन्छ ।[२२] संरचना दुई प्रकारका हुन्छन् । जसमा बाहिरी संरचना सतही हुने गर्दछ भने भित्री संरचना सूक्ष्म हुने गर्दछ ।[२३] 'मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी' कविता सङ्ग्रहलाई संरचनागत रूपले हेर्दा विभिन्न आयामका १५ वटा कविताहरू सङ्कलित भएको कभर पृष्ठसहित जम्मा ६४ पृष्ठको मध्यम आकारको कृति हो । प्रस्तुत कृति वि.स. २०३७ मा **आरन** त्रैमासिक परिवार चितवनको प्रकाशकत्वमा नारायणगढ, कुमार छापाखानाबाट प्रथम पटक ५०० प्रति प्रकाशित भएको कृति हो । यसको अग्र भागको पृष्ठाङ्क नखुलाइएको अक्षर सङ्केत क.....च पृष्ठमा 'प्राक्कथन' शीर्षकमा अनिल सिग्देलले कृतिको छोटो समीक्षा सहितको भूमिका लेखेका छन् । पृ ज मा 'केही शब्द विसङ्गतिमा अल्झिएको जीवनलाई' शीर्षक लेखमा धर्मराज अर्यालले आफ्नो विचार राखेका छन् । त्यसै गरी पछिल्ला कभर पृष्ठमा लेखकले कृतिका विषयमा आफ्नो छोटो विचार दिएका छन् । यसप्रकार यसको वाह्यावरण निर्माण भएको छ । संरचना परिचय अन्तर्गत यस सङ्ग्रहमा सङ्कलित कविताहरूको संरचनालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छ ।

**(क) तालिका सङ्ख्या १**

| क.सं | शीर्षक | पृष्ठ | श्लोक/अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| १. | गर्भवती काठमाण्डु | १–३ | ४ | ४८ |
| २. | एउटा कथा | ४–६ | १ | ४३ |
| ३. | प्रातः समीरकी एउटी विदुषी | ७–९ | १ | ५० |
| ४. | नजन्मेको छोरो | १०–१३ | २ | ८४ |

[२२] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ.३३४ ।

[२३] पूर्ववत् ।

| | | | | |
|---|---|---|---|---|
| ५. | रगतै रगतले भिजेको देश | १४-१६ | ५ | ४८ |
| ६. | वनकी परी | १७ | २ | १२ |
| ७. | विनाश, संहार, नयाँ सडक, अन्तस्करण | १८-२० | ७ | ४० |
| ८. | खबरदार गाली नगर मेरो रक्सीलाई | २१-२४ | ३ | ६९ |
| ९. | धमिराको गोलोमा | २५-२८ | ४ | ६१ |
| १०. | ....भित्रको शुष्क विद्रोह | २९-३० | १ | ३५ |
| ११. | मुलाको बोका र आलुमुनिको भ्याउँकिरी | ३१-३४ | १ | ६७ |
| १२ | धरातलमुनिको आकास | ३५-३८ | १ | ६२ |
| १३ | प्रकृति बोलोस् धक फुकाएर | ३९-४० | ३ | २७ |
| १४ | टुक्राटाक्री | ४१-४२ | ४ | २५ |
| १५ | रङगी विरङगी पोखरीभित्र | ४३-४८ | ५ | १०६ |

## ४.२.३ केन्द्रीय कथ्य

यहाँ **मूलाको बोका र आलीमुनिको भ्याउँकिरी** कविता सङ्ग्रहभित्रका कविताहरूको केन्द्रीय कथ्यलाई संक्षेपमा यसरी देखाइन्छ -

*गर्भवती काठमाण्डु* कविता प्रस्तुत कृतिको पहिलो कविता हो । यहाँ कविले आफ्नो सङ्गतिहीन जीवनको निराशा र कुण्ठाजन्य उद्‌गारलाई मर्मस्पर्शी अभिव्यक्ति प्रकट गरेका छन् । तिन सहरको सङ्गम काठमाण्डुको सौन्दर्यलाई हृदय भरिलिएर काठमाण्डु पस्दा कविले काठमाण्डुलाई सौन्दर्य विहीन देख्छन् । राष्ट्रको मुटु काठमाडौंमा कोलाहल, चिच्याहट र हाहाकार छ । कहीँ शान्ति छैन, आराम र वैभवको जीवनयापन गर्ने नाउँमा एकले अर्कालाई उछिन्ने र माया, सद्‌भाव र मानवीयता सबै हराउँदै गएको छ । यही विकृति र विसङ्गतिपूर्ण बनेको काठमाडौंको सामाजिक तथा प्राकृतिक दुरावस्थालाई देखाउन कविले काठमाण्डुलाई गर्भवतीका रूपमा लिएका छन् । यो कविता कविले २०३६ असोज २३ गते लेखेको उल्लेख यस कविताको अन्त्यमा गरेका छन् ।

*एउटा कथा* कविता सङ्ग्रहको दोस्रो कविता हो । यो कविता २०३६ साल गाईतिहारका दिन लेखिएको भनेर कविले मिति उल्लेख गरेका छन् । यस कवितामा सुरुको प्रसङ्गमा समाजको विकृत पक्षलाई देखाउँदै कविले युद्धको सन्दर्भ र संस्कृतिप्रेम तथा सत्ताका नाइकेहरूको आडम्बर चरित्रको पनि चर्चा गरेका छन् ।

*प्रातः समीरकी एउटी विदुषी* शीर्षक यस कविता सङ्ग्रहको तेस्रो कविता हो । २०३४ साल फागुन २० गते लेखिएको कविता भनेर कविले कविताको अन्त्यमा उल्लेख गरेका छन् । कवितामा मानिस जति नै प्रकृतिबाट अलग हुन खोजे पनि अलग्गिन नसकिने, प्रकृति र मानवका बीचको घनिष्ठतालाई प्रकृतिप्रेमी भावनाका रूपमा व्यक्त गरेका छन् ।

*नजन्मेको छोरो* कविता कविता सङ्ग्रहको चौथो कविता हो । २०३२ साल साउन १३ गते लेखिएको यस कवितामा कविको क्रान्तिचेत जुर्मुराएको छ । कवितामा तत्कालीन व्यवस्थाप्रतिको असन्तुष्टि प्रकट भएको छ । पञ्चायती शासकहरूको दमनका विरुद्ध जनताहरू सडकमा उत्रेर देश र जनतालाई मुक्ति दिने प्रजातान्त्रिक व्यवस्थाका प्रतीकका रूपमा नजन्मेको छोरो जन्मन लागेको आशावादी स्वर कविले नेपाल आमालाई कुन्तनामले सम्बोधन गर्दै प्रकट गरेका छन् ।

*रगतै रगतले भिजेको देश* कविता २०३६ साल असार १० लेखिएको हो । यस कवितामा कविले आफ्ना स्वाभिमानी वीर पुर्खाहरूको बलिदानी कार्यको स्मरण गर्दै आफन्त अर्थात् छिमेकी साथीको स्वाङ् रचेर राष्ट्र र राष्ट्रियतामाथि धक्का दिने विदेशी शासकहरूको हेपाहा प्रवृत्तिप्रति रोषपूर्ण अभिव्यक्ति प्रकट गरेका छन् ।

*वनकी परी* गेयात्मक कविता हो र अप्रकाशित खण्डकाव्य 'वनकी परी'को एक अंश भनेर अन्त्यमा कविले उल्लेख गरेका छन् । यस कवितामा कविले प्रकृतिलाई वनकी परीका रूपमा हेरेका छन् । प्रकृतिको उदास र विषाद अवस्थाको वर्णन गरेर कविले प्रकृतिको क्षयोन्मुख अवस्थाको चित्रण गरेका छन् ।

*विनाश संहार* शीर्षकलाई कविले मुक्तकहरू भनेर चारवटा उपशीर्षकमा लेखेका छन् । विनास मुक्तकमा शक्ति र होडबाजीले विश्वमा विनासको अवस्था ल्याएको प्रसङ्ग छ, दोस्रो संहारमा शक्ति राष्ट्रहरूले निर्धा राष्ट्रहरूलाई आफ्नो कब्जामा लिएर नरसंहार गर्न लागेको विश्वयुगीन समस्या देखाइएको छ । नयाँ सडकमा निर्धाहरूको विवशताको वर्णन छ भने अन्तस्करणमा एउटै मानव जातिमा पनि अनेक खाले विभेदको अवस्था आएको र निर्धाहरूले सधैँ रोएर दिन काट्नु पर्ने बाध्यात्मकताको सूक्ष्म चित्रण छ ।

*खबरदार ! गाली नगर मेरो रक्सीलाई* यो कविता अस्तित्त्वबोधी चेतनको उपजका रूपमा प्रस्तुत भएको कविता हो । यसमा कविले आफ्नो स्वतन्त्र अस्तित्त्व र लेखकीय स्वभावमाथि उपेक्षा गर्ने आफन्तहरूप्रति रोषपूर्ण अभिव्यक्ति प्रकट गरेका छन् । यसमा

मान्छेको स्वतन्त्रताको भावनामाथि कसैले दबाब दिनु हुँदैन, ऊ हरेक ठाउँमा स्वतन्त्र हुन पाउनु पर्छ भन्ने चाहना कविले राखेका छन् ।

*धमिराको गोलोमा आगो लाग्यो* यस सङ्ग्रहको नवौं कविता हो । यसमा अनेकौं बहाना पारेर निर्धा जनताहरूमाथि श्रम शोषण गर्ने, शोषक सामन्तहरूको बहुरङगी रूपको चित्रण र शोषित जनताप्रति सहानुभूति देखाइएको छ र अन्त्यमा निर्धाहरूको सङ्गठित स्वरूपका अगाडि सामन्तहरूले हारेर भागेको वर्णन गरेर कविले त्यस्ता शोषक सामन्तका विरुद्ध सबै नेपालीलाई सधैं एक जुट हुन आग्रह गरेका छन् ।

*"..........भित्रको शुष्क विद्रोह"* कारुणिक भावयुक्त कविता हो, जसमा कविले २०३७ साल असार १५ गते लेखेका भनेर उल्लेख गरेका छन् । यस कवितामा पञ्चायती शासकको कालरात्री समान शासनले निसास्सिएका जनताले मान्छेको जीवन पाएर पनि पशुतुल्य जीवन जिउनु परेकाप्रति दुःख प्रकट गरिएको छ र यहाँ जनताले भित्रभित्रै मौनविद्रोह गरेको अभिव्यक्ति प्रकट गरेका छन् ।

*मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी* कविता प्रस्तुत कृतिको शीर्षक पनि हो । २०३७ साल साउन ४ गते लेखिएको भनेर अन्त्यमा उल्लेख गरिएको छ । कवितामा कविले वर्तमान मान्छेको कारुणिक अवस्थाको चित्रण गरेका छन् । युगौंयुगदेखि अनेकौं शोषक सामन्तहरूको शोषणले पिल्सिएर डर, त्रास र छट्पटीमा बाँचेको आजको मान्छे आरनको खलाँती झैं अस्तित्त्वहीन, पराधीन, अर्कैको भोज र मोजका वस्तुझैं तथा ताप्के र कराहीहरूमा पाकेका वस्तुझैं मनमा ताप लिएर बाँच्न विवश छन् । साथै आजको मान्छे निर्माणका मेसिन जस्तै जड, धनीमानी र सामन्तहरूको भित्तामा टासिँएका शृङ्गारका वस्तु वा चिज र स्नेह, माया र सद्भावबाट ठगिएका बलिवेदीका निमुखा बोकाझैं, मूल्यहीन, निरस र टर्रो जीवन जिउने भ्याउँकिरी र मुलाको बोक्रा जस्तै महत्त्वहीन, अस्तित्त्वहीन, निराशा र कुण्ठाले ग्रस्त वर्तमान मान्छेको युगीन यथार्थलाई अत्यन्त सङ्गतिपूर्ण ढङ्गले चित्रण गरिएको छ ।

*धरातल मुनिको आकाश* यस सङ्ग्रहको बाह्रौं कविता हो । वि.सं. २०३४ साल साउन १० गते लेखिएको यस कवितामा कविले मान्छेको असफलताको चित्रण गरेका छन् । मान्छे के-के न गरुँलाझैं गरेर झिसमिसेमा विश्व जितुँलाझैं गरी जुर्मुराउँछ तर अन्धा मान्छे भऱ्याङ्मा ठोक्किएझैं असफलताको बल्ड्याङ हात लगाउँछ भन्दै कविले मान्छे

राजनीति, सामाजिक, आर्थिक हर पक्षमा असफल छ भनी जीवनको असफलताको चित्रण गरेका छन् ।

*प्रकृति बोलोस् धक फुकाएर* २०३७ साउन ४ गते लेखिएको कविता हो । यस कवितामा २०३७ सालको जनमन सङ्ग्रहको विजयोन्मादले मत्त पञ्चायती शासकहरूप्रति व्यङ्ग्य गरिएको छ । कविले यसका विरुद्ध प्रकृति क्रुद्ध भएकाले सबैले धक फुकाएर आन्दोलन चर्काउनुपर्ने उद्घोष गरेका छन् ।

*टुक्रा-टाक्री* यो कृतिको चौधौँ कविता हो । यसमा कविले निर्धाहरूले सङ्घर्षपूर्ण जीवन बाँच्दा पनि सामन्तहरूले सताउन नछाडेको र कवितामा सांस्कृतिक, आर्थिक, धार्मिक हरेक पक्षमा विकृति र विसङ्गति छ भन्दै अन्त्यमा जनतामा स्वतन्त्रताको चाहना रहेको कुरा प्रकट गरेका छन् ।

*रङगीविरङगी पोखरीभित्र* यस कृतिको अन्तिम कविता हो । यो २०३७ साल कार्तिक २० गते लेखिएको कविता हो । यस कवितामा नेपालको वस्तुस्थितिको चित्र उतार्दै नीला, राता, पहेँला र धर्से पाहा र भ्यागुताका रूपमा सामन्तहरूको चित्रण र विभिन्न नामका माछाका रूपमा नेपाली जनताहरूको बिम्बचित्र प्रस्तुत गरिएको छ । साथै यहाँ करेट, गोमन आदि साँपका रूपमा यहाँका जनताहरूलाई आपसमा लडाएर स्वार्थ लुट्न खोज्ने देशी-विदेशी दुस्मनहरूको चरित्र वर्णन गरिएको छ । अन्त्यमा यहाँका सबै जनता मिली राष्ट्र र राष्ट्रियता जोगाउन एकजुट हुनुपर्ने सन्देश प्रतिकात्मक रूपमा व्यक्त गरिएको छ ।

## ४.२.४ विषयवस्तु

कविता रचनाका लागि चयन गरिएको वस्तु नै विषयवस्तु हो ।[२४] यस्तो विषय बाह्य ब्रह्माण्डभित्रको यावत् वस्तु, मानवीय स्वभाव प्राकृतिक वस्तु, धर्म संस्कृति, देश समाज, राजनीति र जीवन भोगाइका अनेक पक्ष विपक्षसँग सम्बद्ध हुने गर्दछ ।[२५] यही अनुभूतिको यथार्थ प्रस्तुति कवि विरहीको कवितामा पाइन्छ । कवि विरहीले निरङकुशता, सामाजिक विकृति, क्रान्ति र विद्रोह, स्वाभिमान, स्वअस्तित्त्व, मानवीय मूल्य र अस्तित्त्वको खोजी, तत्कालीन व्यवस्थाप्रतिको असन्तुष्टि जस्ता विषयहरूलाई मुख्य विषयवस्तु बनाएका

[२४] पूर्ववत्, पृ. ३३४ ।

[२५] पूर्ववत्, पृ. ३३४ ।

छन् । विरहीको मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी कविता सङ्ग्रहमा सङ्कलित कविताको विषयवस्तुलाई यसप्रकार अध्ययन गरिएको छ -

**क) निरङ्कुशताको उद्घाटन**

कवि रेशम विरहीले आफ्नो कवितामा (लाक्षणिक एवं प्रतीकात्मक रूपमा) देशका निरीह जनतामाथि निर्दयी पञ्चायती शासकहरूले गरेको शोषण, दमन र अन्याय अत्याचार तथा निरङ्कुशताको उद्घाटन गरेका छन् । तत्कालीन अवस्थामा जनताका इच्छा आकाङ्क्षा र अधिकारहरू कुण्ठित भएको र शोषण दमनले थिचिएको यथार्थतालाई कविले आफ्ना रचनामा यसरी व्यक्त गरेका छन् -

अमूर्त र निमुखा मान्छेहरू
हाँस्दै युग बिताउने, रूदै दिन कटाउने
हामी जीवन मरणभित्रका सहभागीहरू
भाँचेर ओइलाइन्छन् कल्कलाउँदा मुलाका डुकुहरू

*मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी*, पृ.३२

**ख) सामाजिक विकृति**

वर्तमान समाजमा थुप्रै सामाजिक विकृति विसङ्गतिहरू बढ्दै गएका छन् । विरहीका कृतिमा पनि सामाजिक विकृतिका अभिाव्यक्ति यसरी प्रकट भएको छ ।

यहाँ धेरै काँडाहरू उम्रेका छन्
यस धर्तीको छातीमाथि
तिखा सुइराका चस्काइसँगै
यहाँ धेरै मायाहरू बिलाएका छन् ।

*एउटा कथा*, पृ.४

**ग) संस्कृतिप्रतिको चिन्ता**

कवि विरही नेपाली संस्कृतिलाई निकै माया गर्छन् । यहाँ कविको संस्कृतिप्रेम यसरी प्रकट भएको छ -

खै त आज मादल यहाँ

खै त आज सोरठी यहाँ

कता गए खैजडी र झ्याम्टा

नेपाल थर्काउने भूकम्पहरू

*एउटा कथा,* पृ.४

**घ) क्रान्ति र विद्रोह**

कवि विरही क्रान्ति चेत भएका एक विद्रोही कवि हुन् । उनी देशको राजनीतिक, आर्थिक, सामाजिक क्षेत्रमा आमूल परिवर्तनको आवश्यकता देख्दछन् । उनी जनताका स्वतन्त्रताको आशावादी कल्पनामा क्रान्तिकारी अभिव्यक्ति यसरी प्रकट गर्छन् -

रगत चुसिएर पहेलिएकाहरू

छाती फुकाएर मैदानमा उत्रलान्

कुन्ता !

तिमी प्रशव वेदनाले छटपटिन लाग्दा

हाम्रो नजन्मेको छोरो जन्मन खोज्दा ।

*नजन्मेको छोरो,* पृ.११

**ङ) मानवीय मूल्य र अस्तित्त्वको खोजी**

वर्तमान मान्छेले विसङ्गतिपूर्ण जीवन बाँच्नु परेको युगीन यथार्थलाई कवि विरहीका कवितामा अभिव्यञ्जित भएको छ । विविध परिस्थितिका कारण आजको मान्छेमा आएको निराशा र वितृष्णालाई देखाएर मान्छेको सङ्गतिहीन बँचाइ र आजका मान्छ्ले भोग्नुपरेको दुर्नियतिलाई कविले यसरी अभिव्यक्त गरेका छन् -

खलाँती जस्तै अर्काको सास फेराइबाट

कार्यरत हामी निर्धन र पराधीन मान्छे

दशौं मन ढुङ्गाले थिचिएर उकालो चढ्ने

खच्चड र गधाजस्ता हामी अबुझ र परिचालित मान्छे ।

*मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी,* पृ.३१

यसप्रकार कविभित्र जीवनबोधी, युगबोधी र विसङ्गतिबोधी भावनाहरू अटेस मटेस भएर काँही विद्रोही क्रान्तिचेत त काँही शान्ति र संस्कृतिचेत अनि काहीँ स्वत्व र स्वाभिमानी भावना र कतै आफ्नो रगतको इतिहास बोकेको राष्ट्रमाथि धावा दिने विदेशी शक्तिप्रतिको रोषपूर्ण अभिव्यक्तिहरू प्रस्तुत कविताका विषयवस्तु बनेका छन् ।

## ४.२.५ भावविधान

कविताको मूलतत्त्व भाव हो । कवितामा भावलाई मूल मेरूदण्डको रूपमा लिइन्छ ।[२६] प्रस्तुत कविता सङ्ग्रहका कविताहरूको अध्ययन गर्दा नेपाली जनताहरू विभिन्न परिस्थितिले पिल्सिएर मूल्यहीन, निरस, हतास र विसङ्गतिपूर्ण जीवन बाँचेको र तत्कालीन व्यवस्थाप्रतिको असन्तुष्टि र नेपाली जनताहरूले भोग्नु परेको युगीन विडम्बनाप्रति कारूणिक भाव प्रकट गरिएको छ । कवितामा कतै शोषक सामन्तहरूको चुसाहा प्रवृतिका कारण नेपाली जनताको जीवन दिनानुदिन कष्टकर र दयनीय बन्दै गएको अवस्थाबोध देखिएको छ भने कुनै कवितामा निरङकुशताका दरिला किल्लाहरू तोड्न सबै नेपाली जनताले एकपटक सङ्घर्ष गर्नुपर्ने विरोत्तेजित भाव प्रकट भएको छ । यसर्थ प्रस्तुत कविता सङ्ग्रह भित्रका कविताहरूमध्ये गर्भवती काठमाण्डु, एउटा कथा, प्रातः समीरकी एउटी विदुषी, वनकी परी, विनाश संहार, मुलाको बोक्रा र आलीमुनिको झ्याउँकिरी, धरातल मुनिको आकाश, टुक्राटुक्री र रङ्गी विरङ्गी पोखरीभित्र जस्ता कविताहरूमा शोक स्थायी भाव भएको करूण रसको अभिव्यक्ति पाइन्छ । त्यसैगरी प्रस्तुत कविता सङ्ग्रहका 'नजन्मेको छोरो' 'रगतै रगतले भिजेको देश' जस्ता कविताहरूमा उत्साह स्थायी भाव भएको वीर रसको अभिव्यक्ति प्रकट भएको छ । देशको विग्रँदो अवस्था र सामाजिक विकृतिप्रति कविको कारूणिक अभिव्यक्ति यसरी प्रकट भएको छ ।

> यही स्वर्ण संसारको गर्भभित्र
> चित्कारै चित्कारको झुप्राभित्र
> सायद तिमी पनि गर्भिणी भइछ्यौ
> नयाँ छोराको ममतामा
> सपनाभित्रै हराइछ्यौ

*गर्भवती काठमाण्डु*, पू.२-३

[२६] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र कविता,** पूर्ववत्, पृ.३३४ ।

टिपेर सिंगारिन्छन् चुल्ठाहरू

मेची र महाकालीका सुकोमल विहानीहरू

हामी मान्छेहरू

सम्पूर्णतामा न अटाएका संकीर्ण मान्छेहरू

*मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी*, पृ.३४

कवि विरहीले पञ्चायती, शोषक सामन्त र नेपालको प्राकृतिक स्रोतप्रति गिद्धे दृष्टि गाड्ने विदेशी शासकप्रति आक्रोशपूर्ण विरोत्तेजित भाव यसरी प्रकट गरेका छन् -

आकाश रित्तिएर संसारै भरि

सोभ्का सूर्यका किरण फिंजिएला

अनि प्रत्येक जङ्गल पहाड र कुना कोप्चेरा ।

आँसु र पसिना पिएर बाँचिरहेकाहरू

निर्ममता र शोषणले कठ्याङ्ग्रिएकाहरू

त्यो रा.........तो किरणको पाइलासँगै

टाकुरा र वेसीमा पहार ताप्न

कदम चाल्लान्

*नजन्मेको छोरो*, पृ.१२

विदेशी शासकप्रतिको आक्रोश कवि यसरी प्रकट गर्छन्

माछा मार्न जाल फ्याँक्ने

माझीलाई पस्न नदेउ

लड्दा लड्दै बाँच्न सके

रगत बगाई देश भिजाउ ।

*रगतै रगतैले भिजेको देश*, पृ. १५

### ४.२.६ लय

सङ्गीतमा ताल भए जस्तै कविताको भित्री सङ्गीत लय हो । कवितामा लय विधानलाई आवश्यक तत्त्व मानिन्छ ।[२७] प्रस्तुत कविता सङ्ग्रहका कविताहरू 'वनकी परी' गीति लयात्मक छन् । विनाश, संहारमा चारवटा उपशीर्षक सहितको मुक्तकहरू रहेका पाइन्छन् । यी बाहेक अरू सबै कविताहरू मुक्त लय ढाँचाका गद्यात्मक अनुच्छेदमूलक रहेका छन् ।

गद्य लयको कविता-

रगतै रगतको थोपासगैँ
लेखिएको इतिहासलाई
रातै रगतले पोत्तिदेऊ
किनकि यो देश
रगतै-रगतले भिजेको देश

*रगतै रगतले भिजेको देश,* पृ.१५

याद गर !
मान्छे जे पनि हुन सक्छ
कुहिनसक्छ-कुहिन देऊ
निभ्न सक्छ-निभ्न देऊ
बल्न सक्छ-बल्न देऊ
मर्न सक्छ-मर्न देऊ
जोगाउने कोशिश नगर
खबरदार !
यो तिम्रो काम हैन

*खबरदार गाली नगर मेरो रक्सीलाई,* पृ.२२

---

[२७] इश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, पूर्ववत्, पृ.३३४ ।

गीति लयको कविता-

यो विशाल वनमा सुन्दिन मैले चरिले गाएको

यो मिठो वनमा देख्दिन मैले मयुर नाचेको

किन हो परी प्रकृतिलाई उजाड पारेकी?

किन हो परी निसाललाई तिम्ले पखाई राखेकी?

*वनकी परी*, पृ. १७

**मुक्तक**

अनि यस्तै यस्तै यहाँ

प्रत्येक गर्मी जाडो हिउँद वर्षा

सबका सब प्रकृति र प्रवृतिको

भण्डार भएको छ नयाँ सडक

*विनाश संहार*, पृ.२०

यस प्रकार कवि विरहीको प्रस्तुत कवितामा लय विविधता रहेको पाइन्छ ।

## ४.२.७ भाषाशैली

कवितामा भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ ।[२८] यस्तो भाषाका वर्ण पद शब्दले रागात्मकता लयात्मकता ललित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो ।[२९] यस किसिमको भाषाशैली कविताको मूल तत्त्व हो ।[३०] यो भाषाशैली गद्यात्मक पद्यात्मक दुवै हुने गर्दछ ।[३१] रेशम विरहीका कविताहरू सामान्यतः सरल भाषामा नै सामाजिक परिस्थितिको चित्रण गरिएको छ । उनका केही कविताहरूमा सरसता भने त्यति पाउन सकिँदैन । कुनै-कुनै कवितामा वैयक्तिक आवेग बढी देखिन्छ ।

[२८] ऐजन ।

[२९] ऐजन ।

[३०] ऐजन ।

[३१] ऐजन ।

कतिपय कवितामा राजनीतिक विचारहरूको प्रस्तुतिकरण भएको हुँदा परिस्थिति नबुझीकन सोझै अर्थ लगाउन नसकिने खालको पनि छ । विरहीका कवितामा भाषा र भावको कला पक्षभन्दा विचारको प्रबलता बढी देखिन्छ । काव्यिक शिल्पभन्दा राजनीतिक प्रभाव र विरोध बढी पाइन्छ । तत्कालीन सामाजिक र राजनीतिक परिस्थितिलाई चित्रण गरी लेखिएका उनका कवितामा शोषक, सामन्तहरूको चित्रण गर्न प्रयोग गरिएका उपियाँ, उँडुस र रोङटे कमिला जस्ता पदावलीहरू युक्तिसङ्गत भएपनि सामान्य जनताका लागि बुझाउन प्रयोग भएको धमिराजस्ता शब्द भने त्यति युक्तिसङ्गत देखिँदैन । यति हुँदाहुँदै पनि उनको कविताको भाषाशैली पक्ष सरल प्रकृतिको नै रहेको पाइन्छ ।

### ४.२.८ अलङ्कार

अलङ्कारको अर्थ सजाउनु हो र कविताको सौन्दर्यको लागि अलङ्कार आवश्यक देखिन्छ । अलङ्कार काव्यको शोभाकारक तत्त्व हो । कविताको सौन्दर्य अभिवृद्धि गर्ने भूमिकाका आधारमा अलङ्कार दुई किसिमको हुन्छ । शब्दलङ्कार र अर्थालङ्कार । शब्दमा चमत्कृति प्रदान गर्नेलाई शब्दालङ्कार र अर्थमा चमत्कृति प्रदान गर्नेलाई अर्थालङ्कार ।[३२] 'मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी' कविता सङ्ग्रह भित्रका कविताहरूमा अर्थालङ्कारका रूपमा रूपक, अतिशयोक्ति, उपमा आदि अलङ्कारको प्रयोग भएको पाइन्छ ।

#### क) रूपक अलङ्कार

एक वस्तुका रूपको अर्को वस्तुसँग आरोप गरेर दुबैमा एकरूपता स्थापित गरिन्छ भने त्यहाँ रूपक अलङ्कार हुन्छ ।[३३] प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा रूपक अलङ्कारको प्रयोग यसरी भएको छ -

हामी ओदान माथिका ताप्के र कराइहरू
परपरि भुटिएका, छडछडा छड्किएका
हामी भुटुवा र बासी भातका निस्ता चोइलीहरू

*मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी*, पृ.३३

---

[३२] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृति**, पूर्ववत्, पृ. ५३७ ।

[३३] रामचन्द्र लम्साल र अन्य, **साहित्यशास्त्र नेपाली समालोचना र शोधविधि**, काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६३, पृ.५२ ।

**ख) उपमा अलङ्कार**

उपमा र उपमेयको समान धर्मका आधारमा दुई बस्तुका बीच भिन्नता भए पनि समानता स्थापित गरिन्छ भने त्यहाँ उपमा अलङ्कार हुन्छ।[३४] यस कृतिको कवितामा उपमा अलङ्कारको प्रयोग यस्तो छ -

खलाँती जस्तै अर्काको स्वास फेराइबाट
कार्यरत हामी निर्धन र पराधीन मान्छे
दशौं मन ढुङ्गाले थिचिएर उकालो चढ्ने
खच्चड र गधाजस्ता हामी अबुझ र परिचालित मान्छे

(*मुलाको बोक्रा,* पृ.३१)

**ग) अतिशयोक्ति अलङ्कार**

जहाँ उपमानद्वारा नै उपमेयको प्रतीत हुन्छ त्यहाँ अतिशयोक्ति अलङ्कार हुन्छ।[३५] जनसाधारण प्रचलित उक्तिभन्दा अनौंठो र चमत्कारपूर्ण उक्ति अतिशयोक्ति हो। यस अलङ्कारमा कुनै वस्तुवा विषयको वर्णन वास्तविकता भन्दा बढी गरिन्छ। यहाँ अतिशयोक्ति अलङ्कारको प्रयोग यसरी भएको छ -

प्रेम वियोगको माला जप्दै
पुनर्मिलनको नारा दिँदै
ज्युँदा लासहरूको काँध चढी
गोगो रम र ह्विस्की भित्र
सिँगै देश बगाउन खोज्दै
किन यो सहरमा आइरहेको

## ४.२.९ बिम्ब र प्रतीक

स्रष्टा वा सर्जकका मानस पटलमा रहेका मानसिक तस्विरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ।[३६] प्रतीकले अभिव्यक्तिको सङ्केत भन्ने अर्थ बुझाउँछ र

[३४] रामचन्द्र र अन्य, **साहित्यशास्त्र नेपाली समालोचना र शोध विधि**, पूर्ववत्, पृ. ५३।

[३५] ऐजन, पृ. ५४।

[३६] लक्ष्मणप्रसाद गौतम, लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत्, पृ. ५५३।

यो वस्तु तत्त्वको प्रतिनिधित्व गर्ने साङ्केतिक प्रयोग हो ।[३७] प्रस्तुत कविता सङ्ग्रह भित्रका कविताहरूमा धेरै यस्ता बिम्ब र प्रतीकको प्रयोग भएको छ । यस कृतिमा प्रयोग भएका बिम्ब प्रतीकलाई यसरी देखाइन्छ -

टिपेर सिंगारिन्छन् चुल्ठाहरू
मेची र महाकालीका सुकोमल बिहानीहरू
हामी मान्छेहरू
सम्पूर्णतामा नअटाएका सङ्कीर्ण मान्छेहरू

*मुलाको बोक्रा आलिमुनीको भ्याउँकिरी,* पृ.३३

यस कवितांशमा प्रयोग भएका सिंगारिएका चुल्ठाहरू र मेची महाकालीका सुकोमल बिहानीहरू आजका मान्छेहरूलाई बुझाउन प्रयोग गरिएका बिम्बहरू हुन् ।

म बन्द शोकेशमा प्रतबिम्बित हुँदै
फुटेका शिशाका धारहरूमा
निश्चल सिकुटे औँलाहरू चल्बलाउँदै
रगतले पोतिएका रातै विवशतालाई
तिम्रो छाती र करङहरूमा लतपत्याउँदै
आमा ! म टहलिइ रहेछु
कहिले उँधो कहिले उँभो

*गर्भवती काठमाण्डु,* पृ.१

यस कवितांश प्रयोग भएका बन्द शोकेश, फुटेका शिशाका धार, निश्चल सिकुटे औँलाहरू जस्ता शब्दहरू काठमाण्डुको पर्यावरणीय र सामाजिक विकृतिलाई बुझाउन प्रयोग गरिएका प्रतीक हुन् ।

## ४.२.१० निष्कर्ष

प्रस्तुत **मुलाको बोक्रा र आलीमुनिको भ्याउँकिरी** रेशम विरहीको साहित्यिक जीवनको पहिलो पुस्तककार कृति हो । प्रस्तुत कृतिमा पन्ध्र वटा कविताहरू रहेका छन् । यी

[३७] ऐजन ।

मध्ये एउटा गीत, एउटा मुक्तक र अरू सबै गद्य कविताहरू रहेका छन् । प्रस्तुत कविता सङ्ग्रहको कविताहरूमा तत्कालीन समाजले भोग्नु परेको थिचोमिचो, अन्याय, अत्याचार र आर्थिक, सामाजिक, राजनीतिक विकृति विसङ्गतिप्रति चिन्ता र रोष प्रकट गर्दै शोषण, दमन, अन्याय, अत्याचाररहित स्वतन्त्र सुन्दर समृद्ध समाजको कामना गरिएको छ । यस सङ्ग्रहमा समाविष्ट कवितामा समाजमा व्याप्त विकृति विसङ्गति र असमानताहरूको यथार्थ चित्रण गर्नुका साथै राष्ट्रप्रेम, पुर्खाहरूको सम्मान, संस्कृतिको रक्षा, मानवीय मूल्यको खोजी, समतामूलक समाज सिर्जनाको चाहना प्रकट गरिएको छ । प्रस्तुत कृतिमा कलापक्ष र भावपक्षभन्दा विचार पक्ष प्रबल रहेकोले सामान्य पाठकका लागि केही कठिन प्रतीत हुन्छन् तापनि कविता भाषिक दृष्टिले स्वाभाविक छन् ।

## ४.३ भित्ताको रङ कविता सङ्ग्रहको अध्ययन

भित्ताको रङ रेशम विरहीको दोस्रो प्रकाशित कृति हो । यस कविता सङ्ग्रहको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ-

### ४.३.१ शीर्षक

साहित्यकार रेशम विरहीको प्रस्तुत कविता सङ्ग्रहको नामाकरण यसै सङ्ग्रहभित्रको अन्तिम कविता *भित्ताको रङ* शीर्षकबाट गरिएको छ । यहाँ भित्ता भन्नाले नेपाली स्वाभिमानी वीर पूर्खाहरूले स्थापित गरेको मौलिक संस्कृति र स्वाभिमानको धरोहर भन्ने प्रतीकात्मक अर्थ हुन्छ भने रङ भन्नाले आदर्श, सत्य र मौलिक पहिचान भन्ने लाक्षणिक अर्थ हुन्छ । कविताका शीर्षकहरू र कथ्यका बीच प्रतीकात्मक सङ्गति देखा पर्ने प्रस्तुत शीर्षकमा हराउँदै जान थालेको राष्ट्रियताको संवेदनशीलता, मौलिक पहिचान र संस्कृतिप्रतिको चिन्ता अनि जीवनको यथार्थ भोगाइको सारहरू मर्मस्पर्शी ढङ्गबाट समेटिएकाले शीर्षक सार्थक र युक्तिसङ्गत नै देखिन्छ ।

### ४.३.२ संरचना

प्रस्तुत कविता सङ्ग्रह वि.सं. २०५७ भदौमा दिव्य प्रकाशन प्रा.लि. काठमाडौंबाट प्रकाशित साहित्यिक कृति हो । नीलो रङमाथि इट्टको गारोमा आड लिएर एउटा वृद्ध पुरुष बिटबाट फाट्न लागेको टोपी र रातो कमिज लगाएर दुवै हात माथि उठाई जागृतिको हाँक

दिइरहेको जस्तो प्रतित हुने पूर्वभागको बाहिरी आवरण पृष्ठ चित्ताकर्षक छ । यसको पश्चावरणमा कविको सचित्र सामान्य परिचय र त्यसको तल्लो भागमा प्रमोद प्रधान र नयनराज पाण्डेले कविको सिर्जनधर्मिताप्रतिको हार्दिकता प्रकट गरिएका विचारहरू रहेका छन् भने अग्रभागको भित्री आवरणमा पृष्ठ क-ख मा *नागरिक चिन्ताका कविता* शीर्षकमा श्यामलले भूमिका लेखेका छन् । पृ. ग-घ मा लेखक स्वयंले *सन्दर्भ : भित्ताको रङ* शीर्षक लेखमा रचना कृतिबारे आफ्ना भावना प्रकट गरेका छन् ।

प्रस्तुत कृति जम्मा ७६ पृष्ठमा संरचित कृति हो । यस कविता सङ्ग्रहमा विभिन्न आयामका गरी ३१ वटा शीर्षकहरू रहेका छन् । यसभित्रका कविताहरूमध्ये *मन* कविता गीतिलयात्मक रूपमा लेएिको छ भने अरू सबै गद्य छन्दमा रचिएका छन् । यस कविता सङ्ग्रहमा सङ्कलित कविताहरू बढीमा आठ पृष्ठ र घटीमा एक पृष्ठमा लेखिएका छन् । यस कविताका शीर्षक, पृष्ठ, छन्द, श्लोक/अनुच्छेद, हरफलाई तालिकामा यसरी देखाइन्छ -

**तालिका सङ्ख्या - २**

| क्र.सं. | शीर्षक | पृष्ठ | श्लोक/अनुच्छेद | हरफ |
|---|---|---|---|---|
| १. | विर्खबहादुरको टोपी | १-३ | ६ | ५८ |
| २. | गुलेलीको गीत | ४-६ | ८ | ५० |
| ३. | मलाई मन नपराउने आफन्तलाई | ७-९ | ११ | ५७ |
| ४. | आमाको तेस्रो स्तन काटियो | १-११ | ४ | २४ |
| ५. | विज्ञान र दर्शन | १२-१४ | १० | ४४ |
| ६. | थकाई | १५-१७ | १२ | ५२ |
| ७. | साक्षी | १८-२० | १२ | ६४ |
| ८. | मौनताको भाषा | २१ | १ | १९ |
| ९. | अन्तरङग प्रेम | २२ | १ | २१ |
| १०. | मानिस र मलामी | २३-२४ | ४ | ४५ |
| ११. | विजय मल्लको एक मिनेट | २५-२६ | ७ | ३८ |
| १२. | सुनको थोपा | २८-३० | ६ | ६० |
| १३. | शहीद र बारुद | ३१-३४ | १३ | ९० |
| १४. | साउन र शासन | ३५ | ५ | १५ |

| | | | | |
|---|---|---|---|---|
| १५. | वासिङ्टनको घण्टाघर | ३६–३७ | ४ | २८ |
| १६. | जिउँदा लासमाथि गिद्धहरू | ३८–४० | ७ | ६८ |
| १७. | ऊ हिमाल चढ्दैन | ४१–४३ | ४ | २८ |
| १८. | दुईपटक एउटा मान्छे देखेँ | ४४ | १ | २१ |
| १९. | पुरानो पुरानो कालो कोट | ४५–४६ | ३ | ३८ |
| २०. | भूल | ४७–४८ | ४ | २७ |
| २१. | बैंस उमेरकी मेरी छोरी | ४९–५० | १ | ३६ |
| २२. | मसानघाट | ५१–५२ | १ | ३५ |
| २३. | धक फुकाएर रुन दे | ५३–५४ | ४ | ३३ |
| २४. | नभएको सत्य सकियो | ५५–५६ | ४ | २७ |
| २५. | मन | ५७ | ६ | १२ |
| २६. | इतिहासका अक्षर | ५८–५९ | ४ | ३४ |
| २७. | टुकी | ६० | ३ | १६ |
| २८. | मेरो कविता घाइते कविता | ६१–६२ | ३ | २७ |
| २९. | प्रेम कहानी | ६३–६६ | ९ | ९९ |
| ३०. | सिंहदरबार | ६७–६८ | ६ | ४३ |
| ३१. | भित्ताको रङ | ६९–७६ | २३ | १८२ |

## ४.३.३ केन्द्रीय कथ्य

यस सङ्ग्रहमा सङ्कलित कविताहरूका केन्द्रीय कथ्यलाई यसरी देखाइन्छ -

*बिर्खबहादुरको टोपी* वर्णनात्मक शैलीमा लेखिएको कविता हो । यस कवितामा नेपाली राष्ट्रियताको संवेदनशीलतालाई प्रस्तुत गरिएको छ । कवि विरहीले नेपाली राष्ट्रियता र स्वाभिमानको प्रतीकका रूपमा *बिर्खबहादुरको टोपी* शीर्षक प्रस्तुत गरेर नेपालीहरूको वास्तविक स्थिति चित्रण गरेका छन् ।

*गुलेलीको गीत* कवितामा बुद्धको जन्मभूमि शान्त नेपाल अहिले कोलाहल, क्रन्दन, चिच्याहट र सन्त्रासमय वातावरणमा परिणत भएकोप्रति कविले चिन्ता प्रकट गरेका छन् ।

*मलाई मन नपराउने आफन्तलाई* कवितामा कविका आफन्तहरूले कविप्रति गरिएका तिरस्कारपूर्ण व्यवहारले दिक्क बनाएर कविमा कुण्ठा र आक्रोश सल्बलाएको देखिन्छ । कविले यस कवितामा आफन्त भनाउँदाहरूको विगत र वर्तमानको वास्तविक अवस्थालाई अति आक्रोशपूर्ण भावमा स्पष्ट चित्रण गरेका छन् ।

*आमाको तेस्रो स्तन काटियो* महाकाली सन्धीको सन्दर्भमा लेखिएको प्रस्तुत कविताले राष्ट्रियताको विशिष्ट परिचय दिएको छ । यहाँ राष्ट्रवादी भनिएका राजनीतिक दलहरू पनि राष्ट्रविरोधी काममा उद्यत हुन पुग्दा रहेछन् भन्ने मार्मिक अभिव्यक्ति प्रकट गरिएको छ ।

*विज्ञान र दर्शन* कवितामा भोको पेट र नाङ्गो आङ बाँच्न विवस नेपालीहरूका निम्ति दर्शनको आदर्श र विज्ञानको भौतिक चमत्कार निरर्थक छन् भन्ने भाव प्रकट गरिएको छ ।

*थकाई* कवितामा प्रजातन्त्र पुनःस्थापनापछिका दिनमा पनि नेपाली जनताहरू शोषित, पीडित भएको यथार्थ उल्लेख गरिएको छ । यहाँ नेपाली जनताहरूले पटक पटक युद्ध लडेर पनि स्वात्मानुभूति हुन नसकेको विवश चित्र प्रस्तुत गरिएको छ ।

*साक्षी* कवितामा कुनै एक किसिमको राजनीतिक दलको विगत र वर्तमानको स्थितिबोध गरिएको छ ।

*मौनताको भाषा* कवितामा नेपाली जनताको दुरावस्थाको चित्रण छ । न्यूनतम इच्छा र आकाङ्क्षा लिएर रगतको बलिदेवीमा होमिँदै आएको प्रजातन्त्रमा पनि नेताहरूको स्वार्थी, सुविधाभोगी र प्रतिकूल प्रवृत्तिका कारण स्वतन्त्रताको अनुभूति गर्न नपाएर निसास्सिएर बसेका नेपाली जनताहरूको यथार्थतालाई प्रस्तुत गरिएको छ ।

*अन्तरङ्ग प्रेम* कवितामा कविभित्र प्रेम प्रणय चित्र निसास्सिएको भाव प्रकट भएको देखिन्छ । यहाँ कविले प्रेमिकाको प्रेमलिङ्गनबाट ठगिएको आत्मपीडाको भाव प्रकट गरेका छन् ।

*मानिस र मलामी* कवितामा वर्तमान प्रजातन्त्रप्रतिको वितृष्णा भाव झल्किएको पाइन्छ । 'सूर्य त उदायो कालो सूर्य उदायो' भन्ने यस अभिव्यक्तिले रातो सूर्य उदाउने आशामा बसेका मानिसहरू कालो सूर्यको रापले डढेर मुर्दा र मलामी बनेको भाव प्रकट गरिएको छ । यसमा प्रजातन्त्र प्राप्तिपछिका दिनमा पनि नेपाली जनताहरूले भोग्नुपरेका पीडा र व्यथालाई मूल कथ्य बनाइएको छ ।

*विजय मल्लको एक मिनेट* कवितामा विभिन्न कालखण्डका निरङ्कुशी शासकहरूका कारण समयको गति अर्थात् विकासको गति अवरुद्ध भएकाप्रति विद्रोहको भाव प्रकट गरिएको छ ।

*सुनको थोपा* कवितामा ऋतुकालीन वर्षावृष्टिसँगै आशावादी बनेका श्रमजीवी जनताहरूमाथि विभिन्न बहानामा श्रम शोषण गर्ने सरकारी शासकहरूप्रतिको आक्रोशपूर्ण अभिव्यक्ति प्रकट गरिएको छ ।

*शहीद र बारुद* कवितामा कविमा राष्ट्रवादी भावना पोखिएको छ । कवि राष्ट्र र राष्ट्रियतामाथि बढ्दै गएको हस्तक्षेपप्रति चिन्तित देखिन्छन् र नेपाल खोज्छन्, देशलाई छाम्छन् र माटो सुमसुम्याउँछन् ।

*साउन र शासन* साउनको भेलबाढीसँग निरङ्कुशी शासन चरित्रलाई समरूपता प्रदान गरिएको कविता हो । यस कवितामा निरङ्कुश शासनमा नेपाली जनताहरूले त्रासैत्रासमा बाँच्नु परेको यथार्थतालाई प्रस्तुत गरिएको छ ।

*वासिङ्टनको घण्टाघर* कवितामा विश्व भूमण्डलीकरणका नाममा विश्वलाई आफ्नो औपनिवेशिक राज्यका रूपमा साम्राज्यवाद लाद्न खोज्ने अमेरिकी दादागिरीप्रतिको यथार्थ चित्र प्रस्तुत गरिएको छ ।

*जिउँदा लासमाथि गिद्धहरू* प्रतीकात्मक कविताका रूपमा लेखिएको कविता हो । यस कवितामा सोझा सिधा नेपाली जनतामाथि शोषण गर्ने सामन्त शासकहरूको स्वार्थी प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ ।

*ऊ हिमाल चढ्दैन* कवितामा कवि आफूलाई नेपाली जनताहरूको प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गरेर अग्लो-होचो, धनी-गरिब र पक्ष-विपक्ष नरुचाउने नेपालीहरूको समताभाव प्रकट गर्दछन् ।

*दुई पटक एउटै मान्छे देखें* कवितामा पुरानै चिन्तन शैलीमा रूपमात्र नयाँ फेरिएको नक्कली प्रवृत्तिका मान्छेको दृष्टिचित्र प्रस्तुत गरिएको छ ।

*भूल* कवितामा जीवनबोधी भावना व्यक्त भएको पाइन्छ । कविले यहाँ मदोन्मत्त यौवन अवस्थाप्रतिको उग्र भावलाई प्रौढावस्थाको जीवनबोधी भावनामा पौडिएर विगतका कार्यहरूलाई भूलका रूपमा स्वीकारेका छन् ।

*बैस उमेरकी मेरी छोरी* कविता वैयक्तिक प्रकृतिको छ । यसमा कविभित्र पुत्री वात्सल्यताको रस बगेको छ । छोरीको तारुन्यताको सौन्दर्यले कवि आत्मविभोर बनेका छन् ।

*मसान घाट* कवितामा अभिधा अर्थमा नै कविले संवेदनाहीन मसानघाटको परिवेशको चित्रण गरेका छन् ।

*धक फुकाएर रुन दे* कवितामा नयाँ युगको आमन्त्रणका लागि पञ्चायती शासनका विरुद्ध, आँधिबेहरी सिर्जना गरी साहित्यकार, पत्रकार, किसान र अन्य क्षेत्र र तप्काका जनताहरूलाई अघि बढ्न उत्साह प्रदान गरिएको छ ।

*नभएको सत्य सकियो* कवितामा कविले मानिसमा मानवीय सत्य हराएको र असत्यले जहाँतहीँ राज गरेको भाव व्यक्त गर्दै आत्मपीडाका रूपमा वर्तमानको यातनाजन्य मानवीय जीवनको चित्रण गरेका छन् ।

*मन* कवितामा वर्तमान अवस्थामा हराउँदै गएको मानवमूल्यको खोजी गर्ने प्रयास गरिएको छ । यसमा नेपालीहरूको आत्मपरिचय र स्वाभिमान भाव प्रकट भएको छ ।

*इतिहासका अक्षर* कवितामा समयको गम्भीरताका कारण साहित्य र साहित्यकारहरूको उचित मूल्याङ्कन नभएकाप्रति कविद्वारा खिन्नता भाव प्रकट गरिएको छ ।

*टुकी* कवितामा प्रजातन्त्र आएपछि पनि जनताहरू निरास नै भइरहनु परेको कटु यथार्थलाई चित्रण गरिएको छ ।

*मेरो कविता घाइते कविता* कवितामा अँध्यारो कालरात्रीतुल्य निरङकुश शासनको अन्त्यका लागि जनताका आवाजलाई अक्षरमा उतारेर उज्यालोको आमन्त्रण गर्ने साहित्यकारहरूको साहित्यिक पत्रपत्रिकाहरू सरकारी पक्षबाट जफत गरिएकोप्रति आक्रोशपूर्ण अभिव्यक्ति प्रकट गरिएको छ ।

*प्रेमकहानी* कवितामा राष्ट्रियता, स्वाभिमान र संस्कृतिप्रति चासो नदेखाउने स्वार्थी शासकहरूप्रतिको असन्तुष्टिजन्य विद्रोहको भाव प्रकट गरिएको छ ।

*भित्ताको रङ* कवितामा वर्तमान विकृति र विसङ्गतिका कारण हराउँदै गएको राष्ट्रियता, स्वाभिमान, संस्कृति, पुर्खाहरूको कार्य अनि शाश्वत सत्यप्रति चिन्ता प्रकट गरिएको छ ।

यसप्रकार नेपाली राष्ट्रियता, स्वाभिमान र संस्कृतिप्रतिको निष्ठा र स्वतन्त्र, समृद्ध र सुन्दर समाजको कामना यसभित्रका कविताहरूको मुख्य अभिष्ट रहेको छ ।

## ४.३.४ विषयवस्तु

भित्ताको रङ कविता सङ्ग्रहभित्र कवि विरहीले मुलुकको बिग्रँदो अवस्था, राष्ट्रियता, स्वाभिमान र मानवीय मूल्यप्रतिको चिन्ता र राजनीतिक, सामाजिक, सांस्कृतिक विकृति र विसङ्गतिको चित्रण गरेका छन् । उनको राष्ट्र, राष्ट्रियता र नेपाली जातिप्रतिको चिन्ताका बारेमा श्यामलले यस्तो विचार प्रकट गरेका छन्- कविताको मूल चरित्र राष्ट्रियता र नागरिकप्रतिको सरोकार हो ।[३८] स्वयं लेखकले *सन्दर्भमा भित्ताको रङ*मा यस्तो विचार प्रकट गरेका छन्- यो मेरो विषम जिन्दगी र अस्तित्त्व रक्षाको चेष्टा हो ।[३९] समीक्षात्मक टिप्पणी र यस सङ्ग्रहको कवितालाई हेर्दा यसमा राष्ट्र, राष्ट्रियता र नेपाली जातिप्रति कविले चिन्ता प्रकट गरेका छन् । सामाजिक विकृति, राजनीतिक व्यङ्ग्य, सांस्कृतिक चेतना, स्वतन्त्रताको आकाङ्क्षा, प्रणय चेतना जस्ता कुराहरूलाई नै यस सङ्ग्रहको विषयवस्तु बनाएका छन् ।

### क) राष्ट्रियता

कवि विरही आफ्नो कवितामा राष्ट्र, राष्ट्रियता र स्वाभिमानलाई उच्च स्थानमा राखेर राष्ट्रको महिमागान गर्न पुग्छन् । उनका कवितामा राष्ट्रियता र स्वाभिमानप्रतिको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ-

टोपी लगाएर
बहादुरको स्वाभिमानमा
फुल्ने बिर्खबहादुर
आजभोलि
मणि हराएको सर्प जस्तै
टोपीको मायामा
स्वाभिमान खोज्दै
भौँतारिएको छ ।

*बिर्खबहादुरको टोपी*, पृ. ३

[३८] श्यामल, *नागरिक चिन्ताका कविता,* **भित्ताको रङ,** काठमाडौं : दिव्यप्रकाशन प्रा.लि., २०५७, पृ. क-ख ।
[३९] रेशम विरही, *सन्दर्भ भित्ताको रङ;* **भित्ताको रङ,** पूर्ववत्, पृ. ग-घ ।

### ख) सामाजिक विकृति

समाजमा विद्यमान यथार्थ पक्षले स्रष्टालाई प्रभाव पारेको हुन्छ । कवि विरहीका रचनामा समाजका विविध विकृति र वेथितिको भावनाहरू प्रतिबिम्बित भएका छन् । यस कवितामा शोषक र शोषितप्रतिको विसङ्गत दृष्टिचरित्रलाई कविले यसरी प्रकट गरेका छन्-

म देख्दै छु

जिउँदा लासमाथि गिद्धहरू

लासहरूको जुलुसबाट माथि उठेका

र लासहरूमाथि नै ठुँडा गाडेर

मानिसको आकृतिमा गिद्धहरू

*जिउँदा लासमाथि गिद्धहरू*, पृ. ३८

### ग) राजनीतिक व्यङ्ग्य

वर्तमान समयमा राजनेताहरूको सत्तामोह, स्वार्थी प्रवृत्ति र विदेशी शासकहरूप्रतिको स्वामीभक्ति चरित्र र दास मनोवृत्तिका कारण राष्ट्र, राष्ट्रियता, स्वाभिमान र जनताको भावनामा कुठाराघात भइरहेको छ । प्रजातन्त्र प्राप्तिपश्चात् पनि राष्ट्रवादी भनिएका राजनेताहरूबाट राष्ट्र विरोधी काममा उद्यत भएकाप्रति कवि यसरी व्यङ्ग्य गर्छन्-

मुक्तिकामी अभियन्ताको दुन्दुभि बीच

बन्धकी बसेका हातहरूबाट

विचारको बोटले उमारेको

तरबार समातेर चरप्प

आज मध्याह्नको साइत पार्दै

आमाको तेस्रो स्तन काटियो

*आमाको तेस्रो स्तन*, पृ. ११

**घ) सांस्कृतिक चेतना**

कवि विरहीका कृतिमा नेपाली संस्कृति र पुर्खाहरूको कार्यप्रतिको आस्थाभाव सशक्त रूपमा प्रकट भएको पाइन्छ । उनी आफ्नो संस्कृतिप्रतिको आस्थाभावलाई यसरी प्रकट गर्दछन्-

दशहरी आमाको भाकामा भजनचुड्का
साडी र तन्नाको भाकामा बालुन र सोरठी
खाली सिसीमा धिमेबाजा
पुरानो कागजमा पञ्चैबाजा
अनुदित हुँदै हुँदै अस्मिताको समाविष्ट
धान नाच र देउडा समेत सोहोरेर
कोशी, गण्डकी र महाकालीले बगायो ।

*सिंहदरबार,* पृ. ६८

**ङ) आत्मपीडा**

कविलाई कहिले राष्ट्रियताप्रतिको घात-प्रतिघात त कहिले आफन्तहरूबाट आफ्नो सिर्जनधर्मिताप्रति आघात पुग्ने कार्य हुँदा मानसिक क्षोम उत्पन्न हुन जान्छ । कविले मानसिक क्षोमको अभिव्यक्ति कवितामा यसरी प्रकट गरेका छन्-

पुर्खाले ठड्याएको भित्तो
पुर्खाको रगतले माटो मुछेर
कुशल मूर्तिकारले बुट्टा भरेर
उभ्याइदिएको सुन्दर पर्खाल
आँसुले भिजेर पग्लन थाल्यो
रगतले भिजेर पग्लन थाल्यो ।

*भित्ताको रङ,* पृ. ७५

कवि आफन्त भनाउँदाहरूबाट उपेक्षित हुनुपर्दाको आक्रोश यसरी प्रकट गर्दछन् -

तिमी र म फरक हुनुको अर्थान्तरमा
एउटै इतिहासको कालो अक्षर बोलेको छ
जसलाई तिमी शिरपोष बनाएर ठगिरहेछौ
मैलेचाहिँ आफन्त ! विषम, विषम भोगिरहेछु ।

*मलाई मन नपराउने आफन्तलाई,* पृ. ८

**च) स्वतन्त्रताको आकाङ्क्षा**

कवि विरही मानिस कसैको पराधीनता नस्वीकारी स्वतन्त्रतापूर्वक बाँच्न चाहन्छ भन्ने चाहना आफ्नै रचनामा यसरी प्रकट गर्छन्-

खानलाई बाँच्ने र बाँच्नलाई खानेको
विषम दूरीमा, भग्नावशेष
पुर्खाको पौरख
र अस्मिता च्यापेर बसेको
कहीँ कतै नेपाल छ कि ?

*शहीद र बारुद,* पृ. ३४

## ४.३.५ भावविधान

**भित्ताको रङ** कविता सङ्ग्रहभित्रका कवितामा प्रजातन्त्र प्राप्तिपछि पनि देशको अवस्था बिग्रँदै गइरहेको क्षयोन्मुख मानवीय अस्तित्त्व, नेपाली सभ्यता, संस्कृति र स्वाभिमानप्रति चिन्ता भाव प्रकट भएको छ । जनताको त्याग र बलिदानीबाट प्राप्त प्रजातन्त्रमा जनतालाई सुखभन्दा दुःख नै दिने शासकहरू र दशवर्षे माओवादी जनयुद्ध एवं त्यसले पारेको असरप्रति कविले दुखानुभुति व्यक्त गरेका छन् । समग्र कृतिको रस विधानगत स्वरूपलाई हेर्दा यस सङ्ग्रहका धेरैजसो कविताहरूमा करुणरसको अभिव्यक्ति प्रकट भएको पाइन्छ । उनका कविताहरूमा करुण रसको अभिव्यक्ति यसरी प्कट भएको छ-

टोपी लगाएर
बहादुरको स्वाभिमानमा
फुल्ने बिर्खबहादुर
आजभोलि

मणि हराएको सर्पजस्तै
टोपीको मायामा
स्वाभिमान खोज्दै
भौँतारिएको छ ।

*बिर्खबहादुरको टोपी,* पृ. ३

शोषक सामन्तहरूले श्रमजीवी जनताहरूको श्रम शोषण गरी अन्याय, अत्याचार गरेको र अन्याय सहन विवश नेपाली जनताहरूलाई जिउँदा लासका रूपमा प्रस्तुत गरेर कविले करुण रसको अभिव्यक्ति यसरी प्रकट गरेका छन्-

सौम्य शान्त र क्लान्त मानिस
आफ्नै अङ्गमा ठुँडा गाड्दा
ऐऽऽया आत्थु दुख्यो केही नबोली
एकाग्र आकासतिर टोलाएर
एउटा सूर्यको टुक्रो हेर्दै
हिमालको काख भन्नुको अर्थ
लमतन्न सुतेको समयमा
व्यतित मान्छेहरूको बथान ।

*जिउँदा लाशमाथि गिद्धहरू,* पृ. ३९

## ४.३.६ लय

प्रस्तुत कृतिका कविताहरूमा परम्परित शास्त्रीय छन्दमा कुनै पनि कविताहरू रचिएको पाइँदैन । यसभित्रका *मन* कविता गीति लयमा छ भने अरू सबै मुक्त लयमा लेखिएका छन् ।

क) गद्य कविताको एउटा उदाहरण

पुर्खाले ठड्याएको भित्तो
पुर्खाको रगतले माटो मुछेर

कुशल मूर्तिकारले बुट्टा भरेर
उभ्याइदिएको सुन्दर पर्खाल
आँसुले भिजेर पग्लन थाल्यो
रगतले भिजेर पग्लन थाल्यो ।

*भित्ताको रङ,* पृ. ७५

ख) गीतिलयको कविता- गीतको लयमा लेखिएको कवितालाई गीतिकविता भनिन्छ । गीति कविताको उदाहरण-

पानी पऱ्यो शीत जस्तो तिम्रो केश भिज्यो
मनै भिज्यो दूबो जस्तो जिन्दगी नै भिज्यो
दुधजस्तो सफा मन ढाक्यो केले केले
मन छैन आफैसँग लग्यो केले केले ।

*मन,* पृ. ५७

## ४.३.७ भाषाशैली

कवि रेशम विरहीको **भित्ताको रङ** कविता सङ्ग्रहको भाषा सरल, सहज र स्वभाविक छ । कविले भावप्रवाहलाई गति दिन कवितामा तत्सम, तद्भव र केही आगन्तुक तथा झर्रा नेपाली शब्दको उचित विन्यासीय सन्तुलन मिलाएर भाषाशैली निर्माण गरेका छन् । सरल बिम्ब तथा प्रतीक प्रयोग गरी लेखिएका यी गद्य कविताहरू अत्यन्तै रोचक शैलीका रहेका छन् । उनका कविता छोटा, छरिता र राजनीतिक तथा सामाजिक विकृतिप्रति तीव्र व्यङ्ग्यले भरिएका छन् । समग्रमा भन्दा यस कृतिभित्र कविताहरूको भाषाशैली, बिम्बात्मक, प्रतीकात्मक भैकन पनि कृत्रिमता रहित स्तरीय, सम्प्रेषणीय र स्वाभाविक नै छ ।

| तत्सम | तद्भव | आगन्तुक | झर्रा |
|---|---|---|---|
| संवेदना, पृ. ३९ | गिद्धहरू, पृ. ३८ | इथियोपिया, पृ. १७ | ठड्याएको, पृ. ७२ |
| प्रविष्ट, पृ. ३७ | जिन्दगी, पृ. १७ | वासिङ्टन, पृ. ३६ | बैंस, पृ. ४९ |
| स्तन, पृ. ११ | आँसु, पृ. १६ | बारुद, पृ. ३१ | उधुम, पृ. ७० |
| अपभ्रंश, पृ. ३३ | काख, पृ. ३९ | कोट, पृ. ४५ | फेता, पृ. ७१ |
| सादृश्य, पृ. ७३ | | | |

## ४.३.८ अलङ्कार प्रयोग

यस सङ्ग्रहभित्रका कविताहरूमा उपमा, रूपक जस्ता अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**क) उपमा अलङ्कार**

यस कृतिको कवितामा उपमा अलङ्कारको प्रयोग यस्तो छ-

शीतले भिजेको दूबो जस्तै

आँशुले भिजेको मनको

आँखा पुछेर

पहाडको मुखतिर

टुलुटुलु हेरेको छ ।

*थकाई,* पृ. १६

**ख) रूपक अलङ्कार**

प्रस्तुत कृतिका कवितामा रूपक अलङ्कारको प्रयोग यस्तो छ-

म देख्दैछु जिउँदा लासमाथि गिद्धहरू

लासको जुलुसबाट माथि उठेका

र लासहरू माथि नै ठुँडा गाडेर

मानिसको आकृतिमा गिद्धहरू ।

*जिउँदा लासमाथि गिद्धहरू,* पृ. ३०

**ग) अतिशयोक्ति अलङ्कार**

यस कृतिमा अतिशयोक्ति अलङ्कारको प्रयोग यस्तो छ-

फगत एउटा टोपीमा उसले

धेरै सूर्य र चन्द्र निल्यो

आधा भूगोलभर पाइताला खियाउँदै

बिर्खबहादुर बहादुर भयो ।

*बिर्खबहादुरको टोपी,* पृ. ३

## ४.३.९ बिम्ब र प्रतीक

बिम्ब र प्रतीकका प्रयोगले कविताको भावलाई ओजपूर्ण बनाउँदछ । कवि रेशम विरही आफ्ना कविताका भावहरूलाई विभिन्न बिम्ब र प्रतीकका प्रयोगद्वारा गम्भीर तुल्याएर प्रस्तुत गर्दछन् । यस कविता सङ्ग्रहभित्रका बिम्ब र प्रतीक प्रयोग भएका कवितालाई यसरी स्पष्ट पार्न सकिन्छ-

चर्को घामले डढेर
असिना पानीले चुटिएर
आफ्नै शिरबाट निस्किएको
पसिना र वाफले गुम्सिएर
बिर्खबहादुरको टोपी
बिटबाट फाट्न थाल्यो

यस कवितामा चर्को घामले डढ्नु, असिना पानीले चुटिनु, शिरबाट निस्केको पसिना र बाफले गुम्सिनु र बिटबाट फाट्न थाल्नु वर्तमान समयको विकृति, विसङ्गति र क्षयोन्मुख अस्तित्त्वको प्रतिबिम्बित भावहरू हुन् भने बिर्खबहादुरको टोपीको टोपी चाहिँ नेपाली स्वाभिमान र राष्ट्रियताको प्रतीक हो । यसरी कविले प्रस्तुत कृतिको नामाकरण **भित्ताको रङ** र यसभित्रका कविताहरूमा धेरै बिम्ब र प्रतीकको सहजताले भावलाई निकै स्तरीय तुल्याएका छन् ।

## ४.३.१० निष्कर्ष

प्रस्तुत **भित्ताको रङ** कविता सङ्ग्रह कवि रेशम विरहीको दोस्रो पुस्तकाकार कृति हो । यस कविता सङ्ग्रहमा प्रयुक्त कविताहरूको भाषाशैली शिष्ट, स्तरीय र परिष्कृत देखिन्छ । विशेषतः अधिकाधिक बिम्ब र प्रतीकको सादृश्य शब्द प्रयोगले अनि तत्सम, तद्भव र झर्रा नेपाली शब्दहरूको उपयुक्त समन्वयले भाषालाई निकै ओजपूर्ण बनाएको पाइन्छ । सामाजिक चेतना, राष्ट्रिय चेतना, राजनीतिक, सामाजिक विसङ्गति, वर्तमान प्रजातन्त्रप्रतिको वितृष्णा, प्रणय चेतना, आत्मपीडा, संस्कृति प्रेम, मानव अस्तित्त्वको खोजी, पुर्खाहरूप्रतिको सम्मान, विश्व युगीन समस्या आदि विशेषताहरू यस कृतिमा प्रस्तुत

गरिएका छन् । कवितातत्त्वका दृष्टिले कविको प्रस्तुत कविता सङ्ग्रह उत्कृष्ट बन्न पुगेको छ ।

## ४.४ मङ्गली गुप्ताको पान कविता सङ्ग्रहको अध्ययन

मङ्गली गुप्ताको पान साहित्यकार रेशम बिरहीको साहित्यक यात्राको तेस्रो प्रकाशित साहित्यिक पुस्तकाकार कृति हो । यस कविता सङ्ग्रहको अध्ययन विभिन्न उपशीर्षकमा यसरी गरिएको छ-

### ४.४.१ शीर्षक

**मङ्गली गुप्ताको पान** प्रस्तुत कविता सङ्ग्रहको छैटौं कविता यस कविता सङ्ग्रहको नामाकरण गरिएको छ । यस कवितामा वर्तमान सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा व्याप्त विकृति, विसङ्गति र प्रजातन्त्र प्राप्तिपछि पनि नेपाली जनताहरूले भोग्नु परेका पीडा, व्यथा र दुरावस्थाको चित्रण गर्न एउटा सामान्य पान पसल गरेर कारुणिक जीवन बाँच्ने मङ्गली गुप्तालाई समग्र नेपालीहरूको प्रतिनिधि पात्रका रूपमा प्रस्तुत गरेर निम्छरा नेपाली जनताहरूको यथार्थ चित्रण गरिएकोले शीर्षक विषयका आधारमा सार्थक र औचित्यपूर्ण नै देखिन्छ ।

### ४.४.२ संरचना

मङ्गली गुप्ताको पान कविता सङ्ग्रहलाई संरचनागत रूपले हेर्दा यसभित्र विभिन्न आयामका १५ वटा गद्य कविताहरू सङ्कलित भएको ६४ पृष्ठको मध्यम आकारको कृतिको रूपमा देखा पर्दछ । वि.सं. २०६१ मङ्सिरमा भेरी साहित्य समाज नेपालगञ्जबाट प्रथम पटक एक हजार प्रति प्रकाशित भएको कवि रेशम विरहीको तेस्रो साहित्यिक पुस्तकाकार कृति हो । यस सङ्ग्रहका कवितामा एक पृष्ठदेखि २६ पृष्ठ र २६ हरफ देखि ५८५ हरफमा संरचित कविताहरू रहेका छन् । आन्तरिक संरचनागत दृष्टिले हेर्दा कृतिभित्रका विभिन्न आयाममा संरचित कविताहरूले वर्तमान समाजमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार, विकृति, विसङ्गतिको विरोध र सामाजिक न्याय, लैङ्गिक समानता, राष्ट्रिय अस्तित्त्वको रक्षा र देश र जनताप्रतिको आस्थाको भाव प्रस्फुटन गरेका छन् । प्रस्तुत सङ्ग्रहभित्रका कविताहरूको संरचनालाई तलको तालिकामा यसप्रकार देखाउन सकिन्छ ।

**तालिका सङ्ख्या-३**

| क्र.सं. | शीर्षक | पृष्ठ | लय | अनुच्छेद | हरफ |
|---|---|---|---|---|---|
| १ | प्रजातन्त्र र युवती | १-२ | गद्य | ३ | २८ |
| २ | पिपलबोट | ३- | गद्य | ६ | २६ |
| ३ | प्लाटुन कमाण्डर रीत बहादुर | ६-८ | गद्य | ४ | ६३ |
| ४ | वर्तमान | ९-१० | गद्य | ४ | २८ |
| ५ | माटो र बुट | ११-१३ | गद्य | ५ | ५१ |
| ६ | मङ्गली गुप्ताको पान | १४-१५ | गद्य | ४ | ४६ |
| ७ | स्वप्न दाह | १६-१७ | गद्य | ६ | ४३ |
| ८ | मानिसहरूको जङ्गल | १८-२० | गद्य | ६ | ५१ |
| ९ | दिलमायाको देशमा | २१-२२ | गद्य | ४ | ४८ |
| १० | सङ्केत संवाद | २३-२४ | गद्य | ४ | ४१ |
| ११ | समुन्द र इतिहास | २५-२६ | गद्य | ३ | ३७ |
| १२ | मृत्युको सपना | २७-२९ | गद्य | ६ | ६७ |
| १३ | भर्गो देवस्य धीमही धिया योनः प्रचोदयात् | ३०-३३ | गद्य | ७ | ९४ |
| १४ | कविताको गिरफ्तारी | ३४-३५ | गद्य | ७ | ८६ |
| १५ | विषयहीन तुरूप | ३६४४ | गद्य | ५५ | ५८५ |

## ४.४.३ केन्द्रीय कथ्य

प्रस्तुत सङ्ग्रह भित्रका कविताहरूका केन्द्रीय कथ्यलाई यस प्रकार देखाउन सकिन्छ -

*प्रजातन्त्र र युवती* कविता यस सङ्ग्रहको पहिलो कविता हो । कवितामा वर्तमान प्रजातन्त्रप्रतिको असन्तुष्टिको भाव प्रकट भएको पाइन्छ । वर्तमान प्रजातन्त्र जनतालाई सन्तुष्टि दिने भन्दा नेताहरूका निम्ति मागि खाने भाडो बनेको कविले जनाएका छन् । यस कवितामा वर्तमान प्रजातन्त्रलाई एउटा बृद्ध पुरुषसँग समरूपता देखाई संवाद प्रकृयाका माध्यमबाट असक्षम र निकम्मा सावित गरिएको छ ।

*पिपलबोट* कविता यस कविता सङ्ग्रहको दोस्रो कविता हो । यसमा पिपलबोटलाई राजतन्त्रको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । कविले कवितामा औचित्यहीन बनेको तीन शताब्दी पुरानो राजतन्त्रप्रति व्यङ्ग्य प्रकट गरेका छन् ।

*प्लाटुन कमान्डर रितबहादुर* कविता यस सङ्ग्रहको तेस्रो कविता हो । यस कवितामा वि.सं. २०५२ पछिको द्वन्द्वको चित्रण र द्वन्द्वका कारण नेपाली युवाहरूले भोग्नु परेको पीडा र मृत्यु नियति जस्ता विषयवस्तुले मूल कथ्य प्राप्त गरेको छ ।

*वर्तमान* चौँथो कविता हो । कवितामा विभिन्न कालखण्डमा कालरात्री समान निरङकुश शासन चलाएर नेपाली जनताका भावनामा कुठाराघात गर्ने शासकहरूका विरुद्ध सुनौलो प्रजातन्त्रको प्राप्तिका निम्ति लड्ने नेपाली साहित्यकारहरूको वर्तमान प्रजातन्त्रमा पनि कुनै मूल्याङ्कन नभएको विषयवस्तु केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ ।

*माटो र बुट* कविता यस सङ्ग्रहको पाँचौँ कविता हो । यस कवितामा शासकहरूको सामन्त चरित्रको स्थिति चित्रणले मूल कथ्य प्राप्त गरेको छ ।

*मङ्गली गुप्ताका पान* कविता यस कृतिको शीर्षक पनि हो । यसमा समष्टिमा नेपाली विपन्न वर्गका सामाजिक जनजीवनको समस्याको चित्रण गरिएको छ भने व्यष्टि रूपमा वर्तमान प्रजातन्त्रमा पनि नेपाली महिलाहरूले हिंसा, हत्या र असमानता जस्ता पीडा सहनु परेको कारुणिक चित्रण गरिएको छ ।

*स्वप्नदाह* कवितामा उन्मुक्त स्वतन्त्रताको भाव प्रकट भएको छ । स्वतन्त्रता र मुक्तिका लागि शासक र उच्च तहका कर्मचारीहरू पनि सडकमा आन्दोलन र नारा उराल्न पछि पर्दैनन् भन्ने मूल कथ्य रहेको यसमा समुन्नत भविष्यको आशावादी स्वर प्रकट भएको पाइन्छ ।

*मानिसहरूको जङ्गल* कवितामा हत्या, हिंसा र आतङ्क सिर्जना गरेर शासन गर्ने शासकहरूको दम्भ र अहंप्रति तिब्र व्यङ्ग गरिएको छ । मूलतः यसमा २०५८ सालमा भएको राजदरबार हत्याकाण्ड र ज्ञानेन्द्र शासनशैलीको विषयवस्तुले प्रमुखता पाएको देखिन्छ ।

*दिलमायाको देशमा* कवितामा गाउँमा बस्न र बाँच्न कठिन हुदै गएको अवस्थामा मानवोचित जीवनको खोजीका क्रममा सहर पसेका दिलमाया र दिलबहादुरको मोहभङ्ग भएको यथार्थतालाई झल्काउँदै सहरका बाटा घाटा जतातत‌ै भ्वाङ परेको बिम्बात्मक

प्रस्तुतिका माध्यमबाट कविले हाम्रो देशको राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक लगायत सबै क्षेत्रमा देखिएको दुरावस्थाको चित्रण गरेका छन् ।

*सङ्केत संवाद* कवितामा दश वर्षे राष्ट्रिय पीडा सन्त्रास र भययुक्त त्रासदी वातावरणको चित्रणले मूल कथ्य प्राप्त गरेको छ । युद्ध भनेको के हो ? भनेर प्रश्न राखेका शिशु र भित्तामा टाँसिएको आफ्नो मृत पतिको तस्विर हेर्दै त्यो संवाद सुनिरहेकी एउटी महिलाको कारुणिक वर्णन यसमा दशवर्षे जनयुद्धका छापहरू भयावह बनेर तेर्सिएका छन् ।

*समुन्द्र र इतिहास* कवितामा भेलबाढीका रूपमा फैलिदै आएको पाश्चात्य संस्कृतिका कारण पूर्वीय सभ्यता, संस्कृति र इतिहास क्षयोन्मुख हुन लागेको कथ्य प्रस्तुत गरिएको छ ।

*मृत्युको सपना* कवितामा कविमा आत्मग्लानीको भाव प्रकट भएको देखिन्छ । यसमा कविले आफ्नो सिर्जनधर्मिता र साहित्यलेखनप्रति सरकार, समाज र आफन्तहरूबाट तिरस्कार, अपमान र धम्की पाएकाप्रति अत्यन्त आहत बन्दै चिन्ताभाव प्रकट गरेका छन् ।

*भर्गोदेवस्य धीमही धियोयोन प्रचोदयात्* कवितामा राजनीतिक, सामाजिक र धार्मिक विकृति र विसङ्गति प्रति व्यङ्ग गरिएको छ । यसमा कविले केही गर्न र भन्न नसक्ने निर्जीव देवता रुपि मानवीय भ्रम र ती देवता र धर्मका नाममा विश्वमा भएका लाखौ. नरसंहार, लुटपाट, अन्याय अत्याचार, शोषण दमन र साम्प्रदायिक दङ्गदिको चित्रण गरेका छन् ।

*कविताको गिरफ्तारी* कवितामा विद्रोहात्मकता पाइन्छ । यसमा देश र जनताको भावनालाई अक्षरका रूपमा उतारेर निरङकुश तानाशाही प्रवृत्तिको विरोध गर्ने पत्रकार स्वतन्त्रता र साहित्यकारहरूलाई राज्य शासकहरूले गरेको हस्तक्षेप कार्य प्रतिको आक्रोश प्रकट गरिएको छ ।

*विषयहीन तुरूप* कविता प्रयोगवादी कविताको एक झलक पनि हो । लामो कविताका रूपमा संरचित प्रस्तुत कवितामा राष्ट्रले अहिले भोग्नुपरेको पीडा चोट र दुःखलाई कविले देखाएका छन् । समग्रमा भन्दा प्रस्तुत विषयहीन तुरूप कवितामा राजनीतिक, सामाजिक, धार्मिक, साँस्कृतिक रूपमा देखिएको विकृति र विसङ्गतिप्रतिको व्यङ्ग र राष्ट्रियता प्रतिको चासो देखाइएको छ ।

### ४.४.४ विषयवस्तु

कविलाई जीवन भोगाइका क्रममा जुन भाव वा विषयवस्तुले अन्तर्मनमा गहिरो प्रभाव पार्दछ त्यसैको केन्द्रीयतामा कविता सिर्जना गर्दछ । कवि विरहीमा पनि यिनै चिन्तन, धारणा, विचार, अनुभूति र अनुभवहरू कविताका मूल भाव बनेका छन् । कवि विरहीको प्रस्तुत कृतिको प्रकाशकीयमा नारायण शर्मा गैरेले विरहीका रचनाले निहित स्वार्थ सिद्ध गर्नका लागि जनतालाई प्रयोग गर्ने शासक, नेतृत्व पङ्क्ति धार्मिक, सामाजिक क्षेत्रका चिन्तक र क्रियाकलापका दृष्टिले निकृष्ट तथा बाहिरी तामझामले वरिष्ठ देखिने भुईफुट्टाहरूको पनि उछित्तो काडेका छन् भनी उल्लेख गरेका छन् ।[४०] त्यस्तै 'समयको साक्षीमा' श्यामलले 'यो कविता एक दशकको नेपालका राष्ट्रिय पीडाका साक्षी हुन्' भनेका छन् ।[४१] 'मङ्गली गुप्ताको पान' का सन्दर्भमा शीर्षकमा प्रमोद प्रधानले लामो कविता विषयहीन तुरूप सहित १५ वटा कविताको यस सङ्ग्रहमा कविले समाज र देश प्रतिको चिन्ता अत्यन्त महीन ढङ्गले काव्यात्मक आकारमा प्रस्तुत गरेका छन् भनी चर्चा गरेका छन् ।[४२] यसै पुस्तकको असहमतिको चरमोत्कर्ष, मङ्गली गुप्ताको पान शीर्षक लेखमा कवि विरहीले मानवीय संवेदना र नैसर्गिक दायित्व हराउँदै गएको सन्दर्भमा जीवनको सार्थकता खोज्नुपर्ने भएको छ भनी उल्लेख गरेका छन् ।[४३] यी विभिन्न लेखक समीक्षक र विद्वानहरूको विचार र कृतिको समग्र अध्ययन गर्दा प्रस्तुत कृति युगबोधी, जीवनबोधी र अस्तित्त्वबोधी चेतनको उपजका रूपमा यसलाई लिन सकिन्छ । यसमा विशेषतः सामाजिक, राजनैतिक र आर्थिक विसमताका चित्रहरू प्रतिबिम्बित भएको पाइन्छ । यस कविताका शीर्षक अनुसार प्रस्तुत कृतिमा वर्तमान प्रजातन्त्रप्रतिको असन्तुष्टि, राजतन्त्र प्रतिको वितृष्णा, सशस्त्रद्वन्दको चित्रण, विपन्न वर्गप्रतिको सहानुभूति, राष्ट्रियताप्रति चासो र धार्मिक, राजनीतिक र सामाजिक विसङ्गति प्रतिको व्यङ्ग जस्ता विषयवस्तु रहेका छन्, जुन यसप्रकार छन्-

#### क) वर्तमान प्रजातन्त्रप्रतिको असन्तुष्टि

वर्तमान प्रजातन्त्रलाई मागिखाने भाँडो बनाएर अतृप्त रहेका महाजनहरूको विवेकमाथि प्रश्नचिह्नको धारिलो व्यङ्ग प्रस्तुत गर्दै प्रजातन्त्र र युवतीका बीचमा

---

[४०] नारायण शर्मा गैरे, **प्रकाशकीय मङ्गली गुप्ताका पान,** नेपालगञ्ज : मेरी साहित्य समाज २०६६ ।

[४१] श्यामल, *समयको साक्षी,* **मङ्गली गुप्ताको पान,** पूर्ववत्, पृ. आवरण ।

[४२] प्रमोद प्रधान, **मङ्गली गुप्ताका पानका सन्दर्भमा,** पूर्ववत्, पृ. आवरण ।

[४३] रेशम विरही, **असहमतिको चरमोत्कर्ष, मङ्गली गुप्ताको पान,** पूर्ववत् ।

संवादको प्रकृया अगाडि बढाई अस्थिपञ्जर र निकम्मा बनेको वर्तमान प्रजातन्त्रप्रति कविले यसरी तिखो व्यङ्गको झटारो हानेका छन् -

तिमी बूढो छौ वा वयष्क

मलाई मतलब छैन,

बरु तिमी सम्भोगमा असक्षम छौ

तिमी नाम मात्रको पुरुष हौ,

पुरुषत्वको आवरणमा बाँचिरहेको

तिमी मात्र अस्थिपञ्चर हौ,

तिम्रो पौरुषत्व

अकर्मव्यतामा अनुवाद हुनु

समागमको उपहास हो ।

*प्रजातन्त्र र युवती*, पृ. १

**ख) राजतन्त्र प्रतिको वितृष्णा**

तीन शताब्दी पुरानो राजतन्त्रप्रति वितृष्णा भाव प्रकट गर्दै कवि बृद्ध विचार बोकेको राजतन्त्रको औचित्य हीनताप्रतिको व्यङ्ग यसरी व्यक्त गर्छन् -

गगनचुम्बी महलहरूका बीचमा

थोते दाँत देखाएर

आफ्नो वरिपरि बिक्री भइरहेका अखबारहरूमा

आफ्नै अनुहार देखेर हाँसिरहेको

र जवर्जस्ती बाँचिरहेको

र जबर्जस्ती बाँचिरहेको

नयाँ सडकको पीपलबोट

अब त साँच्चै बूढो भएछ ।

*पिपलबोट*, पृ. ५

### ग) सशस्त्र द्वन्द्वको चित्रण

२०५२ साल पछिको दशवर्षे द्वन्द्वको चित्रण र द्वन्द्वका कारण नेपाली युवाहरूले भोग्नु परेको पीडा र मृत्यु नियतिलाई कविले आफ्नो रचनामा यसरी व्यक्त गरेका छन् -

बिहानको मिर्मिरेमा
जुठेल्नामा बसेर ताप्के माभ्भिरहेकी
आमालाई पुलुक्क हेरेर
लुसुक्क हिडेको रीतबहादुर
साँझ घर फर्किएन
लोग्नेको वियोगले छट्पटाइरहेकी फूलमती माथि अर्को बेदना थपियो ।

*प्लाटुन कमाण्डर रीतबहादुर,* पृ. ६-७

### ङ) श्रमजीवी नेपाली जनताहरूको दुरावस्थाको चित्रण

वि.सं. २०४६ पछिको वर्तमान प्रजातन्त्रमा पनि नेपाली श्रमजीवी जनताको स्थितिमा सुधार नआएको ज्युँका त्युँ रहेको र नेपाली जनताका नाममा नारा जुलुस र आन्दोलन भएपनि आर्थिक तथा सामाजिक विसमताको खाडल झन् चर्कदै गएको अवस्थाको चित्रण गर्दै कविले तराइली एउटा साधारण महिला मङ्गली गुप्तालाइ अघि सार्दै सम्पूर्ण श्रमजीवी नेपालीहरूको वास्तविकतालाई सरल तर बडो मार्मिक ढङ्गले यसरी प्रस्तुत गरेका छन् -

आकासमा मेघ गर्जिए पनि
धरती गरिबका नाममा जुलुस र नाराले चर्किएपनि
ऊ आफ्नो मुक्तिको सम्भावना यसैमा देख्छे
काला औलाहरू बाटामा चोब्दै
पानका बिडा बटरि रहन्छे
मीठा पानकी तमाखु पान
मङ्गली गुप्ता सोधिरहन्छे
मङ्गली गुप्ता हाँसी रहन्छे ।

*मङ्गली गुप्ताको पान,* पृ. १४

## च) धार्मिक तथा सामाजिक विकृति प्रतिको व्यङ्ग

आफ्नै गजुरमाथि गिद्धले लुछेपनि, आफ्नै आँगनमा रगत कुहिएर डुङ्डङ्ति गह्नाए पनि आफैलाई मन्दिर भित्रबाट उठाएर डलरसँग साट्दा पनि केही भन्न र गर्न नसक्ने निर्जीव देवतारूपि मानवीय भ्रम र ती देवता र धर्मका नाममा विश्वमा भएका लाखौं नरसंहार लुट, शोषण, अन्याय, अत्याचार, दमन र साम्प्रदायिक ढङ्गदिको व्यङ्ग चित्रण कविले यसरी गरेका छन् -

परेवाहरू काटिएर रगतको कुण्ड बन्छ
त्यही कुण्डमा नुहाउँदै मानिस देवतासँग साक्षात हुन्छ
त्यतिबेला मन्दिर बाहिरका कुष्ठ रोगीहरू
बेवारिसे बालक, बृद्ध, अपाङ्गहरूको चित्कार
परेवा काटिँदा काटिँदै निस्किएको दर्दनाक
चित्कारसँग मिसिएर मङ्गल ध्वनि बज्छ
भर्गो देवस्यधीमही धियोयोनः प्रचोदयात्

*भर्गोदवस्य धीमही*, पृ. ३३

## छ) राजनीतिक व्यङ्ग र राष्ट्रियता प्रतिको चासो

सत्ताको भरेङ चढ्ने नैतिकता शून्य अस्वस्थ राजनीतिक विकृति र विसङ्गतिको कारण आफ्नो अस्मिता गुम्न लागेको चिन्ताले नेपालरूपि आमाले आँशु बगाइरहेको पीडालाई आत्मसात् गदै कविले अत्यन्त मर्मस्पर्शी अभिव्यक्ति यसरी प्रकट गर्दछन् -

अहिले म देखिरहेछु
भित्तामा टाँसेको धूलो मैलो
माकुराले टोकेर विटहरू पनि
शनै शनै फाट्न लागेको
मेरी आमाको तस्विर
अस्मिता रक्षाको, अघोर कष्ट प्रद
प्रयत्नमा अनवरत

*विषयहीन तुरूप*, पृ. ५८

### ४.४.५ भावविधान

प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा विशेषतः राष्ट्र समाज र देशप्रतिको चिन्ता प्रकट गरिएको छ । कविता सङ्ग्रहको नामकरणमै कविले ज्यादै मार्मिक ढङ्गबाट नेपाली जनजीवनको कारुणिक चित्र प्रस्तुत गरेका छन् भने उनका केही कविताहरूमा श्रृङ्गार रस, भयानक रस, वीर रसको पनि छिटफुट प्रयोग पाइन्छ । यसमा प्रयुक्त रसहरू मध्ये करुण रसको प्रयोगलाई यसरी देखाउन सकिन्छ -

चिरा परेका कुर्कुच्चाहरूको
आँखाबाट ऊ सर्वत्र नियालिरहन्छे,
जीवनका हरेक देउरालीहरूमा
मन र तनको तादात्म्य
विषम विषम भोग्दाभोग्दै
न उसले रुनुलाई अर्थमानी
न उसले वेदनाको तात्पर्य बुझी

*मङ्गली गुप्ताको पान,* पृ. १५

यसै गरी उनले शृङ्गार रसको प्रयोग यसरी गरेका छन् -

भोग आतुर प्रजातन्त्र, अप्राकृतिक भोग गरिरहन्छ,
युवती तृप्ति खोजछे,
बेमेलको सम्भोगबाट, युवती कहिल्यै तृप्त हुन्न
सुकेको बाँसझैं खङ्ग्रङ्ङ दुब्लाउँदै जान्छे
प्रजातन्त्र भने सडकभरि आफ्नो
लगौंटी झुन्ड्याएर, अचम्मसँग उत्तेजित भइरहन्छ ।

*प्रजातन्त्र र युवती,* पृ. २

यस कवितामा प्रयोग भएको वीर रसको कविता यस्तो छ -

एक साँझ रीत बहादुर
एउटा अनौठो पोशाक लगाएर उक्लियो
र, कसिलो मुठी उचालेर, आमालाई अभिभावदन गऱ्यो ?

*प्लाटुन कमान्डर रित बहादुर,* पृ. ६

यस कवितामा हास्यरसको प्रयोग यस किसिमको छ -

आफ्नो भाग्य र भरोसा ठानेर
स्तुति भट्याउने भजनमण्डलीहरू पनि
थुप्रिनै गरेको
नयाँ सडकको पिपलबोट
अब त साँच्चै बूढो भएछ ।

*पिपलबोट*, पृ. ३

माथिको कवितामा भजन मण्डलीहरूको स्तुति प्रार्थनालाई हाँसोका रूपमा प्रयोग गरिएको छ ।

## ४.४.६ लय

'मङ्गली गुप्ताको पान' कविता सङ्ग्रहका सबै कविताहरूमा मुक्तलयका कविताहरूको प्रयोग पाइन्छन् भने शास्त्रीय छन्दको प्रयोग कुनै कवितामा पनि पाईदैन । जस्तै :

एकाएक बच्चा उफ्रँदै आयो
थुपुक्क काखमा बस्यो र सोध्यो
बा ! बा !! युद्ध भनेको के हो ?
चिउँडो समातेर मुन्टो बरार्दै
एकोहोरो जिद्दी गरिरह्यो
भन्नोस न भन्या युद्ध भन्या कस्तो हुन्छ ।

*सङ्केत संवाद*, पृ. २३

## ४.४.७ भाषाशैली

यस कविता सङ्ग्रहका सबै कविता गद्यमा रचिएका छन् । कविले भाव प्रवाहलाई गति दिन कवितामा तत्सम र तद्भव शब्दको उचित सन्तुलन मिलाएर भाषाशैली निर्माण गरेका छन् । स्वाभाविक रूपले यथा स्थानमा झर्रा शब्दको पनि प्रयोग गरिएको छ । कवितामा आवश्यकताअनुसारका चिह्नहरूको प्रयोग गरिएको छ । यस कवितामा

अनुच्छेदको अडानका रूपमा काँही पूर्ण विराम चिह्न नै प्रयोग गरिएको छ भने काही अल्पविराम चिह्नबाट नै पूर्ण विरामको काम गरेको पाइन्छ । समग्रमा भन्दा प्रस्तुत कृतिको भाषाशैली भाव, भाषा बिम्बप्रतीक र अलङ्कारहरूको उचित समन्वयले गर्दा पूर्वकृतिहरूका भाषाहरूका तुलनामा निकै स्तरीय र ओजपूर्ण छ । यति भइकन पनि भाषाशैली सरल सहज र बोधगम्य छ ।

## ४.४.८ अलङ्कार प्रयोग

यस कृतिमा सङ्कलित कविताहरूको अलङ्कार प्रयोगलाई निम्नानुसार चर्चा गरिन्छ ।

यस कृतिको कवितामा उपमा अलङ्कारको प्रयोग भएको कविता यस्तो छ-

कौडीको चौकी दाउ जस्तै
बाउन्न पत्तीको बादशाहको हुकुम तुरूप
बाबु साहेवलाई फापेको दाउ

*विषयहीन तुरूप,* पृ. ३६

उपमेय र उपमानका बीच अमेद सम्बन्ध देखाइन्छ भने रूपक अलङ्कार हुन्छ । रूपक अलङ्कार प्रयोग भएको कविता यस्तै छ -

रमिते मानिसहरूको जङ्गल हेर्दै
र जङ्गलको टाउकाहरूमा
टाप बजारेर
एउटा सानो आकाशमा
उडिरहेछ घोडा !

*मानिसहरूको जङ्गल,* पृ. २०

## ४.४.९ बिम्ब र प्रतीक

कविताको सफलता र प्रभावकारितामा बिम्ब र प्रतीक विधानको भूमिका महत्त्वपूर्ण हुन्छ । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा केही बिम्ब प्रतीक प्रयोग भएको पाइन्छ । केही बिम्ब प्रतीकको कवितांशहरू यस प्रकार छन् -

सहरका सडकहरूमा

सहरका भित्ताहरूमा

सर्वत्र भ्वाङ परेको

बाटोभरि खाल्डैखाल्डा

जतातत‌ै अस्तव्यस्त

*दिलमायाको देशमा*, पृ. २२

कवितामा जतातत‌ै भ्वाङैभ्वाङ, खाल्डैखाल्डा र अस्तव्यस्त जस्ना पदावलीहरूले देशको दुरावस्थाको बिम्बचित्रलाई प्रस्तुत गरेको छ ।

करिब तीन शताब्दी पुरानो

नयाँ सडकको पिपलबोट

अब त साँच्चै बूढो भएछ

(*पिपलबोट*, पृ. ३)

यस कवितामा बृद्धविचार बोकेको औचित्यहीन राजतन्त्रको प्रतीकका रूपमा पिपलबोटलाई प्रस्तुत गरिएको छ । यसरी यस कवितामा थुप्रै बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ ।

## ४.४.१० निष्कर्ष

प्रस्तुत **मङ्गली गुप्ताको पान** कविता सङ्ग्रह रेशम विरहीको साहित्यिक जीवन यात्राको तेस्रो पुस्तकाकार कृति हो । यस भित्रका कविताहरूमा नारीहरूप्रतिको सकारात्मक दृष्टिकोण, मुलुकको बिग्रँदो अवस्थाप्रति चिन्ता, जनताका भावना अनुरूपको प्रजातन्त्र प्राप्तिको उत्कट अभिलाषा, राजनीतिक, सामाजिक, सांस्कृतिक र राष्ट्रियताप्रतिको चासो जस्ता विचारहरू विरहीका कविताहरूमा समाविष्ट भएका छन् । कवि विरहीमा युगबोध, जीवनबोध र अस्तित्त्वबोधी चेतनाको उत्कर्षरूप प्राप्त गर्न सकिन्छ । स्तरीय र परिष्कृत भाषाशैलीमा बिम्ब र प्रतीकको प्रयोग गर्दै देश र समाजमा भएका र हुने गरेका विकृतिमाथि झटारो हान्नु र स्वतन्त्र समानता युक्त र समृद्ध समाजको चाहना राख्नु यस कविता सङ्ग्रहको उद्देश्य रहेको पाइन्छ । समग्रमा विभिन्न कविता तत्त्वका आधारमा

लेखिएको यो कृति अघिल्ला कृतिहरूका तुलनामा भाव र कलापक्षको संयोजनले यो कृति सबल र उत्कृष्ट बन्न पुगेको छ ।

## ४.५ सुन्दरवस्ती बालकाव्यको अध्ययन

### ४.५.१ बालकाव्यको सैद्धान्तिक परिचय

विशेषतः बालकाव्य भन्नाले बालबालिकाहरूका लागि मनोरञ्जन दिनुका साथै उनीहरूको शारीरिक, मानसिक एवं नैतिक विकासमा सहयोग पुऱ्याउन लेखिएका बाल रचना हुन् भन्ने बुझिन्छ । बाल साहित्यका बारेमा विभिन्न विद्वान्हरूले यसरी परिभाषित गरेका छन्- बालसाहित्य भन्नाले बालबालिकाको लागि लेखिएको वा बालबालिकाहरूले लेखेको साहित्यिक रचना भन्ने बुझिन्छ । बाल साहित्यिक रचना साहित्यको एक विशिष्ट प्रकार हो, जुन बालबालिकाका निम्ति मनोरञ्जनात्मक चित्रद्वारा चित्ताकर्षक दृश्य, पाठ्य सामग्रीमा आह्लादित, ज्ञान, सीप, चरित्र, प्रवृत्ति, निर्माणात्मक प्रच्छन्न सत् सन्देश वा मार्गनिर्देशन हो ।[४४] बाल साहित्य बालजगतको मनोरम साहित्यिक विधा हो । बाल साहित्यलाई आयुसीमाका आधारमा शिशु साहित्य, बालसाहित्य र किशोर साहित्य भनेको पनि पाइन्छ ।[४५] सुकोमल हृदयमा ज्ञानविज्ञानका गहिराइभन्दा गहिरा विषयहरूलाई सुकोमल भाषा एवं शैलीमा व्यक्त गरिएको सरल र सुबोध अभिव्यक्तिको कलिलो प्रभाव पार्ने सुललित साहित्यलाई बाल साहित्यको सङ्ज्ञा दिन सकिन्छ ।[४६] बालसाहित्य त्यो साहित्य हो, जो भाषा, विषयशैली प्रस्तुति सबै दृष्टिबाट बालबालिकाको रुचि, स्तर र ग्रहण क्षमता अनुरूप रचिएको हुन्छ । बालसाहित्यको उद्देश्य मनोरञ्जन नै हुन्छ तर यसले मनोरञ्जनका साथै उनीहरूको मानसिक, बौद्धिक तथा नैतिक विकासमा पनि सहयोग पुऱ्याउँछ ।[४७] यी सबै भनाइ र समष्टि अध्ययन पश्चात् बालसाहित्यलाई चिनाउनु पर्दा विभिन्न उमेर समूहका मनोरञ्जनात्मक, सिर्जनात्मक, लयात्मक, कथात्मक, ललित कवितात्मक, रङगीन चित्रहरूले

---

[४४] भिक्टर प्रधान, *बालसाहित्यको अर्थ, उद्देश्य र आधुनिकता,* **बालसाहित्य**, काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५३, पृ. ४ ।

[४५] चूडामणि बन्धु, *समाजमा बालसाहित्यको भूमिका,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५९, पृ. १ ।

[४६] नरेन्द्र चापागाईं, *आधुनिक परिवेशमा बालसाहित्य,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५३, पृ. ८ ।

[४७] रमेश विकल, *बालसाहित्य र लोककथा,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५९, पृ. ४ ।

चित्ताकर्षक र कलात्मक तरिकाले प्रकाशन गरिएका औत्सुक्यपूर्ण विविध विधाका कृतिहरू नै बालसाहित्य हुन् । यस्ता बालसाहित्यले बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, सांवेगिक, सिर्जनात्मक, सामाजिक एवं भाषिक पक्षहरूको सन्तुलित विकासमा महत्त्वपूर्ण सहयोग पुऱ्याउँछ ।

## ४.५.१.१ परिचय

साहित्यकार रेशम विरहीका साहित्यिक यात्राको तेस्रो चरण अन्तर्गत रचित **सुन्दरवस्ती** बालकाव्य विवेक सिर्जनशील प्रकाशन प्रा.लि. काठमाडौंबाट प्रकाशित भएको हो । यसमा कविको मङ्गलाचरणका रूपमा *वन्दना* शीर्षक रहेको छ भने त्यसभन्दा पछि शीर्षक नराखिएको तर एक, दुई, तीन, चार, पाँच गरेर पाँचवटा खण्डहरूमा छुट्याइएको छ र अन्त्यमा सन्देश शीर्षक राखिएको छ । रङगीन कलेवरमा शिरानतिर हिमालको दृश्य, त्यसदेखि तल पहाड र तराईका दृश्य, पानीको झरना, मैनाचरीले युक्त सुन्दर वातावरणले सज्जित मझौला आकारका सुन्दर घरहरूका दृश्य चित्रसहित कृति नामाकरण सुन्दरवस्ती अङ्कित गरिएको छ । त्यसदेखि तल्लो भागमा स्वस्थ र सभ्य प्रकृतिका पाँचवटा सुन्दर बालबालिकाहरू र लेखकको नाम अङ्कित गरिएको छ । यस आवरणबाट सुन्दरवस्तीका बालबालिकाको चित्रण गर्न खोजेको बुझिन्छ । यस पुस्तकको भित्री आवरण पृष्ठमा *मेरो भन्नु,* पृ. ३ मा “गाउँ शहरमा युवा र बालबालिका समेत कुलतमा लागेर जीवन बर्बाद भैरहेको देखेर मलाई औधि पिर लागेकोले यो सानो बालकाव्य लेखेको हुँ” भनी लेखकले लेखकीय उद्देश्य प्रस्ट्याएका छन् ।[४८] पृ. ४ को *भूमिका* लेखमा श्यामलले यस सानो किताबले तिमीहरूलाई सुन्दरवस्ती भन्ने सानो गाउँको बालबालिकाको चरित्र देखाउँछ । यसले के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने शिक्षा दिन्छ । कुलतमा लाग्ने हरिकृष्णले कति दुःख बेहोर्नु पऱ्यो, राम्ररी पढ्ने अरू साथीहरूले के के राम्रो काम गरे, हरिकृष्णले आफूलाई कसरी परिवर्तन गऱ्यो भन्ने कुरा दाजुले कवितामा लेख्नुभएको छ भनी श्यामलले लेखेका छन् ।[४९] प्रस्तुत कृतिमा कविताहरूका भाव अनुसारकै चित्र बनाएर उमेश श्रेष्ठले यस काव्यलाई अरू आकर्षक बनाएका छन् । प्रस्तुत काव्यका कविताहरूको अध्ययन यसप्रकार गर्न सकिन्छ ।

---

[४८] रेशम विरही, *मेरो भन्नु,* **सुन्दरबस्ती** बालकाव्य, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६८, पृ. ३ ।

[४९] श्यामल, *भूमिका,* **सुन्दरबस्ती** बालकाव्य, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., २०६८, पृ. ४ ।

### ४.५.१.२ संरचना

जम्मा छत्तीस पृष्ठमा संरचित प्रस्तुत बालकाव्य सात खण्डमा छुट्याइएको छ । विरहीले सुरुमा वन्दना शीर्षकबाट काव्यको प्रारम्भ गरेका छन् भन्ने सन्देश शीर्षकबाट कविताको अन्त्य गरेका छन्, जसमा सबै कविताहरू घटीमा एक पृष्ठदेखि बढीमा तीन पृष्ठसम्मका र कम्तीमा १६ पङ्क्तिदेखि बढीमा अठचालीस पङ्क्तिसम्मका रहेका छन् ।

### ४.५.१.३ विषयवस्तु

उनका यस बालकाव्यमा बालबालिकाको स्वभाव, आचरण, चरित्र एवं भविष्यसँग सम्बन्धित विषयवस्तु रहेका छन् । यस सानो किताबले बालबालिकाहरूलाई सुन्दरवस्ती भन्ने सानो गाउँको बालबालिकाको चरित्र देखाउँछ । यसले के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने शिक्षा दिन्छ । यसमा कविले असल आचरण र नैतिकतायुक्त नानीबाबुहरू गाउँमा जन्मिए भने मात्र गाउँठाउँको विकास हुन्छ, अनि मात्र देशको विकास हुनसक्छ भन्ने कुरा देखाउन खोजेका छन् । असल आचरण र आदर्श विचारले बालकहरू सुदर्शन र पवित्राजस्ता हुने र सानैदेखि खराब प्रवृत्ति र नकारात्मक सोचले ग्रसित बालबालिकाहरू हरिकृष्ण जस्तो बन्न पुग्छन् भन्ने उदाहरण दिँदै सम्पूर्ण बालबालिकाहरूलाई घरपरिवार, विद्यालय र समाजबाट नैतिकतायुक्त शिक्षा र आदर्श बानीव्यवहार सिकाउनु पर्छ भन्ने विषयवस्तुमा केन्द्रित कविका यस बालकाव्यमा बालप्रेम, सामाजिकता, मानवता, देशप्रेम, शैक्षिक चेतना, उपदेशात्मकता आदि मूलभाव प्रस्तुत गरेका छन् ।

#### क) बालप्रेम

बालकालिकाप्रति देखाउने स्नेह, सद्भाव र शुभेच्छा नै बालप्रेम हुन्छ । कवि रेशम विरहीले बालबालिकाहरूको बालक्रीडा, तातेबोली र हाँसो, निश्चल बानीव्यवहारबाट प्रफुल्लित भई बालबालिका नै ईश्वर हुन् र तिनले खेल्ने आँगन नै स्वर्ग हो भन्दै तिनै आजका साना बालबालिका भोलिको देशको रथ हाँक्ने कृष्ण र अर्जुन हुन् भनी बालप्रशंसा गरिएको कविता यस्तो छ-

तिमी खेल्ने आँगनभन्दा स्वर्ग अन्त छैन
तिम्रो हाँसो जति मीठो केही पाइँदैन ।

ईश्वर भन्ने कहाँ हुन्छ, तिमीभित्र हुन्छ
तिमी हाँसे धर्ती हाँस्छ, तिमी रोए रुन्छ
धरतीका नानीहरू सबै कृष्णजी हुन्
भविष्यका सारथी हुन् सबै अर्जुन हुन् ।

*वन्दना,* पृ. ७

**ख) सामाजिकता**

हरेक व्यक्तिमा सामाजिक दायित्व बोध हुनुलाई सामाजिकता भनिन्छ । कवि विरहीले आफ्नो रचनामा बालबालिकाहरूलाई सामाजिक दायित्व बोध गराउन झल्को दिने कविता यस्तो छ-

सुन्दरवस्ती गाउँभरि खुसियाली कति
गाउँ बने देश बन्छ सपूत जन्मेपछि
बूढापाका चौतारीमा बसी कुरा गर्छन्
समाज र सभ्यताको चर्चा पनि गर्छन् । (पृ. १९)

समयमा विचार बुद्धि नपुऱ्याए दुःख पाइन्छ भन्दै कवि यसरी व्यक्तिन्छन्-

कस्तो हुन्छ मानिसको मति बिग्रेपछि
समयमा बुद्धि विचार नपुऱ्याएपछि
साना नानीबाबुहरू असल बन्नुपर्छ
समाजको हित हुने काम गर्नुपर्छ । (पृ. २२)

**ग) मानवीयता**

कवि विरहीले बालबालिकाहरूमा मानवीयताको भाव जगाउन लेखेको कविता यस्तो छ-

शिवशर्मा डाक्टरको आँखा वरिपरि
पुराना ती यादहरू घुमे चित्रसरी
घृणा भयो अलिकति दया पनि लाग्यो
बालसखीभन्दा धेरै मानवता जाग्यो । (पृ. ३१)

**घ) देशप्रेम**

कवि विरहीले आफ्ना रचनामा आफूले प्राप्त गरेको सीप, श्रम, पौरख देशमै खर्चिनुपर्छ र राष्ट्रलाई समुन्नत गराउन पर्छ भनी बालबालिकाहरूलाई देशप्रेमको भावना जगाउन व्यक्त गरेको कविता यस्तो छ-

कवि लेखक पत्रकार विशेषज्ञ सबै
देशभित्रै बस्नुपर्छ जानुहुन्न कतै । (पृ. २५)

गोपीकृष्ण रामचन्द्र र पवित्राले पनि
बाचा गरे अब हामी गाउँ बस्छौँ भनी । (पृ. २७)

**ङ) उपदेशात्मकता**

संस्कार र संस्कृति राष्ट्रको पहिचान हुन्छ । कवि रेशम विरहीले यस बालकाव्य मार्फत बालबालिकाहरूलाई संस्कार र संस्कृतिको धनी बन्नुपर्छ, मितव्ययी बनी राम्रो आचरणको विकास गर्नुपर्छ, सभ्य, सुयोग्य र नैतिकवान बन्नुपर्छ भन्दै र अग्रज आचारवान् राजनेता र अग्रज साहित्यकारहरूप्रति श्रद्धा प्रकट गर्दै यसरी उपदेश गरेका छन्-

गर्नुहुन्न छुचो बानी मीठो बोली बोल
हरिकिस्ने जस्तो होइन हरिबाबु वन
विपी जस्तो महामानव पुष्पलाल जस्तो
गणेशमान मनमोहन पारिजात जस्तो । (पृ. ३६)

फाल्तु खर्च गर्ने होइन मितव्ययी वन
संस्कार र संस्कृति हो सबै तिम्रो धन
तिमी ज्ञानी भयौ भने गाउँ ज्ञानी हुन्छ
सबै ज्ञानी भए देश भाग्यमानी हुन्छ । (पृ. ३६)

### ४.५.१.४ भाषाशैली

यस बालकाव्यका कविताहरूको भाषाशैली बालोपयोगी, सुबोध्य र सरल भाषाको प्रयोग देखिन्छ । चुपचाप, ढाँटीढाँटी, मिठोमिठो, बाबुनानी, सानीसानी, छुनमुन जस्ता बालप्रीय तद्भव र झर्रा नेपाली अनुकरणात्मक शब्दहरू कविताहरूमा प्रयोग गरिएका छन् । कुनै कुनै कवितामा बस्थ्यो, हुन्थ्यो, हाँस्थ्यो जस्ता अभ्यस्तभूत पक्षको क्रियाको प्रयोग भए पनि अधिकांश कवितामा सामान्य पक्ष र आज्ञार्थक क्रियाको प्रयोगद्वारा भाषालाई सरल तुल्याइएको छ । अन्त्यानुप्रास अलङ्कारको सफल प्रयोगद्वारा भाषालाई सरल र कर्णप्रीय बनाइएको छ । समग्रमा प्रस्तुत कृतिका कविताहरू कोमल पदावलीयुक्त सरल भाषाशैलीको प्रयोगले सुबोध्य र बालरुचि जगाउने खालको देखिन्छ ।

### ४.५.१.५ छन्द, अलङ्कार

कवि रेशम विरहीको यस **सुन्दरवस्ती** बालकाव्यका कविताहरू गीतिलयमा लेखिएको कविता हो । बालबालिकाका निम्ति लेखिने बालसाहित्यिक कृतिहरूमा प्रायः गीति लयमा नै लेखिएका हुन्छन् । त्यसैले एउटा प्रबुद्ध कवि विरहीले पनि बालमनोविज्ञान अनुसार नै गीतिलयमा कविता रचना गरेका छन् । यस्तै गरी साहित्यका नवरस मध्ये कुनै रसको पनि प्रयोग यहाँ छैन । बरु कविले यी कविताहरूमा बात्सल्य रसको प्रयोग भने गरेका छन् । जस्तै-

ईश्वर भन्ने कहाँ हुन्छ तिमी भित्रै हुन्छ,
तिमी हाँसे धर्ती हाँस्छ तिमी रोए रुन्छ । (*वन्दना,* पृ. ७)

यस बालकाव्यका कवितामा अन्त्यानुप्रास शब्दालङ्कारको प्रयोगलाई अधिक स्थान दिएका छन् भने कतै-कतै उपमा अलङ्कारको पनि प्रयोग छ ।

**क) अन्त्यानुप्रास**

रिसराग छलकपट छैन सेतो कागज
देखेपछि टिपीहाल्ने तिखो तिम्रो मगज । (पृ. ७)

**ख) उपमा अलङ्कार**

लालुपाते फूलजस्तै खुसी ओठभरि
खेतीपाती गाई भैँसी बाख्रा गोठभरि । (पृ. ११)

यसरी उपर्युक्त कविताहरूमा कविताको अन्त्यमा आएका कागज, मगज, ओठभरि, गोठभरिले अन्त्यानुप्रास अलङ्कारलाई बुझाएको छ भने बालबालिकाको ओठलाई लालुपाते फूलको रूपमा समरूपता देखाएर उपमा अलङ्कारको प्रयोग गरिएको छ ।

## ४.५.१.६ चित्रको संयोजन

गीत, कविता, कथा, निबन्ध, तथा जुनसुकै विधामा बालसाहित्य लेखिए पनि सकेसम्म धेरै चित्र राखिनु पर्छ । अझ सकिन्छ भने शब्द वा अक्षर थोरै चित्रचाहिँ पेजभरिको हुनुपर्छ । एक रङगा चित्रभन्दा तीन रङगा चित्र हुनु बालकको लागि रुचिकर हुनेछ ।[५०] बालकहरूको रुचि जगाउन र पाठ्य सामग्रीमा ध्यानाकर्षण गर्न बालसाहित्यिक कृतिहरूमा चित्र हुनुपर्ने कुरा बालसाहित्यका क्षेत्रमा कलम चलाउने साहित्यकारहरूले सकारेका छन् । हुन पनि यस्ता सचित्र बालसाहित्यले नै बालबालिकालाई मनोरञ्जन दिनुका साथै रुचिकर पनि बन्दछ । कवि रेशम विरहीका बालकाव्यमा पनि कविताको भाव बुझाउन बालकहरूको रुचि र क्षेत्रअनुसारको वस्तुचित्र संयोजन गरेर यस बालकाव्यलाई आकर्षक बनाइएको छ । यस कृतिको पूर्व भाग र पश्च भागको आवरण कलेवर र चित्रहरू हिमाल, पहाड, तराई, छाँगा झरना, सुन्दर आकर्षक घरहरू, प्रकृतिका जन्तु जनावरहरूका चित्रहरू बहुरङगी र आकर्षक ढङ्गको देखिन्छ भने भित्री पाठ्यसामग्रीहरूका साथमा पनि बायाँपट्टि पानामा चित्र र दायाँपट्टि पानामा विषयवस्तु दिएर प्रस्तुत कृतिको नामाकरण अनुसारकै रङगचित्रहरूको उपयुक्त संयोजनद्वारा आकर्षक तुल्याइएको छ ।

## ४.५.१.७ निष्कर्ष

प्रस्तुत **सुन्दरवस्ती** बाल काव्य कवि रेशम विरहीको चौथो प्रकाशित साहित्यिक पुस्तकाकार कृति हो । लामो समयदेखि साहित्यिक यात्रा गर्दै आएका रेशम विरहीको यो सत्तरीको दशकमा उदाउन पुगेको प्रस्तुत बालकाव्य बालबालिका एवं प्रौढहरूका लागि समेत बहुपयोगी कृतिकारूपमा देखा परेको छ । समसामयिक परिस्थितिमा मेलखाने प्रस्तुत बालकाव्यमा सुकोमल पदावली र सुललित भाव व्यक्त गरेर कवि विरहीले विभिन्न समसामयिक विषयका बारेमा बालबालिकालाई ज्ञान दिने र सच्चरित्रको विकास गराउने

[५०] कुलमानसिंह भण्डारी, *बालसाहित्यमा चित्रकलाको आवश्यकता,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५९, पृ. २५ ।

जुन प्रयास गरेका छन्, यसबाट विरही सफल बालकविका रूपमा स्थापित भएका छन् । नेपाली बालसाहित्यका क्षेत्रमा प्रस्तुत बालकाव्यले एक इट्टा थप्न सहयोग पुऱ्याएको मान्न सकिन्छ ।

## ४.६ आधारभूत पत्रकारिता शिक्षाको अध्ययन

### ४.६.१ परिचय

**आधारभूत पत्रकारिता शिक्षा** रेशम विरहीको साहित्येतर रचना हो । उनी पत्रकार पनि भएकोले उनको पत्रकारिता सम्बन्धी लामो अनुभव र विभिन्न सन्दर्भ सामग्री समेतको सहयोगमा पत्रकारिता सम्बन्धी सैद्धान्तिक चर्चा गरिएको यो पत्रकारिता विषयक पुस्तक हो । त्यसैले यस पुस्तकलाई विश्लेषणात्मक रूपमा गहन अध्ययन नगरी सामान्य परिचयात्मक अध्ययन मात्र गरिएको छ ।

### ४.६.२ संरचना

मानव अधिकार सचेतन मञ्च (एफा), बाँकेद्वारा प्रकाशित **आधारभूत पत्रकारिता शिक्षा** नामक पुस्तक रेशम विरहीले २०६० साल भदौ ४ गते प्रकाशित गरेका हुन् । प्रथम पटक ५०० प्रति प्रकाशित भएको यस पुस्तकको मूल्य संस्थागत १०० र व्यक्तिगत ५० रुपियाँ राखिएको छ । आवरण पृष्ठको अघिल्लो भाग गाढा नीलो रङ्गमाथि पुस्तकको नामाकरण र लेखकको नाम उल्लेख गरिएको छ, भने पछिल्लो आवरणमा नेपाल पत्रकार महासङ्घ, केन्द्रीय समितिका महासचिव विष्णु निष्ठुरी, नेपाल-भारत संयुक्त पत्रकार मञ्च ( नेपालका तर्फबाट) का पूर्णलाल चुके तथा नेपाल पत्रकार महासङ्घ बाँकेका सभापति निरजकुमार गौतम र प्रकाशकीयमा पूर्णचन्द्र उपाध्यायहरूले समीक्षात्मक टिप्पणी गरेका छन् । घटीमा एक पृष्ठदेखि बढीमा तीन पृष्ठाकारका १८ वटा उपशीर्षक रहेको यो कृति जम्मा ६३ पृष्ठको पुस्तकाकार कृतिका रूपमा रहेको छ ।

### ४.६.३ विषयवस्तु

पत्रकारिता सम्बन्धी सैद्धान्तिक चर्चा गरिएको रेशम विरहीको यो कृति क्रियाशील पत्रकारहरू, नवोदित सिकारु पत्रकारहरू र उच्च शिक्षामा पत्रकारिता विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूलाई पत्रकारिता सम्बन्धी सैद्धान्तिक ज्ञान दिनुका साथै तत्क्षेत्रमा लाग्ने

पत्रकार व्यवसायीहरूका लागि पठनीय र उपयोगी कृतिका रुपमा रहेको छ । यस पुस्तकमा सूचना सञ्चार क्षेत्रसँग सम्बन्धित निम्नानुसारका विषयवस्तुहरू समावेश गरिएका छन्-

आमसञ्चारको विकासक्रम, मुद्रण प्रविधिको इतिहास, पत्रकारिताको परिभाषा, समाचारको परिचय र लेखनशैली, फिचर र यसको लेखनसीप, सञ्चारमा अन्तर्वार्ताको महत्त्व र आवश्यकता, समाचार पत्रको आकर्षण पक्ष, सम्पादन र प्रुफरिडिङ, विशिष्टताका आधारमा समाचारपत्रको चयन र सम्पादकीय लेखन सीप, बाल पत्रकारको भूमिका र बालपत्रिका, पत्रकारहरूको आचारसंहिता र गुण तथा प्रजातन्त्रमा प्रेसको स्थिति र भूमिका जस्ता पत्रकारिता सम्बन्धी सैद्धान्तिक विषयवस्तुहरू रहेका छन् ।

## ४.६.४ उपशीर्षकहरू र यिनका सामान्य चिनारी

यस पुस्तकमा रहेका उपशीर्षक र यिनका सामान्य चिनारी यसप्रकार रहेका छन्-

**सञ्चार आम सञ्चार :** यस अन्तर्गत सञ्चार शब्दको व्युत्पत्ति, परिभाषा, सञ्चारका प्रकार, यसका प्रक्रिया तथा तत्त्वहरू र कार्यहरूबारे जानकारी दिइएको छ ।

**पत्रकारिता :** यस अन्तर्गत पत्रकारिताको सिद्धान्त, परिभाषा, पत्रकारहरूको परिचय, दिइएको छ ।

**विश्वमा पत्रकारिताको विकास :** यसमा ई.पु. ५९ तिरदेखि १९७० सम्मको विश्वपत्रकारिताको इतिहासक्रम देखाइएको छ भने नेपालको सन्दर्भमा भने १९०८ मा जङ्गबहादुर राणाले नेपालमा गिद्धेप्रेस भित्र्याएदेखि २०६० सम्मको स्थितिबारे चर्चा गरिएको छ ।

**छापाखाना प्रकाशन :** यसमा छापाखानाको परिचयसहित विश्वइतिहासमा ११२२ देखि सुरुभएको देखाइएको छ भने नेपालमा १९०८ देखिको अवस्थालाई प्रामाणिक काल भनिएको छ ।

**समाचार :** यसमा समाचारका बारेमा विभिन्न विद्वानहरूको पारिभाषिक दृष्टिकोण, समाचारका तत्त्व र प्रकार, समाचार लेखन सीपको जानकारी आदिबारे प्रकाश पारिएको छ ।

**फिचर :** यस अन्तर्गत फिचरको परिचय, फिचर लेखन, यसका सहायक तत्त्वबारेको जानकारी दिइएको छ ।

**अन्तर्वार्ता :** यसमा अन्तर्वार्तालाई समाचारको आवश्यक अङ्गका रूपमा लिइएको छ । यसका साथै अन्तर्वार्ताका वर्गीकरण र यसका महत्त्वबारे जानकारी दिइएको छ ।

**समाचार सम्पादन :** यसमा पत्रकारितालाई प्रभावकारी बनाउन आवश्यक पर्ने लेखनसीप, भाषा र शब्दहरूको चयन, प्रयोग, प्रस्तुतीकरण, चित्र तथा शृङ्गार, सम्पादन, विशिष्ट समाचार लेखन कला, सम्पादनमा हुनुपर्ने गुण तथा क्षमताका बारेमा प्रकाश पारिएको छ ।

**पत्रकारिता सम्पादक र सम्पादकीय लेखन :** यसमा समाचारको जानकारी, मौलिक विचार, विज्ञापन प्रकाशन, समाचार चयन, शीर्षक प्रयोग, सम्पादकीय लेखन, सम्पादकीय लेखन कला, उपसंहार आदि दिइएको छ ।

**असल समाचार दातामा हुनुपर्ने गुण :** यसमा समाचार बोध गर्ने क्षमता, वस्तुपरकता, सत्यता, जागरुकता, शीघ्रता, जनसम्पर्क र घुलमिल भाषाशैली आदिबारे जानकारी प्रदान गरिएको छ ।

**समाचार पत्रमा आकार तथा साजसज्जा :** यसमा संरचना, साजसज्जा, प्रारूप, लेआउटबारे उपाय र जानकारी दिइएको छ ।

**समाचार सम्पादन र प्रुफ रिडिङ्ग :** यसमा आकँडा तथा तथ्यहरूको जाँच, समाचारलाई छोटो छरितो र चुस्त बनाउने काम भ्रामक कुरालाई स्पष्ट पार्ने काम, सम्पादन चिह्न आदि बारे जानकारी दिइएको छ ।

**बालपत्रकारिता :** यसमा बाल रुचिअनुसारका पत्रिका प्रकाशन, भित्तेपत्रिका प्रकाशन, भित्तेपत्रिकामा समाचार लेखन, आकर्षण, विज्ञापनका विषय र कलात्मकता, सामग्रीहरूको स्थान निर्धारण आदिबारे जानकारी दिइएको छ ।

**विकास समाचार लेखन :** यसमा भौतिक विकासका सकारात्मक पक्षको पृष्ठपोषण र नकारात्मक पक्षको टिप्पणी आदिबारे जानकारी दिइएको छ ।

**प्रजातन्त्र र प्रेस :** यसमा प्रजातान्त्रिक व्यवस्थामा प्रेसको स्थिति, विचार स्वतन्त्रता, अन्तर्राष्ट्रिय मान्यता, नेपाली प्रेसको वर्तमान अवस्था, विश्वसनीयताको प्रश्न, सङ्कटकाल र विद्यमान अवस्थाबारेको  चित्रण गरिएको छ ।

**पत्रकार आचारसंहिता :** यसअन्तर्गत पत्रकारहरूको आचरण, स्वभाव, क्रियाकलाप, सकारात्मक सोचाइ, विचार आदिबारे हुनुपर्ने नियम मर्यादाका व्यवस्थाहरूको जानकारी गराइएको छ ।

### ४.६.५ भाषाशैली

क्षेत्र र विषय अनुसार भाषाशैली फरक-फरक पाइन्छ । साहित्यिक विषयमा झैँ सुललित र कोमल पदावलीको प्रयोग त्यति गरिँदैन । विरहीको यो पुस्तक साहित्येतर विषय भएकाले यसमा विवरणात्मक भाषाशैली रहेको छ । पारिभाषिक, प्राविधिक र न्याय कानुनसँग सम्बन्धित भाषाका साथै सूचना र सञ्चार क्षेत्रमा प्रयोग हुने, प्रुफ रिडिङ, सत्यतथ्य सम्पादन, वृतान्त, वर्णन, अन्तर्वार्ता, प्रेस, स्वतन्त्रता, जस्ता भाषाशैली यसमा रहेको छ । सन्दर्भ र प्रसङ्ग अनुसार तत्सम, तद्भव र आगन्तुक शब्दहरू पनि यथास्थानमा प्रयोग भएका छन् । समग्रमा भन्नुपर्दा विविध विषय र क्षेत्रहरूमा प्रयोग हुने भाषाशैलीको सम्मिश्रण यसमा रहेको पाइन्छ ।

### ४.६.६ निष्कर्ष

लामो समयदेखि व्यावसायिक पत्रकारिता क्षेत्रमा संलग्न रेशम विरहीले साहित्यिक कृतिका अतिरिक्त साहित्येतर विषयका कृति पनि रचना गरेका छन् । विशेषतः पत्रकारिता विषयमा सैद्धान्तिक चर्चा गरिएको विरहीका प्रस्तुत पुस्तक क्रियाशील पत्रकारहरू नवोदित पत्रकारहरू तथा पत्रकारिता विषय उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूका लागि समेत बहुपयोगी, ग्रहणीय र पठनीय कृतिका रूपमा देखापरेको छ र यसले पत्रकारिताको विकासमा पनि महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ परिचय

यस परिच्छेदमा रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्व अध्ययनको सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययनको परिच्छेदगत निष्कर्ष र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

## ५.२ पहिलो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा रेशम विरहीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन शीर्षक, शोधपत्रको परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोधशीर्षक, शोधको प्रयोजन, विषय परिचय, शोधसमस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधको क्षेत्र र सीमा, सामग्री सङ्कलन विधि, शोधविधि र शोधपत्रको रूपरेखा समेत उल्लेख गरिएको छ साथै यसमा समस्याकथनमा आएका समस्याहरूको समाधान गर्नमा नै यो शोधपत्र केन्द्रित रहेको छ ।

## ५.३ दोस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदअन्तर्गत साहित्यकार रेशम विरहीको जीवनी खण्ड रहेको छ । जुन खण्ड रेशम विरहीको चिनारी खण्ड पनि हो । जीवनी शीर्षकअन्तर्गत जन्म र जन्मस्थान, वंशपरम्परा, बाल्यकाल र उपनयन, शिक्षादीक्षा, विवाह तथा पारिवारिक स्थिति, आर्थिक अवस्था, आजीविका, कार्यक्षेत्रमा प्रवेश र कार्य, साहित्यिक लेखनमा प्रवेश र निरन्तरता, साहित्यिक मान्यता, सम्मान र पुरस्कार, सङ्घ संस्थामा आबद्धता, रुचि तथा स्वभाव, भ्रमण, दिनचर्या, सुखदुःखका क्षणहरू, ईश्वरप्रतिको आस्था र अन्त्यमा निष्कर्ष उल्लेख गरिएको छ । रेशम विरहीको जीवनी अनुकरणीय रहेको पाइन्छ । गोरखा जिल्लामा जन्मे पनि ५ वर्षकै उमेरमा चितवन आएका रेशम विरहीले जीवनमा अनेक सङ्घर्ष गर्दै अध्ययन गर्नु, राष्ट्र र राष्ट्रियताका लागि काम गर्न लाग्दा जेलजीवन बिताउनु परे तापनि उनी आफ्नो लक्ष्यबाट

विचलित नभई देश र जनताका पक्षमा लाग्ने व्यक्तिका रूपमा चिनिएका छन् । जीवनको जस्तोसुकै सङ्घर्षपूर्ण अवस्थामा पनि आफ्नो साहित्यिक तथा व्यावसायिक क्षेत्रलाई निरन्तरता दिइने रहेका उनले गरेका कार्यहरूलाई मूल्याङ्कन गर्दा उनको जीवन परिश्रमी र सङ्घर्षशील रहेको पाइन्छ ।

## ५.४ तेस्रो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार रेशम विरहीको बहुआयामिक व्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वमा साहित्यिक र साहित्येतर गरी दुई किसिमबाट चर्चा गरिएको छ । यसका साथै उनको व्यक्तित्वका विषयमा विभिन्न विद्वान व्यक्तित्वहरूको भनाइलाई पनि समावेश गरिएको छ । रेशम विरही अन्तर्मुखी स्वभाव भएका व्यक्तित्व हुन् । साहित्यिक व्यक्तित्वमा कवि, निबन्धकार, बालसाहित्यकार, गीतकार र भूमिका लेखक आदि व्यक्तित्वको परिचय दिइएको भए पनि उनको विशेष योगदान भने कवितामा रहेको भनी उल्लेख गरिएको छ र उनका प्रकाशित कविता सङ्ग्रहहरूको सामान्य परिचय दिइएको छ । साहित्येतर व्यक्तित्वमध्ये प्रमुख रूपमा पत्रकार व्यक्तित्वका रूपमा चिनाउँदै उनको पत्रकारिता विषयक पत्रपत्रिकाहरूको सूची समेत उल्लेख गरिएको छ । यसरी उनी एक व्यक्तिमा अनेक व्यक्तित्व भएकाले उनलाई बहुमुखी व्यक्तित्वका रूपमा लिइएको छ ।

## ५.५ चौँथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा साहित्यकार रेशम विरहीको कृतित्वको अध्ययन शीर्षक रहेको छ । यसै शीर्षकअन्तर्गत साहित्यकार रेशम विरहीको साहित्यिक यात्रा र कृतिपरक अध्ययन विश्लेषण गरिएको छ । यहाँ साहित्यिक यात्राका क्रममा विरहीले प्रकाशन सुरु गरेदेखि हालसम्मको समयलाई तीन चरणमा विभाजन गरी अध्ययन गरिएको छ । यसअन्तर्गत पहिलो चरण वि.सं. २०२५ देखि २०३७ सम्म रहेको र यस समयमा विरहीका विभिन्न पत्रपत्रिकाहरूमा लेखिएका रचनाहरूलाई समेटी एउटा कविता सङ्ग्रह प्रकाशित भएको छ । अनि दोस्रो चरण वि.सं. २०३८ देखि २०६७ सम्म रहेको छ । यस अवधिमा विरहीका साहित्यिक र साहित्येतर गरी चारवटा कृतिहरू प्रकाशित भएका छन् । यसै गरी तेस्रो चरण वि.सं. २०६८ देखि हालसम्म रहेको छ । यस अवधिमा विरहीका एउटा मात्र कृति प्रकाशित भएको छ । उनका यी तीन चरणअन्तर्गतका कृतिहरूमध्ये पहिलो र दोस्रो चरणका

कृतिहरूमा राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक आदि समस्या र दुखित पीडितका आवाजलाई समावेश गरेका छन् साथै पत्रकारिता विषयमा पनि चर्चा गरेका छन् भने तेस्रो चरणका कृतिमा बालबालिकाहरूलाई नैतिक सन्देश दिने उद्देश्यले बालकाव्य लेखेका छन् । उनका पहिलो चरणका कृतिहरूमा वैयक्तिक आवेग तीव्र देखिन्छ । भाषाशैली उस्तो सशक्त छैन । कविताहरू केही असम्बोध्य पनि छन् भने पछिल्ला दुई चरणमा लेखिएका कृतिहरू काव्यिक शिल्पद्वारा परिष्कृत हुँदै गएको देखिन्छ । मूलतः उनले लेखेका पछिल्ला दोस्रो चरणको कृति प्रौढ साहित्यमा उच्चकोटिको देखिन्छ भने अन्तिम चरणको बालसाहित्यिक कृति पाठ्यक्रममा नै समावेश गर्नलायक बालोपयोगी कृतिका रूपमा देखापरेको छ । यस चौँथो परिच्छेदमा यिनै चरणगत प्रवृत्तिका साथै उनका कृतिहरूलाई कविता तत्त्वका आधारमा अध्ययन गरिएको छ ।

## ५.६ समग्र निष्कर्ष

रेशम विरहीको जन्म वि.सं. २००९ मङ्सिर १ गते गोरखा जिल्लाको हर्मी गा.वि.स. वडा नं. ८ को डाँडागोब्रे भन्ने ठाउँमा भएको हो । यिनका पिताको नाम रेवतीरमण घिमिरे र माताको नाम अम्बिकादेवी घिमिरे हो । परिवारका छ सन्तानमध्ये काहिँला छोराका रूपमा विरहीको जन्म मध्यम वर्गीय किसान परिवारमा भएको हो । उनको बाल्यकाल मातापिताका साथमा अगाध स्नेहका साथ बितेको देखिन्छ । आफ्नै बाबुबाट साउँ अक्षर लेख्न, पढ्न, सिकेका विरहीले प्रारम्भिक शिक्षा अरूणोदय मा.वि. गीतानगर र प्रवेशिका परीक्षा नारायणी मा.वि. बाट २०३१ सालमा उत्तीर्ण गरेका हुन् । विविध कारणले प्रवेशिका पछिको पढाइलाई निरन्तरता दिन नसकेका विरहीले वि.सं. २०४१ मा त्रिभुवन विश्वविद्यालयबाट राजनीतिशास्त्र विषयमा स्नातक तहसम्मको पढाइ पूरा गरेका छन् । वि.सं. २०३३ सालमा साझा प्रकाशनको इलाम शाखा प्रमुखका रूपमा जागिरे जीवन सुरु गरेका यिनको तत्कालीन पञ्चायती प्रहरी प्रशासनले जागिर खोसेपछि २०३३ देखि २०३९ सम्म विभिन्न विद्यालयमा शिक्षण कार्य पनि गरेका देखिन्छन् । वि.सं. २०३०/०३२ आंशिक रूपमा व्यावसायिक रूपमा पत्रकारिता क्षेत्रमा लागेका यिनी २०३८ देखि पूर्ण रूपमा व्यावसायिक पत्रकारका रूपमा रहेका देखिन्छन् ।

वि.सं. २०३२ मा लक्ष्मीदेवी घिमिरेसँग विवाह बन्धनमा बाँधिएका रेशमका एक छोरी र दुई छोरा छन् । पुर्ख्यौली सम्पत्ति प्रशस्त भए पनि उनको आर्थिक स्थिति भने विरह

लाग्दो देखिन्छ । राजनीतिक रूपमा वामपन्थी राजनीतिमा लागेका यिनको राजनीतिक जीवन पनि निकै कष्टकर देखिन्छ । प्रजातन्त्र प्राप्तिपछि पनि सत्ताका नाइकेहरूको व्यवहार यथावत् रहेको जुन पार्टीको कार्यकर्ता भएर उनी लागेका थिए त्यो पार्टीका नेताहरूले पनि जनताको भावना नबुझी व्यक्तिगत स्वार्थमा सीमित भएको देखेपछि राजनीतिप्रति खिन्नता देखिने विरही साहित्य साधनामा भने निरन्तर क्रियाशील रहेको पाइन्छ ।

व्यक्तित्व विकासका सन्दर्भमा हेर्दा रेशम विरही बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनका व्यक्तित्वहरूमा कवि, गीतकार, निबन्धकार, सम्पादक, शिक्षक, प्रशासनिक, राजनीतिक, पत्रकार, सामाजिक आदि रहेका छन् । यी सबै व्यक्तित्वहरूमध्ये कवि, निबन्धकार, सम्पादक व्यक्तित्वमा उनलाई तुलनात्मक रूपमा सफलता मिलेको देखिन्छ । विशेषगरी निम्नवर्गका पक्षमा आवाज उठाउने, अन्याय, अत्याचार, बेथिति, विसङ्गति, विकृति, कुसंस्कार र राष्ट्रिय स्वाभिमानप्रति क्षयोन्मुख हुँदै गएको अवस्थालाई पटक्कै देख्न र सहन नसक्ने स्वाभिमानी प्रवृत्तिका विरहीले जीवन भोगाइका क्रममा देखे-भोगेका र सुनेका कुरालाई अनुभूत गर्दै आफ्ना अन्तर्मनका छटपटीहरूलाई सिर्जनाका माध्यमबाट अभिव्यक्त गर्ने गर्छन् ।

२०२८ सालमा वीरगञ्ज कलेज अफ एजुकेशनका विद्यार्थीहरूले निकालेको **उकालो** पत्रिकाको सम्पादन र त्यसैमा *उकालो किन तिमी गीत गाउँदैनौ ?* शीर्षकको प्रकाशन गरेर सार्वजनिक साहित्यका रूपमा यात्रा सुरु गरेका विरहीले कविता, गीत र निबन्ध विधामा कलम चलाएका छन् । त्यसमा पनि उनको विशेष योगदान कविता विधामा नै रहेको देखिन्छ । हालसम्म उनका तीनवटा कविता सङ्ग्रह, एउटा गीतिलयमा लेखिएको बालकाव्य र साहित्येतर कृति एक गरी ५ ओटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् भने अन्य प्रकाशित फुटकर लेख-रचनाहरू विभिन्न पत्रपत्रिकामा छरिएर रहेका छन् ।

कविता विधाबाट आफ्नो साहित्ययात्रा सुरु गरेका रेशम विरहीको कवि व्यक्तित्व अर्थात् कविताको क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण देखिन्छ । विरहीका रचनामा समाजमा व्याप्त विकृति, विसङ्गति, मानवीय जीवनको मूल्यहीनता, ठूला वर्गले निम्छरा वर्गमाथि गर्ने शोषण, दमन, अन्याय, अत्याचार, रातदिन मेहनत र मजदुरी गर्दा पनि एक पेट खान नपाउने अवस्था, धोखा, षड्यन्त्र, जनपक्षीय राज्यव्यवस्थाको स्थापनार्थका लागि प्राणोत्सर्ग गर्ने वीर शहीदहरूको अवमूल्यन, वीर पुर्खाहरूप्रतिको वेवास्था, सामाजिक दिशा हीनता, नारीहरूको पीडा, हर क्षेत्रमा व्याप्त राजनीतिक विकृति, शोषित पीडित वर्गप्रतिको

सहानुभूति, मानवीय मूल्य र अस्तित्त्वको खोजी गरेको पाइन्छ । उनका पछिल्लो चरणमा आएको कृति **सुन्दरवस्ती** बालकाव्यमा बालबालिकाहरूलाई नैतिक सन्देश दिने उद्देश्यले सरल भाषाको प्रयोग गरी मनोरञ्जनात्मक बालोपयोगी कविताहरूको प्रस्तुति पाइन्छ ।

यसप्रकार समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा रेशम विरहीका जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूलाई केलाउँदै तिनको सापेक्षतामा उनीद्वारा सिर्जित एवं प्रकाशित पुस्तकाकार कृतिहरूद्वारा काव्य विश्लेषणका सामान्य तत्त्वहरूका आधारमा यहाँ अध्ययन गरिएको छ । रेशम विरहीका कृतिहरू यदाकदा असम्बोध्य र असहज जस्तो देखिए पनि सामान्यतः सर्वसाधारण पाठकहरूले पनि बुभ्न सक्ने सरल र सहज नै अनुभूति हुन्छ । विरहीका प्रारम्भिक कृतिहरूमा विचार पक्षले कला पक्षलाई थिचेको जस्तो आभास हुन्छ भने पछिल्ला समयका रचनाहरूमा कलापक्ष र भाव पक्षको उचित संयोजन भएको पाइन्छ ।

जीवनको जस्तोसुकै परिस्थितिमा पनि विचलित नभइकन निरन्तर साहित्य साधनामा तल्लीन रहेर नेपाली साहित्यको श्रीवृद्धिमा एउटा इँट्टा थप्न सफल साहित्यकार रेशम विरहीको योगदान वास्तवमै उल्लेखनीय रहेको देखिन्छ ।

# सन्दर्भसामग्रीसूची

## क) प्रमुख सन्दर्भ पुस्तकसूची


विरही, रेशम, **मुलाको बोक्रा र आलीमुनीको भ्याउँकिरी,** चितवन : आरन त्रैमासिक परिवार, २०३७ ।

————, **भित्ताको रङ,** काठमाडौं : दिव्य प्रकाशन, २०५७ ।

————, **आधारभूत पत्रकारिता शिक्षा,** बाँके : मानवअधिकार सञ्चेतन मञ्च, २०६० ।

————, **मङ्गली गुप्ताको पान,** नेपालगञ्ज : भेरी साहितय समाज, २०६१ ।

————, **सुन्दरवस्ती,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन, २०६८ ।


## ख) सहायक सन्दर्भ पुस्तक सूची


अधिकारी हेमाङ्गराज र बद्रिविशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश** (दो.सं.), काठमाडौं : विद्यार्थी प्रकाशन, २०६३ ।

खनाल, नारायणप्रसाद, **समीक्षा प्रहर प्रहरका,** नवलपरासी : त्रिवेणी साहित्य परिषद्, २०६१ ।

गैरे, ईश्वरीप्रसाद र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता,** कीर्तिपुर : न्यू हिरा बुक्स इन्टरप्राइजेज, २०५९ ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताका प्रवृत्ति,** काठमाडौं : पैरवी प्रकाशन, २०६६ ।

————, **समकालीन नेपाली कविताका बिम्बपरक विश्लेषण,** ललितपुर : साझा प्रकाशन प्रकाशन, २०६६ ।

चापागाई, नरेन्द्र, *आधुनिक परिवेशमा बालसाहित्य,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५३ ।

न्यौपाने, चन्द्रप्रसाद, **छन्दकुञ्ज** (दो.सं.), काठमाडौं : काष्ठमण्डप पुस्तक घर, २०६७ ।

प्रधान, भिक्टर, *बालसाहित्यको अर्थ, उद्देश्य र आधुनिकता,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५३ ।

बन्धु, चूडामणि, *समाजमा बालसाहित्यको भूमिका,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५९ ।

विकल, रमेश, *बालसाहित्य र लोककथा,* **बालसाहित्य,** काठमाडौं : जनक शिक्षा सामग्री केन्द्र, २०५९ ।

लम्साल, रामचन्द्र र अन्य (सम्पा.), **साहित्यशास्त्र नेपाली समालोचना र शोधविधि,** काठमाडौं : भुँडीपुराण प्रकाशन, २०६३ ।

## ग) सन्दर्भ पत्रपत्रिकासूची

गैरे, ईश्वरीप्रसाद,*काव्यात्मक रूपमा जीवन दर्शन भएर आएको जीवनवादी आदर्श कविताका लागि आवश्यक छ,* संवाद, **शब्द संयोजन,** वर्ष ७, अङ्क १३, पूर्णाङ्क ८३, २०६७, पृ. ११ ।

कार्की, प्रतिरोध, *मनको पान बेचाइमा मङ्गली गुप्ताको पान,* **दिव्यदर्शन** साप्ताहिक, ज्येष्ठ ९ शनिवारको अङ्क, २०६१ ।

खनाल, किशोर, *देशको दुरावस्था विरुद्धको कविता मङ्गली गुप्ताकोपान,* **चितवन पोष्ट,** वर्ष ११, अङ्क ३७२, २०६५ असार १० ।

खनाल, दीपक, *भित्ताको रङभित्र लुकेको सत्य र स्वाभिमान* (समीक्षा), **नवशृङ्खला** राष्ट्रिय मासिक (अन्य नखुलेको) ।

खानीगाउँले, परशुराम, *मङ्गली गुप्ताकोपान नपचाउँदाको स्वाद,* **रोडम्याप** दैनिक, वर्ष १, अङ्क ४, २०६१ असार १० ।

गिरी, मधुसुदन, *युगीन यथार्थको प्रतिबिम्ब मङ्गली गुप्ताको पान,* **बुधबार** साप्ताहिक, (अन्य नखुलेको) ।

गैरे, नारायण शर्मा, *रेशम विरही : व्यक्तित्व र कृतित्व,* **नेपालगञ्ज एक्सप्रेस,** वर्ष २, अङ्क २८६, शनिवारको सौगत साउन १३, २०५८ ।

जेठा, बैरागी, *मङ्गली गुप्ताको पान चपाउँदाको स्वाद,* **छलफल** साप्ताहिक, वर्ष २२, अङ्क ३४, २०६१ असार १० ।

अज्ञात, *विरहीद्वारा पोतिएको भित्ताको रङ,* **जनमत** पत्रिका, असोज ५, २०५७ ।

बन्धु, सापकोटा, *जहाँ बस्यो त्यहीँ घर* (भलाकुसारी), **जनधारणा**, वर्ष १३, अङ्क ८, २०६१ जेष्ठ २१ ।

शार्दूल, सरोज, *बोधगम्य कविताहरू,* **अन्नपूर्ण पोष्ट** दैनिक, २०६१ जेठ १७ ।

————, *मङ्गली गुप्ताको पान,* **दृष्टि साप्ताहिक,** वर्ष २१, अङ्क ३३, २०६१, १५-२१ असार ।

श्यामल, *एउटा साथी पिङजस्तो हल्लिरहेको जिन्दगी,* **नागरिक अक्षर,** २०६७ भदौ ५ ।

स्तम्भकार, *अक्षर खेतीका सफल कृषक,* **द्वैमासिक पत्रिका**, वर्ष २२, अङ्क २, २०६७ असार-साउन, पृ.   ।

## परिशिष्ट : एक

# रेशम विरहीका फुटकर रचनाहरूको कालक्रमिक विवरण

साहित्यकार रेशम विरहीका पुस्तकाकार कृतिहरू बाहेक अन्य फुटकर रचनाहरू समय-समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आएका छन् । यस तालिकामा उनका पुस्तकाकार कृतिमा नसमेटिएका केवल पत्रपत्रिकामा मात्र सीमित रहेका फुटकर कविता र निबन्धहरूलाई कालक्रमिक रूपमा यस प्रकार प्रस्तुत गरिएको छ-

| क्र.सं. | कृतिका शीर्षकहरू | विधा | प्रकाशित पत्रिका | प्रकाशन वर्ष |
|---|---|---|---|---|
| १. | उकालो किन तिमी गीत गाउँदैनौ? | कविता | उकालो | २०२८ |
| २. | मेरो देश तिमीलाई कोटीकोटी नमस्कार | निबन्ध | युगवाणी, नेपागञ्ज | २०५८ |
| ३. | सगरमाथाको टुप्पोमा मृत्युको प्वाल | निबन्ध | दौँतरी, नेपालगञ्ज | २०५८ |
| ४. | मालती स्वीपर | निबन्ध | शब्द संयोजन | २०६२ |
| ५. | नदी र कुसुम संवाद | निबन्ध | नेपाली एक्सप्रेस, नेपालगञ्ज | २०६३ |
| ६. | माटो र किताब | निबन्ध | शब्द संयोजन | २०६४ |
| ७. | फूलहरू | निबन्ध | शब्द संयोजन | २०६७ |
| ८. | जेल सरुवा | कविता | शब्द संयोजन | २०६७ |
| ९. | थालथालमा सपना | कविता | शब्द संयोजन | २०६७ |
| १०. | थवाङ संलाप | कविता | गरिमा | २०६७ पुस |
| ११. | मन | कविता | गोरखापत्र | २०६७ माघ |
| १२. | नेपालगञ्ज | कविता | मधुपर्क | २०६८ वैशाख |
| १३. | साधनाको महानाटकीय यन्त्रशाला | निबन्ध | चरैवेति साप्ताहिक मासिक पत्रिका | २०६८ वैशाख |
| १४. | तिलस्मी संस्कृतिको स्कुलीन | निबन्ध | जनादेश | २०६८ भदौ |
| १५. | दासढुङ्गा | कविता | बुधबार साप्ताहिक | २०६८ भदौ |
| १६. | घाउहरूको आत्मकथा | निबन्ध | मधुपर्क | २०६८ असोज |
| १७. | स्वप्न दाह | कविता | चितवन पोष्ट जनमत विशेषाङ्क | २०६८ मंसिर |
| १८. | अध्ययनको संस्कृति | निबन्ध | चितवन पोष्ट | २०६८ माघ |
| १९. | आनन्ददेव र चितवन | निबन्ध | हाम्रो सिर्जना, बाह्रौं अङ्क, आनन्ददेव भट्ट अभिनन्दन अङ्क | २०६८ |
| २०. | तिम्रो यात्रा हाम्रो चिसो सपना | कविता | काभ्रे-चितवन जनमत विशेषाङ्क | २०६८ |
| २१. | पश्चिम पहाडकी श्वेत मालिका | कविता | बगर मासिक | २०६८ |

# परिशिष्ट : दुई

## शोधनायकको छायाचित्र




रेशम विरही

(जन्म : २००९ मङ्सिर १)

# परिशिष्ट : तिन

## रेशम विरहीले प्राप्त गरेका सम्मानपत्रका प्रतिलिपिहरु



तीर्थमान श्रेष्ठ (प) स्मृति साहित्य पुरस्कार समिति

बाँके (नेपालगंज)

सम्मान-पत्र

बाँके जिल्लाको साहित्य, संस्कृति र शिक्षाको क्षेत्रमा अमूल्य योगदान पुऱ्याउनु भएका साहित्य साधकका रुपमा ख्यातिप्राप्त विशिष्ट व्यक्तित्व ***श्री रेशम विरही*** ज्यूलाई २०५८ सालको तीर्थमान श्रेष्ठ (प) स्मृति साहित्य पुरस्कार स्वरुप रु. २१०१/- (दुई हजार एक सय एक रुपैयाँ) को धनराशी सहित यो सम्मान-पत्र प्रदान गरिएको छ ।

मुख्य अतिथि

नारायण प्रसाद श्रेष्ठ
अध्यक्ष
तीर्थमान श्रेष्ठ (प) स्मृति
साहित्य पुरस्कार समिति, बाँके

हिरादेवी श्रेष्ठ
संरक्षक
तीर्थमान श्रेष्ठ (प) स्मृति
साहित्य पुरस्कार समिति, बाँके



'शान्ति र लोकतन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रता'

नेपाल पत्रकार महासंघ

बाँके

कदर-पत्र

नेपाली पत्रकारिताले इतिहासकै संकटपूर्ण परिस्थिति ब्यहोरेको बेला नेपाल पत्रकार महासंघले सञ्चालन गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र नागरिक अधिकार बहालीको आन्दोलनमा तपाईं श्री **रेशम विरही** को भूमिकालाई महासंघ सम्मान गर्दछ । आगामी दिनमा समेत थप सक्रियता र सहयोगको पूर्ण अपेक्षा सहित प्रेस स्वतन्त्रताको आन्दोलनमा यहाँले पुऱ्याएको योगदानको उच्च मूल्यांकन गर्दै अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवशका अवसरमा यो कदर-पत्र प्रदान गरिएको छ ।

मिति: २०६३ बैशाख २० गते
नेपालगञ्ज

प्रेम के. सी.
सभापति



नेपाल सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय


क्षेत्रीय प्रतिभा पुरस्कार

२०६३

सम्मान-पत्र

नेपाली साहित्यको क्षेत्रमा यहाँको अनवरत साधना तथा अतुलनीय योगदानको उच्च कदर गर्दै यहाँलाई नेपाल सरकारद्वारा प्रदान गरिने वि.सं. २०६३ सालको "क्षेत्रीय प्रतिभा पुरस्कार" [illegible] बाट सम्मानित गरिएको छ।

| | | |
|---|---|---|
| [illegible] | पृथ्वी सुब्बा गुरुङ | गिरिजा प्रसाद कोइराला |
| सचिव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री | प्रधानमन्त्री |



प्रगतिशील लेखक सङ्घ, नेपाल


बाँकेशाखा, नेपालगन्ज

श्री रेशम विरही,
हर्मी -८, गोरखा,
हाल- नेपालगन्ज, बाँके ।

सम्मान-पत्र

तपाईंले प्रगतिवादी साहित्यिक लेखन एवं पत्रकारिताका माध्यमबाट नेपाली भाषा साहित्य र पत्रकारिताका क्षेत्रमा गर्नुभएको विशिष्ट योगदानको कदर गर्दै यो सम्मान-पत्र प्रदान गर्दछौं ।

| | | |
|---|---|---|
| इन्द्रबहादुर बस्नेत | पद्मप्रसाद शर्मा | हरिप्रसाद तिमिल्सिना |
| (सचिव) | (प्रमुखअतिथि) | (अध्यक्ष) |



दर्ता नं. ४३२/०५९-०६०

भेरी साहित्य समाज

नेपालगन्ज, बाँके

स्थापित : २०५९

सम्मान-पत्र

श्री रेशम विरही
मङ्गलपुर-७, रामपुर चितवन।

तपाईंले २०२८ सालदेखि नै कलम चलाउँदै मुलाको बोक्रा आली मुनिको झ्याउँकिरी (२०३७), भित्ताको रङ (२०५६), मङ्गली गुप्ताको पान (२०६०), सुन्दर बस्ती बालकाव्य (२०६८) जस्ता साहित्यिक कृतिहरू र आधारभूत पत्रकारिता शिक्षा (२०६१) जस्ता कृतिहरूका माध्यमबाट नेपाली भाषा साहित्य तथा पत्रकारिताको श्रीवृद्धि र विकासमा अनवरत रुपमा सक्रिय योगदान गर्दै आउनु भएको तथा २०५१ सालदेखि नेपालगन्जमा रही साहित्य एवम् पत्रकारिताका क्षेत्रमा विशेष योगदान गर्नु भएको र भेरी साहित्य समाजको स्थापनामा समेत उल्लेखनीय योगदान पुऱ्याउनु भएकाले तपाईंका समग्र योगदानहरूको उच्च सम्मान गर्दै भविष्यमा अझ बढी योगदान पुग्ने विश्वासका साथ यो सम्मान-पत्र प्रदान गर्दछौं।

तपाईंको दीर्घ जीवन, सु-स्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

| | | |
|---|---|---|
| कवीन्द्रराज भट्टराई | डा. गोपालप्रसाद शर्मा अधिकारी | हरिप्रसाद तिमिल्सिना |
| (सचिव) | (प्रमुख अतिथि) | (अध्यक्ष) |

संवत् २०६८ माघ २१ गते शुभम्।